# सिरहा चारघरेका मगर समुदायको सामाजिक तथा सांस्कृतिक अध्ययन

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत**
**नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग स्नातकोत्तर**
**उपाधिको आंशिक परिपूर्तिको लागि प्रस्तुत**

## शोधपत्र

**<u>प्रस्तुतकर्ता</u>**

**गंगा राई**

**रोल नं. : ३४७**

**त्रि.वि. दर्ता नं. : ३-१-३८-३३९-९८**

**नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग**

**२०७७**

सिरहा चारघरेका मगर समुदायको सामाजिक तथा सांस्कृतिक अध्ययन
गंगा राई
२०७७

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी र सामाजिक शास्त्र संकाय**

## नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग

**त्रि.वि.कीर्तिपुर, काठमाडौँ**

## सिफारिस पत्र

नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तहको छात्रा **गंगा राई**ले यस नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयको आठौँ पत्रको आंशिक आवश्यकता परिपूर्तिको लागि प्रस्तुत गर्नु भएको **सिरहा चारघरेका मगर समुदायको सामाजिक तथा सांस्कृतिक अध्ययन** शीर्षकको शोधपत्र मेरो मार्गदर्शनमा अनुसन्धानको नियम पालना गर्दै लगनशिलताका साथ तयार गर्नु भएको हो । प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

..............................

**डा. सन्ध्या खनाल पराजुली**

उप-प्राध्यापक

नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौँ

मिति : २०७७/०४/३२

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यक्ता परिपूर्तिको लागि तयार पारिएको हो । प्रस्तुत शोधपत्र मैले आदरणीय गुरुआमा डा. सन्ध्या खनाल पराजुलीको कुशल निर्देशनमा तयार पारेकी हुँ । शिक्षण तथा विविध व्यावहारिक कार्यको व्यस्तता हुँदाहुँदै पनि मलाई आफ्नो अमूल्य समय दिई शोध कार्यमा अभिप्रेरित गर्नुका साथै सचेत र सजग गराउँदै निरन्तरता प्रदान गरी प्रस्तुत शोधपत्रलाई यस रूपमा ल्याउन समुचित मार्ग निर्देशन गरिदिनु हुने शोध निर्देशक श्रद्धेय गुरुआमाडा. सन्ध्या खनाल पराजुलीप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोध शीर्षकमा अध्ययन गर्न स्वीकृति प्रदान गरी शोध लेख्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा. मदन कुमार रिमालप्रति हार्दिक आभार व्यक्त गर्दछु । शोधपत्र तयारीका क्रममा सामग्री सङ्कलनमा सहयोग गर्ने केन्द्रीय पुस्तकालयको कर्मचारी वर्गहरूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्र तयार गर्ने सिलसिलामा आफ्नो बहुमूल्य समय दिई आ-आफ्नो क्षेत्रबाट सहयोग, सल्लाह तथा निर्देशन दिनुहुने महानुभावप्रति कृतज्ञ छु ।

प्रस्तुत शोधपत्र तयारको सिलसिलामा तथ्याङ्क सङ्कलन कार्यमा सहयोग पुऱ्याउने सिरहा जिल्ला चारघरेका वडाबासीहरूमा हार्दिक धन्यवाद प्रकट गर्दछु । स्नातकोत्तर उपाधि प्राप्त गर्ने अन्तिम प्रक्रिया, शोधपत्र पत्रको तयारीलाई मैले मेरो जीवनको महत्त्वपूर्ण सफलता मानेको छु । यो सफलतालाई अगाडि बढाउन मेरा आदरणीय पुजनीय बुबा, आमा र मेरो श्रीमान्प्रति कृतज्ञ छु । त्यसैगरी शोधकार्यको प्राविधिक रूपमा सहयोग गर्नुहुने सुभाष खत्रीप्रति धन्यवाद दिन चाहन्छु । प्रस्तुत शोधपत्र नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग समक्ष पेश गर्दछु ।

.........................

गंगा राई

मिति : २०७७/०४/३२

# विषय सूची

**सिफारिस पत्र**

**स्वीकृति पत्र**

**कृतज्ञताज्ञापन**

**विषय सूची**

**तालिका सूची**

**अध्याय-एक**

**परिचय खण्ड**

| | |
|---|---|
| १.१ शोध संक्षिप्त परिचय | १ |
| १.२. समस्या कथन | २ |
| १.३. अध्ययनको उद्देश्य | ३ |
| १.४.शोधको महत्त्व | ३ |
| १.५. पूर्व सहित्य समीक्षा | ३ |
| १.६. शोधको औचित्य | ६ |
| १.७. अध्ययनको क्षेत्र र सीमा | ६ |
| १.८. अनसन्धान विधि | ६ |
| १.८.१. प्राथमिक स्रोत | ६ |
| १.८.१.१. प्रत्यक्ष अवलोकन तथा सर्वेक्षण | ६ |
| १.८.१.२. अन्तर्वार्ता | ७ |
| १.८.१.३. फोटोग्राफी | ७ |
| १.८.२. द्वितीय स्रोत | ७ |
| १.९ शोध लेखन विधि | ७ |

**अध्याय-दुई**

**सिरहा चारघरे क्षेत्रमा मगर समुदायको वसोवासको ऐतिहासिकता**

| | |
|---|---|
| २.१. सिरहा जिल्लाको परिचय | ८ |
| २.२. सिरहाको नामाकरण | ९ |
| २.३. सिरहा चारघरेका मगरहरूको आगमन | ९ |
| २.४. चारघरे क्षेत्रको परिचय | १० |
| २.५. सिरहा चारघरे वरपर रहेको प्रसिद्ध स्थलहरू | ११ |
| २.५.१ आकाश गंगा | ११ |
| २.५.२ गढिडाँडा | १२ |

२.५.३ गोला १३

२.५.४ पुरानो ईनार १४

२.५.५ गोलबजार १४

२.६ मगरहरुको उत्पत्ति र परिचय १५

## अध्याय-तीन

## सिरहा चारघरेका मगरहरूको मगरहरूको सामाजिक अवस्था

३.१. पारिवारिक अवस्था १७

३.२. पारिवारको किसिम १८

३.३. चारघरेको मगरहरुको लैङ्गिक अवस्था १९

३.४. चारघरेको मगर नारीको स्थान १९

३.५. चारघरे मगरहरूको शिक्षाको अवस्था २०

३.६. चारघरेका मगरहरूको स्वास्थ्य उपचारमा पहुँच २१

३.७. खानेपानी तथा सरसफाई २१

३.८. सडक र विद्युतीकरण २२

३.९. वातावरण र रहन सहन २२

३.१०. आर्थिक जीवन २२

## अध्याय-चार

## चारघरेका मगरहरूको सांस्कतिक जीवन

४.१. घरको बनावट २४

४.२. भेषभुषा २५

४.३. खानपान २६

४.४. भाषा २६

४.५. धर्म २७

४.६. चाडपर्व २७

४.६.१. बैशाख पूर्णिमा (कुलपुजा) २७

४.६.२. अषाडी पूजा २८

४.६.३. साउने सक्रान्ती र पितृ पूजा २८

४.६.४. तीज २९

४.६.५. दशैं २९

४.६.६. तिहार २०

४.६.७. छठ ३०

४.६.८. माघे संक्रान्ति ३०

४.६.९. फागुपूर्णिमा ३१
४.६.१०. गोठ पूजा ३१
४.७. चारघरेका मगर जातीको प्रचलित विभिन्न संस्कार ३१
४.७.१. जन्मसंस्कार ३१
४.७.२. न्वारन ३२
४.७.३ अन्नप्रासन ३२
४.७.४. छेवर ३२
४.७.५. गुन्युचोलो ३३
४.७.६. विवाह ३३
१) मागी विवाह ३३
२) प्रेम विवाह ३४
४.७.७. अन्तेष्टी संस्कार ३४
४.७.९ धामी झाँक्री ३५
४.८. लोक संस्कृति ३५
४.८.१. लोक गीत नृत्य ३६
४.८.२. मारुनी नाँच ३६
४.८.३. सोरठी ३६
४.८.४. लौ लौ भाका ३७
४.९. लोक बाजा ३७
४.९.१. मादल ३७
४.९.२. डम्फु ३८
४.९.३. खैजडी ३८
४.९.४.बाँसुरी ३८

**अध्याय-पाँच**

**चारघरेका मगरहरूमा आएको सामाजिक र सांस्कृतिक परिवर्तन**

५.१ सामाजिक परिवर्तन ३९
५.२ साँस्कृतिक परिवर्तन ४०

**अध्याय-छ**

**सारांश तथा निष्कर्ष**

६.१. सारांश ४३
६.२. निष्कर्ष ४४

परिशिष्ट-क अन्तवार्ता लिइएका व्यक्तिको नामावली

परिशिष्ट-ख अन्तवार्ताको कममा सोधिएका प्रश्नहरू

परिशिष्ट-ग सिरहा जिल्लाको नक्सा

सन्दर्भग्रन्थ सूची

सान्दर्भिक तस्वीरहरू

# तालिका सूची


| क.स. | विवरण | |
|---|---|---|
| १. | चारघरे क्षेत्रका मगरहरूको परिवार सम्बन्धि विवरण | १८ |
| २. | चारघरे क्षेत्रका मगरहरूको शैक्षिक अवस्थाको विवरण | २० |
| ३. | चारघरे क्षेत्रका मगरहरूको उपचार पद्धतिको विवरण | २१ |
| ४. | चारघरे क्षेत्रका मगरहरूको बनावट अनुसार घरहरूको विवरण | २५ |

# अध्याय-एक

# शोधपरिचय

## १.१. शोधको संक्षिप्त परिचय

नेपाल एक भौगोलिक विविधता भएको देश हो । भौगोलिक रूपमा सानो राष्ट्रको रूपमा रहेतापनि यहाँको भौगोलिक विविधता अतिरिक्त आफ्नै किसिमको अलग्गै मौलिक सामाजिक सांस्कृतिक विशेषताहरू रहेका छन् । यस देशका विभिन्न जनजातीहरूको आफ्नै मौलिकता, संस्कृति, परम्परा र रितिरिवाजहरू रहेका छन् । नेपालको इतिहासलाई हेर्ने हो भने यहाँ बसोबास गर्ने विभिन्न जाति र समुदायका मानिसहरू विभिन्न समयमा उत्तर र दक्षिणबाट नेपाल प्रवेश गरेका पाइन्छ । यसरी विभिन्न समयमा नेपाल प्रवेश गर्ने क्रममा विभिन्न जाति समुदायहरूले आफ्नो भाषा, धर्म र संस्कृतिलाई सँगै लिएर आए । यहि क्रममा नेपालमा जातीय विविधता देखा पऱ्यो । हरेक जाति जनजातिहरूको आ-आफ्नै जनजातीय विशेषता, सांस्कृतिक जीवनशैली र मूल्य मान्यताहरू छन् । राष्ट्रियताप्रति सबैको एकमत देखिन्छ र एक अर्का बिचको सामाजिक सहिष्णुता रहेको पाइन्छ । एक जातिको कला संस्कृति, धर्म तथा रीतिरिवाजहरूलाई अर्को जातिले अभिरूचि पूर्वक अवलोकन गर्ने गरेको पाइन्छ । नेपाली समाजमा अनेकतामा एकता रहेको छ ।

विभिन्न जनजातिहरूको साझा फुलवारीको रूपमा रहेको नेपालमा वि.सं. २०६८ को राजपत्रमा ६१ जनजातिमध्ये २६ जनजातिको विवरण खुलाइएको छ । जसमध्ये मगर, गुरुङ, दनुवार, तामाङ्ग, राउटे, नेवार, भोटे, वोटे, कुमाल, लिम्वु, राई, लेप्चा, दमाई, घान्द्रुक, चेपाङ, सुनुवार, राजवंशी, थारू, धामी, राजी, जिरेल, माझी, सेर्पा, थकाली र कुमाल रहेका छन् । वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसंख्याको ३५.६% अर्थात ६५ लाख ६२ हजार २ सय ६५ जनजातीहरूको जनसंख्या संख्या रहेको छ । विभिन्न जनजातिहरूमध्ये नेपालको हिमाली क्षेत्रमा मंगोलियन मुलका राई, लिम्बु, सेर्पा, भोटे, तामाङ, थकाली आदि जनजातिको बसोबास रहेको पाइन्छ । मध्यपहाडी भेगमा मगर, गुरुङ, नेवार, कुमाल, दमाई आदिको बसोबास रहेको छ । त्यस्तै दक्षिणी भेगमा मेचे, कोचे, चेपाङ, धिमाल, दनुवार, यादव, थारू, सतार, राजवंशी, मुसलमान, माडवाडी आदिको बाहुल्यता रहेको पाइन्छ (केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८, पृ. ३८) । यसरी भौगोलिक क्षेत्र अनुसार विभिन्न जातिहरूको छुट्टाछुट्टै वसोवास रहनुका साथै यिनीहरूको भाषा, धर्म, संस्कृति पनि भिन्ना भिन्नै रहेको छ ।

नेपालमा वसोवास गर्ने जनजातिहरूको संस्कृति भाषा, धर्म रहनसहन, रितिरिवाज आदि अवस्थाहरूलाई अध्ययन अनुसन्धान गरी त्यसको संरक्षण गर्नु, सम्पूर्ण जनजातिको साझा फुलवारीको रूपमा राष्ट्रलाई स्थायी बनाउनु हो । मगरहरू एकतामा विविधता र भाषिक रूपमा अठार मगरातमा पाम भाषा, बाह्र भाषा र काईके भाषा गरेर तीन किसिमका भाषाहरू बोल्दछन् (पुलामी मगर, वि.सं. २०७५, पृ.१३) । नेपालमा रहेका विभिन्न जनजातिहरूको जनसंख्या यसप्रकार रहेको छ । जसअनुसार

मगर १६,२२,४२१ (२०.१४%), थारू १५,३३,८७९ (६.७५%), तामाङ १२८२३०४ (५.६४%), राई ६,३५,१५१ (२.७९%), गुरुङ ५४३५७१ (२.३९ %), लिम्बु ३५९३७९ (१.५८%) शेर्पा १,५४,६२२ (०.६८%), धिमाल १९,५३७ (०.०९), भोटे १९२६१ (०.०८%), सुनुवार ९५२५४ (०.४२ %), राजवंशी ९५८२१ (०.४२ %), राउटे ६५८ (०.०० %), लेप्चा ३६६० (०.०२ %), चेपाङ ५२२३७ (०.२३ %) को जनसंख्या छ । (केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८, पृ.४०) ।

नेपालको विभिन्न आदिवासि जनजातिहरू मध्ये सबैभन्दा बढि जनसंख्या भएको आदिवासि जनजातिमा मगर पर्दछ (राना मगर, वि.सं. २०६६, पृ.१) । हाल सम्म पहिचान गरिएका जनजातिहरू मध्ये मगर जाति मुख्यत पहाडी क्षेत्रमा परापूर्व कालदेखि वसोवास गर्दै आएका जनजाति हुन् । मगरहरू मंगोलियन मुलका जनजातिमा पर्दछन् । मगरहरू इ.पू. २३०० तिर फिरन्ते जातिको रूपमा नेपालमा प्रवशे गरेका थिए । मगर नामाकरण हुनुमा विभिन्न विद्वान्हरूका तर्क यसप्रकार रहेको पाइन्छ ।

सन् १९९३ को पुण्य मल्लको ताम्रपत्रमा पनि महर शब्दको उल्लेख भएको पाइन्छ । भुगोल शास्त्रमा सप्तगण्डकी प्रदेशलाई बाह्र मगरात र यसैलाई महलोक भनिएको कुरा उल्लेख छ ।

नेपालका अन्य क्षेत्र जस्तै स्याङ्जा, तनहुँ, बाग्लुङ, रोल्पा, सल्यान, उदयपुर, इलाम, ओखलढुङ्गा, पाँचथर, धनकुटा आदिमा वसोवास गर्ने मगरहरूमा जस्तै चारघरेका मगरहरूमा पनि विभिन्न संस्कारहरू रहेका छन् । जस्तै जन्म संस्कार, मृत्यु संस्कार, कुल पुजा, अषाडी पुजा, वच्चा जन्माइ सकेपछि गरिने संस्कार, विवाह संस्कार आदि । यि सवै खाले संस्कारहरूमा जाँड रक्सी र मासुका महत्त्वपूर्ण रहेको हुन्छ । समाजमा हुने सवै खाले संस्कारहरूमा पुजारा, धामी झाँक्रि र जेष्ठ व्यक्तिको महत्त्वपूर्ण स्थान हुन्छ । मानिसहरू विरामी हुँदा स्वास्थ्य संस्था कम जाने गर्ने शुरूमा धामी, झाँक्री कहाँ गई उपचार गराउने प्रचलन छ ।

यस चारघरेमा वसोवास गर्ने मगरहरूमा नेपालका अन्य भु-भागमा वसोवास गर्ने मगरहरूमा जस्तै आफ्नै सामाजिक सांस्कृतिक संस्कारहरू पाइएको र मगर जातिको समाजिक तथा सांस्कृतिक अवस्थाका बारेमा हालसम्म कहिं कतैबाट अध्ययन भएको नपाइएकोले यस समुदायमा विगत केही समय देखि घुलमील हुँदै जाँदा मगर जातिको परम्परा र उनीहरूको मौलिक संस्कृतिबाट प्रभावित भएर यस क्षेत्रमा वसेका मगर जातिको सामाजिक-सांस्कृतिक  अवस्थाको खोजीगरी यस बारेमा खोज गरिएको छ ।

### १.२ समस्याकथन

नेपाल एक बहुभाषिक बहु धार्मिक तथा बहु जातीय देश हो । यहाँ बसोबास गर्ने अधिकांश जनजातिको आ-आफ्नो भाषा, भेषभुषा, धर्म, प्रथा, रितिरिवाज भएको पाइन्छ । सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक विविधता भएका जातीहरू मध्य मगर जाति पनि एक हो । नेपालको समग्र जिल्लाको बारेमा विभिन्न अध्ययन अनुसन्धान गरिए पनि सिरहा जिल्लामा अवस्थित चारघरेको मगर समुदायको अहिले सम्म सामाजिक तथा साँस्कृतिक अवस्थाको अध्ययन भएको नदेखिएकोले आजको दिनसम्म जे

जति सामाजिक तथा साँस्कृतिक गतिविधिहरू भइरहेका छन् त्यसलाई आगामी दिनमा भावी पुस्तालाई यसको महत्त्व बारे जानकारी दिनको लागि पनि यो अनुसन्धान जरूरी देखिन्छ ।

१. सिरहा चारघरेका मगरहरूको ऐतिहासिकताको खोजी नहुनु ।

२. सिरहाको चारघरेका मगरहरूको सामाजिकर साँस्कृतिक जीवनको अध्ययन नहुन ।

३. सिरहाको चारघरेका मगरको समाज र संस्कृतिमा आएको परिवर्तनको अध्ययन नहुनु ।

## १.३ शोधको उद्देश्य

मगर समुदायको सामाजिक तथा सांस्कृतिक अवस्थामा विविधता रहेको छ । भिन्न भिन्न समुदायमा वसोवास गर्ने मगर जातिको सामाजिक सांस्कृतिक पद्धति पनि भिन्न रहेको छ । तसर्थ यस अध्ययनको उद्देश्य अध्ययन क्षेत्रका मगरहरूको सामाजिक तथा सांस्कृतिक पक्ष भित्र रहेका निम्न कुराहरूको अध्ययन गर्ने रहेको छ ।

(क) सिरहाको चारघरेका मगरको एतिहासिकताको खोजी गर्नु ।

(ख) सिरहाको चारघरेका मगरको सामाजिक र साँस्कृतिक जीवनको अध्ययन गर्नु ।

(ग) सिरहा चारघरेका मगरहरूमा आएको सामाजिक र साँस्कृतिक परिवर्तनको अध्ययन गर्नु ।

## १.४ शोधको महत्त्व

नेपाल अनेकौं जातीय र जनजातीय विविधता वोकेको देश हो । कुनै पनि जाति जनजाति वा समुदायको सामाजिक तथा सांस्कृतिक पक्षको पहिचान गर्नु र व्याख्या विश्लेषण गर्नु एउटा महत्त्वपूर्ण कार्य हो । यस शोधपत्रले सिरहा चारघरे क्षेत्रका मगरहरूको सामाजिक जीवन शैली, मौलिक साँस्कृतिक परम्परा, समयको अन्तरालमा आएको परिवर्तन, जीविकोपार्जनका लागि अपनाइएका आर्थिक क्रियाकलापहरूको प्रकाश पार्दछ । यो अध्ययन भविष्यमा गरिने अनुसन्धानात्मक कार्यहरूका लागि समेत महत्त्वपूर्ण स्रोत हुन सक्छ । स्थलगत अध्ययन मार्फत उपयुक्त शोधविधिको प्रयोग गरिको हुनाले यस अध्ययनले अरु अनुसन्धान कर्ताहरूलाई समेत सहयोग पुऱ्याउन सक्छ ।

मगर संस्कृतिकै कारणले गर्दा नै उक्त स्थानको पहिचान र महत्त्व बारे जान्न सकिन्छ त्यसैले अनुसन्धानको निम्न महत्त्व रहेको छ ।

१. मगर जातिको सामाजिक तथा सांस्कृतिक जीवनबारे विस्तृत जानकारी दिनेछ ।

२. मूल थलोबाट बसाई सरी आउँदा समाज र संस्कृतिमा के-कस्तो परिवर्तन आउँछ त्यसको विश्लेषण गर्नु रहेको छ ।

## १.५. पूर्व साहित्य समीक्षा

नेपालमा बसोबास गर्ने मगरहरूको सामाजिक तथा सांस्कृतिक अवस्थाबारे विभिन्न स्वदेशी तथा बिदेशी विद्वान्हरूले विभिन्न लेख रचना र पुस्तकहरू प्रकाशित गरेका छन् । तसर्थ यस शीर्षकमा

केन्द्रित रहेर अध्ययन अनुसन्धानको शिलशिलाम विभिन्न लेख पुस्तक, पत्रिका, लेख, रचना अध्ययन गरियो । जसमा मुख्य रूपमा निम्न पुस्तकहरू अध्ययन गरिएको छ ।

१. विष्ट, डोर बहादुर (सन् १९७६) "पिपल अफ नेपाल" काठमाडौँ रत्नपुस्तक भण्डार । यस पुस्तकमा नेपालका मगरहरू भोट, वर्मेली परिवार रहेको उल्लेख गरिएको छ । यसै गरी नेपालको पश्चिमी भागमा बढी मात्रामा बसोबास गर्ने मगरहरू नेपालको पूर्व देखि पश्चिमसम्म फैलिएर रहेका छन् । यिनीहरूको मुख्य क्षेत्रलाई बाह्रमगरात भनिन्छ । जसमा लुम्बिनी, राप्ती र भेरी अञ्चल पर्दछन् । यिनीहरूको प्रमुख पेशा कृषि रहेको छ । यसका अलावा पशुपालन, काठको काम, भवन निर्माण, ढुंगाको काम आदि गर्दछन् । यिनीहरू प्रायः गरी गोर्खाली सेनामा भर्ना हुन रूचि राख्ने कुरा विष्टले उल्लेख गरेका छन् । उनीहरूले विवाह गर्दा केटीको घरमा सौगात पठाउँदछन्, पठाएको सौगात केटिपक्षबाट स्वीकार भएपछि विवाह पक्का भएको मानिन्छ । हिन्दु धर्म मान्ने मगरहरू बच्चा जन्मिएपछि १० दिन सम्म सुतक बार्दछन् र ११ औं दिनमा बच्चाको नाम राख्ने गर्दछन् । यसरी मगरहरूको विभिन्न सामाजिक, साँस्कृतिक विषयहरूमको बारेमा विष्टले उल्लेख गरेका छन् । त्यसैले मगर जातिको सामाजिक साँस्कृतिक अध्ययनको निम्ति यो पुस्तक महत्त्वपूर्ण छ ।

२. बराल, केशरजंग (वि.सं. २०५०), "पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति" काठमाडौं नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान । यस पुस्तकमा नेपालका मगरहरू पाँच समुहबाट नेपाल प्रवेश गरेका थिए । जसमा पहिलो समूह पश्चिम भेगबाट आएका मनाङ्वाका सन्तानहरू नै सर्वप्रथम २३०० इ.पु. तिर प्रवेश गरेका थिए । त्यस्तै दोश्रो समुह आसामबाट र पाँचौं समूह दक्षिण भेगबाट नेपालमा प्रवेश गरेका थिए । मगर जातिको उत्पत्ति चिनको सिम भन्ने स्थानबाट भएको र यिनीहरूलाई स्थानीय मानिसहरूले 'तानसाङ थापा' भन्दथे किनमेल तासनाको अर्थ उत्तर र आङको अर्थमा भन्ने हुन्छ । मगर समाजमा विभिन्न संस्कार र चाडपर्वमा नाचिने नाचहरू सोरठी, घाटु, कोछा र यौनाचका बारेमा पनि बरालले उल्लेख गरेका छन् । मगरहरूका विभिन्न थर र उपथरहरूका बारेमा बताएका छन् । जो यस प्रकार छन् : आले मगर, घर्ती मगर, थापा मगर, पुन मगर र राना मगर रहेको उनको भनाई छ । यसरी मगरहरूको नेपालमा आगमन र थर आदिबारे यस पुस्तकबाट जानकारी प्राप्त गर्न सकिन्छ ।

३.शर्मा, नरेन्द्र (वि.सं. २०५२) "नेपाली जनजीवन" काठमाडौँ : साझा प्रकाशन । यस पुस्तकमा मगरहरूको बसोबास मुख्यतया मगरातका नामले रहेको कुरा उल्लेख गरेका छन् । यस पुस्तकमा समग्र मगरहरूको जनजीवन, विवहा संस्कार, महिलाको स्थान, घरको बनावट, संस्कृति, सामाजिक जीवनको बारेमा यस पुस्तकमा राम्रोसँग उल्लेख गरेता पनि चारघरेको मगर जातिको सामाजिक सांस्कृतिक पक्षको बारेमा उल्लेख गरिएको छैन ।

४. आचार्य, महेशकुमार (वि.सं. २०५२) "रोल्पा जिल्लाको खाममगरहरूको सामाजिक संरचना" त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाण्डौं । यस शोधपत्रमा आचार्यले रोल्पा जिल्लाको खाममगरहरूको सामाजिक जिबनको विस्तृत रूपले अध्ययन गर्नुभएको छ । जसमा खाम मगरहरूले मनाउने चाडवाड,

उनीहरूले अपनाउदै आएको जीवनशैली, दिनचर्या, रहनसहन, खानपान, नाता सम्बन्ध, नाँच, आदि विषयलाई समेटेर राम्रोसँग वर्णन गर्नुभएको छ ।

५. श्रीष मगर, मिन (वि.सं. २०६७) "मगर जातिको चिनारी" आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, जावलाखेल ललितपुर । यस पुस्तकमा मगर जातिको परिचय, उनीहरूको सामाजिक संरचना र सम्बन्ध, धार्मिक प्रचलन आदिको बारेमाश्रीष मगरले राम्रोसँग बिस्तृत रूपमा वर्णन गरेका छन् । यस पुस्तकमा मगरहरूको परिचय, आगमन, इतिहास, भाषा, संस्कृति, धर्म, नांच, लोकगाथा लगायत विषयहरू धरान, सुनसरी र नाम्जे क्षेत्रको विशिष्ठ रूपले अध्ययन गरिएको पाएता पनि यस सिरहा जिल्लाको सम्बन्धमा केही लेख्नु भएको छैन ।

६. श्रीष मगर, रुद्रबहादुर (वि.सं. २०७२) "मगर जातिमा विधमान थर र प्रचलन"नेपाल मगर प्रवासी संघ नामक यस पुस्तकमा मगर जातीमा मुख्य सात थर थापा, राना, आले, पुन, बुढा, रोका, र घर्ती रहेको कुरा उल्लेख गरेका छन् । यस पुस्तकमा श्रीष मगरले मगरहरूको थर र उपथरहरू मात्रै बाह्सय पुग्ने भनेका छन् । त्यसैले यस पुस्तकले मगर जातिको प्रचलित थरको अध्ययन गर्न यो पुस्तकले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

७. बुढामगर, हर्षबहादुर (वि.सं. २०५३) "हाम्रो समाज एक अध्ययन"काठमाडौँ : हाम्रो साभ्ना प्रकाशन नामक पुस्तकमा मगरहरूको उत्पतिको बारेमा ईश्विको नवौ सताब्दीमा यूरालसवाट मग्यार घोडचढिहरूले हेगेरी अवस्थित देयूव र तिजामा आई वसोवास गरेका हुन । यसै गरी मगर भाषासँग मग्यार भाषाको शब्दहरू उच्चारणमा समानता रहेको बुढामगरले बताएका छन् । यसै गरी १६ औं शताब्दिको अन्त्य र १७ औं शताब्दीको शुरूमा मगरात देश भनि प्रसिद्ध पाएको पाल्पाको मानचित्र अहिले जस्तो सानो नभएर ठुलो थियो । यसको पूर्व सीमाना हालको कोशी नदी ८० किलो मिटरमा अवस्थित भ्कापा र भारतका पूर्वीया एव जलपाईगुडिसम्म पश्चिममा अर्घाखाँची र गुल्मीसम्म उत्तरमा मुस्ताङ्ग कोट र दक्षिणमा गंगा किनारा मुजफरपुर छपारा जिल्ला सम्म रहेको पाइन्छ । यसै गरी उनले मगरहरूलाई थापामगर, रानामगर र आलेमगर गरी ३ वटा थर र उपथरमा विभाजन गरेका छन् । जस्ले गर्दा यो पुस्तक मगरहरूको थरको बारेमा बुभ्कनको लागि महत्त्वपूर्ण रहेको छ ।

यी माथिका पुस्तक बाहेक अन्य पुस्तक पनि अध्ययन गरिएको छ । विभिन्न विद्वान्हरूले धेरै खोज अनुसन्धनबाट तयार गरेर पाठक सामु ल्याउनुभएको छ । उक्त पुस्तकहरू आफैमा ज्यादै उपयोगी र ज्ञानबर्द्धक छन् तापनि यसमा समेट्न नसकिएको प्रशस्त शीर्षक र विषयबस्तुहरू छन् । खास गरेर सिरहा जिल्लाको चारघरेमा केन्द्रित रहेर त्यहाँको मगर जातिको बारेमा अनुसन्धानको अभाब देखिएका कारणले यस क्षेत्रमा केन्द्रित रहेर अनुसन्धान गरिएको हो ।यस शोधपत्रमा सिरहा जिल्लाको चारघरेमा रहेको मगर जातिको सामाजिक र सांस्कृतिक पक्षलाई विस्तृत रूपमा उजागर गरिएको छ ।

### १.६.शोधको औचित्य

यो अध्ययनको लागि सिरहा जिल्लाको चारघरेलाई मूल अध्ययन क्षेत्रको रूपमा छनोट गरेको छ। नेपालमा सामाजिक र सांस्कृतिक विकासको लागि प्रशस्त अध्ययन र अनुसन्धानको खाँचो देखिएको छ । मगर समुदायको विषयमा पनि धेरै नै अध्ययन तथा अनुसन्धान भएको पाइन्छ । तर पनि उनीहरूको जिवन पद्दतिमा भने कुनै सुधार ल्याउन सकिएको छैन । त्यसैले मगर समुदायका मानिसहरूको सामाजिक र सांस्कृतिक सम्बन्धी अध्ययन तथा अनुसन्धान हुन जरूरी छ ।उनीहरूको हक अधिकार राज्यको मुल प्रवाहमा समाबेश गरिएको भए तापनि व्यवहारमा भने राज्यबाट प्राप्त मौलिक हक समेत कुन्ठित गरिएको आदि जस्ता विषयको अध्ययन भएतापनि उनीहरूको सामाजिक र सांस्कृतिक जस्ता विषयमा अध्ययन गरी अन्य जनजातिलाई प्रेरणा प्रदान गर्न सहयोग गर्दछ भन्ने कुरामा मैले विश्वास लिएको छु।

### १.७. अध्ययनको क्षेत्र र सीमा

अनुसन्धानको कार्यलाई निश्चित क्षेत्र निर्धारण गरी अध्ययन गरिएको छ । त्यसैले अध्ययनलाई सरल, सहज र प्रभावकारी बनाउन अनुसन्धानकर्ताले अध्ययनको विषयमा सीमा निर्धारण गरिएको छ । यसको निम्ति अध्ययन कार्यको थालनी गर्नुभन्दा अगाडि नै सीमा निर्धारण गरिएको छ । यस अध्ययन सिरहा जिल्ला चारघरे क्षेत्रलाई मात्र समेटिएको छ । यो अध्ययन मगर समुदायमासीमित रहेको छ । यो शोधपत्रमा ३० घरलाई नमुनाको रूपमा मात्र सीमित रहेको छ । यो अध्ययनले अन्य क्षेत्रको मगर जातिको सामाजिक र सांस्कृतिक अवस्थालाई प्रतिनिधित्व गरिएको छैन ।

### १.८. अनुसन्धान विधि

कुनै पनि घट्ना वा विषयवस्तुसँग सम्बन्धित तथ्यहरूको बारेमा क्रमबद्ध एवं व्यवस्थित तरिकाबाट अपनाइने अनुसन्धानको प्रकृया नै अनुसन्धान पद्धति हो । सिरहा जिल्ला स्थित चारघरे क्षेत्रको सामाजिक र सांस्कृतिक अध्ययन शीर्षकको यसअनुसन्धानको लागि निम्न लिखित विधिहरू अपनाई अध्ययन गरिएको छ । प्राथमिक स्रोत र द्वितीय स्रोत

#### १.८.१. प्राथमिक स्रोत

यस अनुसन्धानको लागि पहिले सम्बन्धित क्षेत्रको स्थलगत अध्ययनको क्रममा स्थानीय बुद्दिजीवि, स्थानीय बासिन्दा, आदिसँग भेटवार्ता, कुराकानी, शोधपुछ, साथै सम्बन्धित बस्तुको फोटोग्राफी, रेकर्ड गर्ने जस्ता कार्यहरू गरिएको छ । प्राथमिक स्रोतलाई नै अनुसन्धानको मुख्य आधार मानिएको छ । प्राथमिक स्रोत अन्तर्गत निम्न लिखित विधि अपनाइएको छ ।

##### १.८.१.१.प्रत्यक्ष अवलोकन तथा सर्वेक्षण

सिरहा चारघरेका मगरहरूको सामाजिक र सांस्कृतिक अध्ययनको निम्ति प्रत्यक्ष अवलोकन विधि अपनाइएको छ । यसका माध्यमवाट समुदायको खानपान, रहनसहन, भेषभूषा, भाषा, घरको

वनावट, सामाजिक जीवन, धार्मिक परम्परा, रितिरिवाज, संस्कार, चाडपर्व मनाउने शैली आदिको प्रत्यक्ष अवलोकन गरिएको छ । अवलोकन भ्रमणको क्रममा यहाँको जनसंख्या सम्बन्धी, घरधुरी सम्बन्धी आदि स्थलगत सर्वेक्षणबाट तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

### १.८.१.२. अर्न्तवार्ता

अध्ययनको क्रममा आवश्यक सुचना सङ्कलन गर्नको लागि प्रश्नहरू तयार गरी प्रत्यक्ष भेटघाटको माधययमबाट स्थानीय व्यक्ति, बुद्दिजिवि, समाजसेवीहरूबाट आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गरिएको छ । यसका माध्यमबाट मगरहरूको पेशा, परिवारको प्रकार, जमिनको अवस्था, विवाह, प्रमुख चाडपर्वहरू आदि बारेमा तथ्याङ्क सङ्कलन गरिएको छ । साथै यस अध्ययनमा मगर जातिको सामाजिक साँस्कृतिक जनजीवनको बारेमा विशेष जानकारी भएका बुढापाका, विद्यालयका शिक्षक-शिक्षिका, गाउँका अगुवा, समाजसेवी तथासमय लिएर मगर जातीको इतिहास, वसाईसराइ तथा समाजमा महिलाको स्थितिलगायतका सामाजिक क्रियाकलापहरूका बारेमा प्रश्नावली मार्फत प्रश्नहरू गरी उनीहरूका विस्तृत अध्ययन गरिएको छ । समाज र संस्कृतिका सम्बन्धमा विस्तृत जानकारी सङ्कलन गरिएको छ ।

### १.८.१.३.फोटोग्राफी

अध्ययन क्षेत्रमा गई यस शोधपत्र सँग सम्बन्धित आवश्यक केही तस्विरहरू समावेश गरिएको छ ।

### १.८.२. द्वितीयस्रोत

यस अनुसन्धानको लागि द्वितीय स्रोतको रूपमा मगर जातिका बारेमा विभिन्न विद्वान्हरूबाट लेखिएका पुस्तक, जर्नल, पत्रपत्रिकाहरूमा प्रकाशित लेखहरूको अध्ययन गरिएका छन् । साथै विभिन्न संचार माध्यम जस्तै :- टेलिभिजन, रेडियो, सामाजिक सन्जाल, इन्टरनेट समेतको सहयोग लिई शोधकार्यका निम्ति लिइएको छ ।

## १.९. शोध लेखन विधि

सिरहा जिल्ला चारघरेका मगरहरूको नमूना छनोट गरी प्रश्नावली, अर्न्तवार्ता मार्फत् विवेचना तथा तुलना गर्दै विवरणात्मक ढङ्गबाट सामाजिक तथा सांस्कृतिक पक्षको अनुसन्धान गरिएको छ । साथै शोधपत्र A.P.A Format मा तयार पारिएको छ ।

# अध्याय-दुई

# सिरहा चारघरे क्षेत्रमा मगर समुदायको बसोबासको ऐतिहासिकता

## २.१. सिरहा जिल्लाको परिचय

सिरहा जिल्ला नेपाल अधिराज्यको पूर्वाञ्चल विकास क्षेत्रको सगरमाथा अञ्चलको पूर्वी भागको दक्षिणी सीमानामा प्रदेश नं २ मा पर्दछ । यस जिल्लमा १०६ गा.वि.स र ६ वटा नगरपालिकाहरू जसमा सिरहा, लाहान, मिर्चैया, धनगढिमाई, गोलबवार र सुखिपुर पर्दछ । यस जिल्लामा १०६ गा.वि.स., ६ वटा नगरपालिका, जिल्ला विकास समितिमा क्षेत्रीय सदस्य प्रतिनिधित्वको लागि १७ इलाका र ६ वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । यो जिल्ला पूर्वी भागको दक्षिणी सीमानामा रहेको जिल्ला हो । यो जिल्लाको पूर्वमा सप्तरी जिल्ला (बलान नदी), पश्चिममा धनुषा जिल्ला (कमला नदी), उत्तरमा उदयपुर जिल्ला (चुरे पहाड), तथा दक्षिणमा भारतको विहार प्रदेश पर्दछ । सिरहा जिल्ला सगरमाथा अञ्चलको सबैभन्दा कम क्षेत्रफल र वढि जनघनत्व भएको जिल्ला हो । यहाँ प्राकृतिक रूपमा उत्तरी भेगमा उच्च, पाखो जमिन छ भने दक्षिणी भेगमा होचो र समथर भूमी बढि छ । सिरहा जिल्लाको क्षेत्रफल ११८८ बर्ग कि.मी. छ । वि. सं. २०६८ को जनगणना अनुसार यहाँको जनसंख्या ६,३७,३२८ रहेको छ । सिरहा जिल्लासमुन्द्र सतहदेखि ७६ मिटर देखि ८८५ मिटर उचाई सम्म रहेको छ । यस जिल्लाको अक्षांश २६ डिग्री ३३ डिग्री देखि २६ डिग्री ५५ डिग्री उत्तरमा फैलिएको छ भने देशान्तर ८६ डिग्री ६ डिग्री देखि ८६ डिग्री २६ उत्तरी पूर्बमा फैलिएको छ । यसको औसत लम्बाई ४२.४ कि.मी. रहेको कुरा थाहा हुन्छ (www.deosiraha.gov.np)।

लाहान, सिरहा, माडर, सारस्वर, कल्याणपुर, सुखिपुर, मिर्चैया, गोलबजार, चोहर्वा, धनगडि सिरहा जिल्लाको प्रमुख बस्ती हुन् । त्यस्तै गरी सिरहा जिल्लामा थुप्रै नदिनाला छन् । यस्ता नदिनालाहरूमा कमला, घुर्मी, बलान, मैनवती, खुट्टी, गागन, सर्रे सहजा, बतहा, जिवा, भेडवा आदि छन् (www.deosiraha.gov.np)। यहाँका मानिसहरूले प्रमुख रूपमा मैथली, नेपाली, आदि भाषाहरू बोल्ने गर्दछन् भने यहाँका प्रमुख जातिहरू यादब, शाह, ठाकुर, चौधरी, आदि हुन् । यस जिल्लामा विभिन्न जनजातीहरू वसोवास गरेको पाइन्छ, जसमा ब्राहमण, क्षेत्री, ठकुरी, तामाङ्ग, तेली, चौधरी, मुसहर, सुडि, मगर, राई, यादब आदिको वसोवास रहेको छ । यसरी विभिन्न समुदायहरूको वसोवास भएको कारणले गर्दा सिरहा जिल्लामा धार्मिक तथा सांस्कृतिक विविधता देख्न पाइन्छ । मुख्य रूपमा सिरहा जिल्लामा वसोवास गर्ने जनजातीहरूले हिन्दु, ईस्लाम धर्म मान्दछन् । यसरी यस जिल्लामा विभिन्न जनजातीहरू वसोवास गर्ने भएतापनि मगरहरूको रहनसहन, जीवनशैली संस्कृति अन्य जातजातिको सामाजिक सद्भावना समाजमा रहेको पाइन्छ । मगरहरूको शिक्षा, स्वास्थ्य, रोजगारीमा कम पुहँच भएको दैनिक जीवनयापनका लागि खेति किसानी गर्ने गरेको पाइन्छ । मगर युवाहरू रोजगारीको लागि मूख्य गरेर भारतमा जाने गरेको पाइन्छ । यस जिल्लामा वसोवास गर्ने मगरहरूले वैशाख पूर्णिमा (कुल पुजा), अषाडी पूजा, साउने सक्रान्ती, तिज, दशै, तिहार, छठ, माघे संक्रान्ति र

फागुपूर्णिमा मनाउने संस्कार र यी पर्वहरूमा मदिरा सेवन गर्ने गरेकोले आर्थिक अवस्थामा समेत परम्परागत संस्कारले गर्दा नकारात्मक प्रभाव पारेको पाइन्छ ।

### २.२. सिरहाको नामाकरण

सिरहा जिल्लाको सदरमुकाम सिरहा नगरपालिका हो । यस स्थानको नाम सिरहा सम्बन्धी विभिन्न किम्बदन्ती तथा भनाईहरू रहेको जानकारी पाइन्छ । धेरै वर्ष पहिले यहाँका राजा “सल्हेस” ज्यादै आदर्श व्यक्तित्व भएका र सबैलाई सहयोग गर्ने र सहारा दिने भएकोले भारतबाट व्यापार गर्न आउने व्यापारिहरू जंगलै जंगल भएको यस ठाउँलाई “साहारा” भन्दा भन्दै अपभ्रंश भएर “सिरहा” भएको एउटा किम्बदन्ती रहेको पुजारी बताउनु हुन्छ । राजासल्हेसले सबैलाई साथीको व्यवहार गर्ने गरेकोले सल्हेस क्षेत्रलाई सिरहा भनिएको हो भन्ने अनुमान यस ठाउँका अन्य बौद्धिक वर्गले पनि गरेका छन् । यस्तै अर्को किम्बदन्ती अनुसार यस स्थानमा जंगल भएको र स्थानीय भाषामा रूखका जरालाई “शिर” भनिने हुँदा जरै जरा भएको स्थानलाई “शिर” (शिरा) भन्दा भन्दै अपभ्रंश भएर “सिरहा” भएको भनाई पनि रहेको छ (ne.m.wikipedia.org)।

### २.३ सिरहा चारघरेमा मगरहरूको आगमन

सिरहा चारघरेमा मगरहरूको आगमन र बसोबास आजभन्दा करिब १०० बर्ष अगाडी देखि रहेको देखिन्छ । सिरहा चारघरेमा मगरहरूको आगमन वि.सं. १९७०/१९७५ ताकादेखि नै चारघरेदेखि ३.५ कि.मी. उत्तर तर्फ गोला भन्ने स्थानमा ठुलो बजार लाग्ने भएका कारणले मानिसहरू किनमेल र बजार भर्ने उद्देश्ले यहाँ बसोबास गर्न थालेको कुरा यस गा.वि.स. सँग सम्बन्धित स्थानीय, बुद्धिजिवि, जेष्ठ नागरिक आदिसँग गरिएको कुराकानि, अन्तवार्ताबाट यस जिल्लामा मगरहरू प्रवेश बारे जानकारी पाइन्छ । त्यसैगरि यस चारघरे र वरिपरको स्थानहरूमा मगरहरू आसपासका जिल्ला ओखलढुंगा, सोलु, रामेछाप, भोजपुर, खोटाङ, उदयपुर, मकवानपुर, सिन्धुली, नाम्चे, आदिबाट बसाईसराई गरी व्यापारको लागि आएकोकुरा यहाँका स्थानीहरूको भनाई रहेको छ । चारघरेमा पनि सुस्लिङ ओखले चारङको उदयपुर जिल्ला, आले हतपतेको ओखलढुंगा जिल्ला, थापा खप्तडि जस्ता स्थानहरूबाट यहाँ प्रबेश गरेको भनि यहाँका स्थानीय, बुद्धिजिवि, समाजसेविहरूको भनाई छ । यस गोलामा कुनै बखत ठुलो बजार लाग्ने गर्दथ्यो । यहाँ ओखलढुंगा, नाम्चे, सोलु, उदयपुर, सिन्धुलिदेखिको मानिसहरू २,३ दिन लाएर हिंडेरै आफ्नो उब्जनि भएका अन्न, आलु जडिबुटि, घ्यू, तरकारी, तरकारी, राडी, आदि यहाँ लिएर आउने र त्यो सामान बेचेर यहाँबाट नुन, तेल, दाल,  चामल, कपडा,आदि यहाँबाट लैजाने गर्दथे ।यसै अवस्थाबाट यहाँकों आसपासका विभिन्न ठाउँहरूमा प्रबेश गरि बसोबास गर्न थालेको यहाँका बुढापाकाहरूको भनाइ छ । सिरहा जिल्ला अर्न्तगत पर्ने सर्रे, चट्टान, मड्डान, खुट्टी, टोड्के, चारघरे, मुक्सार, बलडाँडा, गोला आदि स्थानहरूमा मगरहरूको बाहुल्यता रहेको देख्न सकिन्छ । यि स्थानहरूमा बिभिन्न उपथरका मगरहरू देख्न सकिन्छ, जसअन्तर्गत बुढाथोकी, आले, थापा, जर्घा, केप्छाकी, त्रोप्छाकी, लुङगेली, पुलामी, दर्लामी, सुस्लीङ, मिरिङ चिङ, रखाल, पुन आदि ।

## २.४. चारघरे क्षेत्रको परिचय

यस शोधपत्रको अध्ययनका लागि छनोट गरिएको सिरहा जिल्लाको चारघरे क्षेत्र गोलबजार नगरपालिका वडा नं १ अन्तर्गत पर्दछ । चारघरे मगर टोल पुग्न सिरहाको गोलबजार देखि ७ कि.मी. उत्तर पूर्ब भित्र लाग्नु पर्दछ । कुनै पनि समाज र संस्कृतिको विकासमा त्यहाँको भौगोलिक अवस्था, हावापानी, उपलव्ध स्रोतसाधान आदिले प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ । त्यसैगरि त्यहाँ बसोबास गर्ने विभिन्न समुदायको आपसि सम्पर्क र एक अर्का बिचमा गरिने सामाजिक व्यवहारहरूलेसमाज र सांस्कृतिकको विकास र परिवर्तनमा प्रभाव पारेको हुन्छ ।

सिरहा जिल्लाको चारघरेका मगरहरूको आगमन वि.सं. १९७०/१९७५ देखि चारघरेबाट उत्तर ३.५ कि.मी. गोला भन्ने स्थानमा ठुलो बजार लाग्ने भएको कारणले मानिसहरू किनमेल र बजार भर्ने उद्देश्ले प्रवेश गरेको पाइन्छ । त्यसैगरि यस चारघरे र वरिपरको स्थानहरूमा मगरहरू आसपासका जिल्ला ओखलढुंगा, सोलु, रामेछाप, भोजपुर, खोटाङ, उदयपुर, मकवानपुर, सिन्धुली, नाम्चे, आदिबाट यहाँ बसाईसराईबाट ब्यापारको लागि आएको भनेर यहाँका मानिसहरूको भनाई रहेको छ ।

मिति २०७६।९।१ मा आकाश थापा संग लिईएको अन्तवार्ता अनुसार यस चारघरेमा वि.सं. १९७०/१९७५ ताका गोलामा ठुलो बजार लाग्ने भएको कारणले त्यही बजार गर्ने क्रममा उदयपुरका एक लुङ्.गेली मगरले यहां आएर यहाँको खाली जमीनमा खनजोत गरी बस्ने क्रममा उसको चार बहिनि छोरी मात्र रहेकोले तिनै चार बहिनि छोरीलाई विवहा गरी वरीपरी घरज्वाँई राखी बस्ती बसालेको कारणले नै यस क्षेत्रलाई चारघरे भनि नामकरण भएको भन्ने भनाई वहाँको छ । यस चारघरेमा पछि बिस्तारै अरु मगरहरू पनिप्रबेश गरेको पाइन्छ । जस्मा सुस्लिङ्गहरू ओखले चारङको उदयपुर जिल्ला, आलेहरूहतपतेको ओखलढुंगा जिल्ला, थापाहरू खप्तडि जस्ता स्थानहरूबाट यहाँ प्रबेश गरेको पाइन्छ ।

यहाँको घरहरू धेरैजसो माटो र टाँटीले बनेको कच्ची घर छन्, केही घरहरू काठबाट निर्मित छन् भने केही सिमेन्टको पक्की घरहरू पनि छन् । चारघरेका मगर समुदायमा पनि यहाँका बुढापाकाहरूले  स्थानीय मातृभाषा मगरभाषा बोल्ने गर्दछन् भने अन्य युवाहरूले भने आफ्नो भाषा नबोलेर नेपाली भाषा बोल्ने गर्दछन् । साथै यहाँका मगर समुदायको पुरुषहरूले गादो, भाङ्ग्रा, घलेक, भोटो, कछाड, स्टाकोट, कालो टोपी, पटुका नलगाएर कमिज, सुरुवाल, गन्जि, सर्ट, पेन्ट, धोति, लगाउँछन् । त्यस्तै गरी महिलाहरूले लुङ्गी, चोलो, टेकी, घलेक, पहेलो पोटुका, सेतो पछ्यौरा नलगाइ सारी, चोलो, कुर्ता, सुरुवाल, लेंगा, फ्रक, पेन्ट आदि लगाउने गर्दछन् ।सिरहा जिल्लाअन्तर्गत चारघरेमा एउटा मात्र विद्यालय रहेको छ । जुन श्री आधारभूत विद्यालय मुक्सार रहेको छ । चारघरेका मगरहरूमा साक्षर ६० प्रतिशत र निरक्षर ४० प्रतिशत रहेको पाइयो ।

चारघरे क्षेत्रमा जम्मा ६५ घरपरिवारअन्तर्गत ९९५ जनसंख्या रहेको छ । चारघरेमा विशेष गरी मगरहरूको वसोवास रहेको छ । चारघरेका मगरहरूले स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा तथा आवश्यक सुविधाहरू लिईएको पाइयो भने धामी झाँक्रीमा पनि विश्वासगरेको पाइयो । यस चारघरेका

मानिसहरूको प्रमुख आर्थिक स्रोत भनेको खेतीपाती र पशुपालन हो । यहाँका मानिसहरू परम्परागत खेतिप्रणाली, पशुपालन गरिरहेको अवस्था पाइन्छ । आधुनिक खेती र पशुपालनको क्षेत्रमा भर्खर भर्खर पाईला चाल्न थालेको पाइन्छ । यहाँका धेरै जसो मानिसहरू भारतमा रोजगारीको लागि जाने र केही व्यक्ति अन्य देशहरूमा रोजगारीको लागि जानु पर्ने वाध्यता रहेको छ । यस जातीमा आय आर्जनको अनुपातमा खर्चको वितरण गर्नुपर्नेमा आफुखुशि खर्च गरेको पाइन्छ । जस्ले गर्दा उनीहरूको आर्थिक अवस्थामा नकारात्मक प्रभाव पारिरहेको छ विभिन्न किसिमका सरकारी तथा गैरसरकारी संस्थाहरूवाट उनीहरूको आयआर्जन र क्षमता विकासका कार्यक्रमहरू संचालन गरेको भएता पनि आशातित रूपमा सफलता प्राप्त गर्न सकेको पाइदैन ।

यस चारघरेका मगरहरूले आफ्नो मुख्य चाडवाडको रूपमा कुलपुजा, अषाडि पुजा, श्रावणे संक्रान्ति, दशैं, तिहार, माघेसंक्रान्ति, चैत्रमा गोठ पुजा आदिलाई मुख्य चाडको रूपमा लिइएको पाइन्छ । यस चारघरेका मगरहरूले आफ्नो मौलिक संस्कृतिलाई विस्तारै विस्तारै छोड्दै गएको देखिन्छ । यो चारघरे तराई क्षेत्रमा आस्थित भएकोले यहांको मगरहरूले आफ्नो चाडवाड, संस्कृति, भेषभूषा, भाषा, मौलिक परम्परा, नाँचगान, खानपान, पुजाविधि आदिमा पनि यहाँकै मधेसी संस्कृतिलाई सँगसँगै आत्मसाथ गर्दै अघि बढेको पाइन्छ ।

### २.५. सिरहा चारघरे वरपर रहेको प्रशिद्ध स्थलहरू

#### २.५.१. आकाश गंगा

सिरहा जिल्ला अन्तर्गत चारघरेको उत्तर तर्फ ७ कि.मी. मा यो पवित्र र धार्मिक स्थलहरूमध्ये आकाशगंगालाई एक महत्त्वपूर्ण धार्मिक स्थलको रूपमा रहेको छ । आकाशगंगा यस गा.वि.स.को एक परानो धार्मिक स्थान रहि आएको यहाँको स्थानीयहरूको भनाई छ । मिति २०७६/९/३ गते पूर्व प्रधानपन्च रोहित मल्ल ठकुरीसँग गरिएको अन्तवार्तामा किम्बदन्ति अनुसार पहिला मानिसहरू एकठाउँबाट अर्कोठाउँसम्म जानको लागि पैदल महिनौ लगाएर हिंडेर आवतजावत गर्ने गर्दथे त्यस्तो बेलामा यस आकाशगंगामा आएपछि मानिसहरूले यहाँ हात जोडेर प्राथाना गरेपछि यहाँ तामाका खाना पकाउने भाँडा बर्तनहरू भगवानले दिन्थे र त्यसैमा बटुवाहरूले खाना पकाएर खाएर रात काट्दथे र जानेबेलामा त्यस भाँडाबर्तनलाई सफा गरि छोडि जान्थे, यसरी बटुवाहरूको लागि यो ठाँउ एक महत्त्वपूर्ण थियो यसरी नै एकदिन एकजना फटाहा बटुवाले यहाँको भाँडा बर्तनहरू चोरेर लगेपछि यस ठाँउमा भाँडाकुँडा दिन बन्द भएको भन्ने भनाई यस स्थानको स्थानीयहरूको भनाई रहेको छ । यस आकाशगंगामा कार्तिके पूर्णिमाको दिन निकै धुमधामको साथ वरपरका गाउँदेखि छिमेकी गाउँहरूबाट समेत मानिसहरू पुजा गर्न आउने गर्दछन् । यस आकाशगंगालाई गाउँलेहरूले देविको रूपमा पुजाअर्चना गर्ने गर्दछन् । यस स्थानमा आउने भक्तजनहरूमा विषेशगरि सन्तान नभएका दम्पत्तिहरूले यस ठाउँमा आएर सन्तान मागेमा सन्तान प्राप्ति हुन्छ भन्ने विश्वास रहिआएको छ , यस स्थललाई शत्तिको देविको प्रतिकको रूपमा पनि पुज्ने गरेको पाइन्छ । त्यसैगरि कुनै आफ्नो काम पुरा नभएको खण्डमा पनि यस

ठाउँमा आएर पुजा गरेमा काम पुरा हुने जनविश्वास पनि गाउँलेहरूमा पाइन्छ । यस स्थानमा एकादशी, कार्तिके पूर्णिमा, र सोमबार विशेष पुजा गर्ने गरिन्छ । यहाँ सोमबार र एकादशीमा विशेष गरि धामिझाँक्रिले यहाँ भुतप्रेत चढेको, बायु लागेको, बोक्सी, मसान चढेको मानिसहरूलाई यहाँ ल्याएर घण्टौं सम्म देबता बसेर, धामी बसेर उनीहरूको शरिरमा चढेको भुतप्रेतलाई विशेष पुजा गरि झर्ने र उनीहरूको उद्धार गर्ने गरेको पाइन्छ । यस बेला धामीझाँक्रिले विशेष गरि महिला धामीनिले रातो पहिरन सारी गलामा फूलको माला, हातमा चुरा पोते लगाएर देविझैं बनेर भुतप्रेत झार्ने गर्दछ भने पुरुष धामिले सेतो लुगा लगाउने गर्दछ । यसको लागि विशेष गरि बलि दिनको लागि कुखुरा, कुखराको अण्डा, बोका, भेडा पनि बलि दिने गर्दछ । यसरी यस चारघरेको मानिसहरूले आकाशगंगामा विभिन्न धार्मिक कार्यदेखि मनोरन्जनको कार्य समेत सम्पन्न गर्ने गर्दछ ।

यो स्थान धार्मिक प्रयोजनको साथसाथै पर्यटकिय दृष्टिकोणले पनि महत्त्वपूर्ण मान्न सकिन्छ । यो स्थानमा निकै ठुलो झरना, कुण्ड, दहको साथै यसको बनोट पनि निकै आकर्षक छ । पाहाडको कोप्रामा गाईको थुनजस्तै भएको आकार र त्यहाँबाट पानीको थोपा बाह्रैमास झरिरहने जहाँ पानी आउने कुनै स्रोत नै नभएकोले यसलाई एक ईश्वरिय शक्तिको रूपमा लिन गरेको पाइन्छ । यहाँको झरना निकै आकर्षक र मनमोहक छ । जसको मुनि गहिरो दह देख्न सकिन्छ । यस दहको गहिराई १०० फिट भन्दा पनि गहिरो रहेको छ । यो जंगलको बिचमा भएको कारणले निकै रमणिय छ । जस्ले गर्दा आसपासको गाउँ देखि लिएर टाढाटाढाको जिल्लाहरू कमला, सिन्धुलि, सर्लाहि आदिबाट समेत मानिसहरू बनभोज गर्न रमाईलो गर्न आउने गर्दछ । त्यसैले यो आकाशगंगा एक महत्त्वपूर्ण धार्मिक स्थान, पर्यटकिय स्थानको रूपमा रहेको छ । यहाँ प्रायः मगर समुदायका मानिसहरूले पुजाआजा गर्ने प्रचलन रहेको छ । यस आकाशगंगाको तस्वीर चित्र नं. २ मा राखिएको छ ।

### २.५.२. गढिडाँडा

सिरहाको चारघरेदेखि ३ कि.मी. उत्तरपूर्वमा गढि डाँडा एक महत्त्वपूर्ण एतिहासिक स्थलको रूपमा रहेको छ । यस ठाउँको बारेमा हालसम्म कुनै पनि निकाय अनुसन्धान, अन्वेषण, उत्खनन् जस्ता कार्य अहिले सम्म पनि नगरेकोले यस ठाउँको एतिहासिक स्थानको लोप हुदैं गईरहेको हामि पाउन सक्दछौं ।

मिति २०७६/८/३० गते महेन्द्र शाही ठकुरीसँग लिईएको अन्तवार्ता अनुसार यस गढि डाँडा सम्बन्धित किम्बदन्ति अनुसार शल्हेश राजासँग सम्बन्धित छ जो सिरहामा बस्दथे । उनको दिनचर्या बिहान सबेरै उठेर सिरहा वरपरका स्थानहरू मानिक दहमा नुहाउने, त्यसपश्चात पाखाजोडि भन्ने स्थान सम्म पुगेर कुस्ती खेल्ने र व्यायम गर्ने, कुस्ती पश्चात फूलवारीमा पुगेर फूल टिपेर पतारिमा पुजा गर्न जान्थे र सबै दिनचर्या सकेर पुन आफ्नो घर सिरहामा फर्कन्थे भन्ने भनाई छ । यसबाट हामि के बुझ्न सक्दछौ भने यस बेला सिरहामा भएको शल्हेस राजाको कुनै एक दरबार, मन्दिर, गढि यहाँ पनि रहेको हुन सक्छ भन्ने अनुमान यस गढिबाट अनुमान लगाउन सकिन्छ । किनकी नजिक रहेको जहाँ शल्हेस

राजा पौडि खेल्ने नुहाउने स्थान लाहान नगरपालिका गोविन्दपुरमा अवस्थित मानिक दहमा स्थानीयहरूले खेत जोत्ने खन्ने कममा मानिक लाल अंकित पहेंलो २ वटा सिक्का प्राप्त गरेको आधारमा पनि यस गढि डाँडामा पनि केही ऐतिहासिक प्रमाणहरू भेटिन सकिन्छ भन्ने भनाई स्थानीयहरूको छ । किनकी यस गढि डाँडामा यत्रतत्र रूपमा पुराना ईंटाहरू छरिएर रहेको हामि देख्न सक्छौ, जुन ईंटालाई स्थानीयहरूले पुरातात्विक र ऐतिहसिक हुनु पर्छ भन्ने अनुमान लगाएका छन् । यस गढि डाँडाको तस्बिर पछाडिको पृष्ठमा समावेश गरिएको छ । (चित्र नं. ३ मा हेर्नुहोला)

### २.५.३. गोला

गोला सिरहा जिल्ला अन्तर्गतको एक प्रसिद्ध बजार हो । यस गोला चारघरे देखि ३.५ कि.मी उत्तर तर्फ पर्दछ । ऐतिहासिक रूपमा एक महत्त्वपूर्ण स्थान मिति २०६७/८/३१ गते बुद्दिजिबि मदनलाल बल लामांसँग लिईएको अन्तवार्ता अनुसार यस ठाउँमा वि.सं. १९७०/१९७५ देखि नै बजार दैनिक रूपमा लाग्ने गर्दथ्यो । जसबेला अरू बजारहरू कुनै पनि यस वरपरको क्षेत्रमा लाग्ने गर्दैनथ्यो उक्त बजार भर्नको लागि मानिसहरू हप्ता दिन लाएर पनि यहाँ सम्म आउने गर्दथे । यस बेलाको नेपाल र भारतको भन्सारको रूपमा यस गोला बजारलाई लिने गरेको प्रमाण पाइन्छ । वि.सं. १९७०/१९७५ ताका नै यस गोला बजारलाई छोटि भन्सारको रूपमा स्थापना गरेको पाइन्छ । यस बेला यस गोलामा सार्की, कामि, दमाई र नेवारहरू बसोबास गर्ने गरेको कुरा स्थानीयहरू, समाजसेविहरूको भनाई छ । यस गोला बजारको कारणले गर्दा नै यस परपर अन्य जातिहरूसगैं मगर जाति पनि यहाँ वरपरका क्षेत्र, जिल्लाबाट मानिसहरू बजारको कारणले बसाई सरेको भन्ने भनाई पाइन्छ । त्यसबेलामा ओखलढुंगा, सोलु, नाम्चे, रामेछाप, सिन्धुलि, उदयपुर, खोटाङ, भोजपुर, गाईघाट आदिबाट मानिसहरू आफ्नो सामान आलु, जडिबुटि, घ्यू, पिठो, तरकारी, मुला, अदुवा, पत्रक, राडी, अन्न जस्ता सामाग्रि यहाँ ल्याएर बेच्ने र यहाँ बाट नुन, तेल, चामल, फलाम, कपडा आदि लाने गर्दथे । यो बजार यहाँ लगभग वि.सं. २०१८ सम्म चलेको भन्ने कुरा स्थानीयहरूबाट जान्न सकिन्छ । यसरी यस गोला बजारमा भारतको लधनियाँबाट महथाहरू बजार गर्न झरेको र अहिले पनि यस महथा जतिहरूको ४/५ पुस्ताहरू यस गोलामा रहँदै आइरहेको छ । त्यसैगरी यस गोलामा बजारको कारणले बसाईसराई गरि बसोवास गर्ने जातिहरूमा महथा (भारत) ,सुडि र दास (विरपुर), लामा (रामेछाप), मगर अन्तर्गत थापा, पाङ्नी आले, मल्ल आले, थापामगर ओखलढुंगा, उदयपुर जिल्ला, राई (खोटांग हलेसी), मल्ल आदि जातिहरूको बसाई अहिले पनि यस गोलामा रहँदै आइरहेको छ । यस गोलामा त्यसबेला भारतका जयनगरदेखि र नेपालको आसपासका सीमाना सम्मको सामान यहाँ ल्याएर किनबेच गर्ने भएकोले यस गोलालाई छोटि भन्सार र छोटि थाना पनि भन्ने गरिन्थ्यो । त्यसैगरि पहिला धरानका बृटिश घोपाक्याम्प वि.सं. २००३ /२००४ ताका यसै ठाउँको लामो डाँडामा ६ महिना सम्म बसेको पाइन्छ । यो बृटिस क्याम्पलाई त्यतिबेलाको ठालु ठकुरीहरूले यहाँको छोरी चेली बिग्रन्छन् भनेर लखेटेको कारणले पनि यस ठाउँको विकाश हुन नसक्नुको एउटा मुख्य कारण मान्न सकिन्छ । यसै गोला बजारको कारणले नै विभिन्न स्थानबाट मगरहरू बजार

गर्न भनि गोला भन्ने स्थानमा आएका र त्यसै बेलादेखि उनीहरू सिरहा जिल्ला वरिपरि स्थायी बसोबास गरेको पाइन्छ । (चित्र नं. ४ मा हेर्नुहोस्)

### २.५.४.पुरानो ईनार

चारघरेदेखि उत्तरमा २ कि.मी. दुरीमा मुक्सारमा अवस्थित सबैभन्दा ठुलो र यस क्षेत्रको सबैभन्दा पुरानो इनारको रूपमा यो ईनारलाई लिने गरिन्छ ।यो ईनार कहिल्यै नसुक्ने पानीकोस्रोतको रूपमा लिइन्छ । मिति २०७६/९/१ मा सानो हजुर ठकुरीसँग लिईएको अन्तवार्ता अनुसार वि.सं. २००० साल जेष्ठ २६ मा जनरल मेजर शुरशमशेर राणाले कालिगढ नथुनि मिँया बाट उक्त ईनार खनाइएको जानकारी पाइयो । यो इनार त्यसबेला राणाहरूको शासन भैरहेको अवस्थामा जनरल मेजर शुरशमशेर राणा सिकार खेल्न यहाँ आएको बेलामा यहाँका जनताहरूले सिकार खेल्न सहयोग गरेबापत खुशी भएर यस मुक्सारको जनताको लागि पिउने पानीको ईनार खन्नको लागि २०० रूपैंया दिएर खनाएको भन्ने भनाई स्थानीयहरूको छ । यो ईनारको गहिराई २९ हात ४५ फिट, र चौडाई ७ फिट रहेको छ । त्यसबेला कुनै उपकरणहरू नभएको कारणले पनि यो इनार खन्नलाई लगभग महिना दिन लागेको र ज्यामिहरू पनि १५,२० जना लागेको कुरा गाउँलेरूले बताएका छन् ।

यो ईनारको मुख्य विशेषताको रूपमा यो ईनार अहिले सम्म पनि कहिल्यै नसुकेको र बरपरका सम्पूर्ण गाउँ चारघरे, गोला, लामा टोल, कसाँई टोल आदि बाट समेत यस पुरानो ईनारमा पानी लिन आउने गरेको पाइन्छ । यो ईनारको पानीले सम्पूर्ण वरपरका गाउहरूलाई पानी पिउन देखि लिएर गाईबस्तुलाई पानी, लुगा कपडा धुन, खेतमा सिंचाइको लागि समेत यो ईनारलाई मुख्य स्रोतको रूपमा लिन सकिन्छ । यस ईनारको पानी हिंउद बर्षा कहिल्यै पनि नसुक्ने कारणले पनि महत्त्वपूर्ण मान्न सकिन्छ । परापूर्वकालदेखि नै मगर जातिले मात्र नभई त्यस क्षेत्र आसपासका मानिसहरूले यस ईनारको पानी पिउनको लागि, सरसफाई, गाईवस्तुलाई, खेति आदिको लागि समेत इनारलाई पवित्र पानीको स्रोतको रूपमा प्रयोग गर्ने गरेकाले यस इनारको ऐतिहासिक महत्त्व रहेको छ । (चित्र नं. ५ मा हेर्नुहोस्)

### २.५.५. गोलबजार

चारघरेदेखि पश्चिम दक्षिण ६ कि.मी.मा यो गोलबजार अवस्थित छ । सिरहामा रहेको गोलबजार बजार नै अहिलेको सिरहा नगरपालिकाको सबैभन्दा ठुलो बजार हो । यहाँ सिरहा वरपरका गाउँका मानिसहरूआफ्नो दैनिकी समान, लत्ताकपडा, रासन, माछा, मासु, मरमसला, तरकारी, चौपाया, आदि देखि हरेक सामानको खरिद विकि गर्न यस बजारमा आउने गर्दछ । यो बजार भर्नको लागि विशेषगरी गाउँका मानिसहरूआफ्नो हप्ताभरिको आवश्यक सामानहरू यसै बजार बाट लगेर जाने गर्दछ । यो बजार हप्ताको दुईदिन मंगलबार र शनिबार लाग्ने गर्दछ । यहाँ मुक्सार, चारघरे, टोड्के, लामाटोल, गोला, बलकवा, बलडाँडा, गोला, मुसर टोल, पैरे, ढनडाँडा आदि स्थानहरूबाट मानिसहरू बजार भर्न आउने गर्दछ साथै यस बजारमा आफ्नो ठाउँमा उब्जनि भएका बाली जस्तै सिमि, गोलभेडा,

परबल, साग, प्याज, भिन्डी, करेला, भन्टा, काउली, बन्दा, मुन्गा, आलु, दाल, अदुवा, लसुन, तिल, आलस,  फलफूल जस्ता सामाग्रीहरू यहाँ ल्याएर बेच्ने र यहाँको बजार बाट आफुलाई आवश्यक पर्ने सामान खरीद गरेर लग्ने पनि गर्दछ । अहिले यो सिरहाको एउटा विशेष व्यापारिक क्षेत्र मध्येको एउटा व्यापार केन्द्र रूपमा रहेको बजार हो । यहि बजार नै चारघरेको मगरहरूको एक मुख्य व्यापारिक स्थलको रूपमा रहेको छ  । (चित्र नं ६ मा हेर्नुहोस्) ।

### २.६. मगरहरूको उत्पत्ति र परिचय

मगरहरू एसियाबाट आएका हेप्ताल हुन् र इशाको अठौं शताब्दीतिर हिन्दमा दिक्षित भएका हेप्ताल (मगर) क्षेत्रिय भएपछि जाति भ्रष्ट भएका ठकुरी नै मगर भएको भन्ने धरणा पाइन्छ (शर्मा, वि.सं. २०४९, पृ. २६९) । मगरहरूको उद्‌गम थलो रुकुम जिल्लाको मैकोट अवस्थित योमाखार र पेल्माखार ओडारलाई मान्न सकिन्छ (बुढामगर, वि.सं. २०७२, पृ.३४) । महर शब्दबाटै अप्रभंश भएर मगर भएको पनि भनाई छ (थापा मगर, वि.सं. २०३६ पृ.२३) ।

यसरी मगर जातिको नामाकरण सम्बन्धमा विभिन्न विद्वान्‌हरूबाट भिन्न भिन्न बिचारहरू राखिए पनि नेपालमा बसोबास गर्ने जनजातिहरू मध्ये मुख्य एक जनजातीको रूपमा मगर जाति रहेको छ ।अधिकांश मगरहरूको बसोबास लुम्बिनी, राप्ती, धौलागिरी, गण्डकी लगायतका अञ्चलका विभिन्न जिल्लाहरूमा रहेको पाइन्छ । सोझा, इमान्दार, मेहनेति र कर्तव्यनिष्ट जातको रूपमा चिनिने मगर जातिको शारीरिक बनावट अन्य जातिको भन्दा फरक हुन्छ । छोटा कद भएका, थेप्चा नाक भएका र राता गाला र शरिरमा रौं कम हुने यस जातिका महिला पुरुषको विशेषता हो । मगर जातिको समुदायको रूपमा पहाड र केही मात्रामा हिमाली क्षेत्रमा वसोवास गरेका छन् । पछिल्ला समयमा तराइका केही भु-मागमा बसाई सराईका माध्यमबाट मगरहरू बसोबास गर्दै आएका छन् ।

यिनीहरूको समाजमा मामाचेली र फुफुचेलाबिच वैवाहिक सम्बन्ध प्रचलित छ । साझो व्यवहार, मिलनसार प्रबृति, लगनशील र बहादुर हुँदा पृथ्वीनारायण शाहकै पालादेखि सैनिक र निजामति सेवामा भर्ती भई हालसम्म पनि ब्रिटिस, भारतीय र नेपाली सेनामा रहि आफ्नो विरता राख्न मगर जातिहरू सफल मानिन्छ । यिनीहरूको परम्परागत व्यवसाय नै कृषि र पशुपालन हो । मतवालि समुह भित्र पर्ने मगर जातिहरू भोटबर्मेली परिवारको भाषा बोल्ने गर्दछन् (बिष्ट, सन्. १९७६, पृ. ३८) । मगर जातिका पुरुष र महिला दुवै परश्रीमी र वलिया हुन्छन् । पुरुषहरू मजदुरी, मेलाको काम, खेत जोत्ने, खन्ने, दाउरा ल्याउने, कडा भारी बोक्ने जस्ता काम गर्दछन् भने महिलाहरू घरमा खाना पकाउने, भाडा माझ्ने, रक्सी जाँड वनाउने, वच्चा वच्ची स्याहार, गाई वस्तु, वाखा वस्तु, कुखुरा आदिको हेरचाह र दानापानी खुवाउने जस्ता घरायसी काम गर्ने गर्दछन् । मगरजातिका पुरुषहरू सैनिक/प्रहरी पेशा मन पराउँछन् । स्कुलमा पढ्दै गरेका युवकहरू सैनिक/प्रहरीमा जान पाउने हो भने पढनै छाडिदिन्छन् । यिनीहरू व्यवहारमा सोझा र इमानदार हुने भएकाले स्वदेश तथा विदेशमा उनीहरूलाई महत्त्व दिन्छन ।

मगर जातिको उत्पत्ति तथा आगमन नेपालमा कहिले भयो, कसरी तथा कहाँबाट भयो भन्ने कुरा आजसम्म पनि पत्ता लगाउन सकिएको छैन । मगरको उत्पत्तिको विषयमा विभिन्न विद्वानहरूले आ आफ्नो मत यसरी राखेका छन् । मगरहरू कुनै बेग्लै जाति नभएर ठकुरी जातिकै एक शाखा हो अर्थात ठकुरी बाटै मगर जातिको उत्पत्ति भएको हो भन्ने भनाई छ (लोहनी, वि.सं. २०४१, पृ. २६) ।

त्यस्तै गरि "महारजिक; देवास्ते महरा, मगर मगर । अखण्डे हिमवत खण्डे महत" अर्थात् महादेव देवताका गण देवताका महाराजिक शब्द अपभ्रंस हुँदै गई महाराजी, महरा, महराबाट मगर शब्द बन्न गएको हो (श्रीष, वि.सं. २०६७, पृ. ३) ।

हुण तथा हेप्ताल सन्तानहरू नेपाल प्रबेश गरेपछि यि दुई जातिहरू आपसमा मिसिएर इशाको आठौं शताब्दिपछि यिनीहरूले पनि हिन्दु धर्म अपनाएर ससना राज्य समेत खडा गर्न सफल भए र यिनै जातिपछि मगर भए मगरहरूको आगमन फिरन्ते रूपमा एक ठाउँबाट अर्को ठाउँमा सर्दै जाँदा खास हालको तिब्बत क्षेत्रबाट नेपाल प्रवेश गरी नेपालका विभिन्न ठाउँमा छरिएको उल्लेख गरिएको छ (शर्मा, वि.सं. २०४९, पृ. २७७) ।

प्राचीन कालमा नेपाललाई तिन वटा प्रदेशमा विभाजन गर्दा कोशी, गण्डकी  र कर्णाली प्रदेश भनिन्थ्यो । तिनै प्रदेशलाई क्रमश किराँत, मगराँत र खर्साङ प्रदेश भनिन्थ्यो । त्यसैले गण्डकी प्रदेशलाई मगराँतको रूपमा चिनिन्छ । मगराँत अन्तर्गत पाल्पा, तनहुँ, स्याङ्जा, म्याग्दी, रोल्पा, रूकुम र बाग्लुङमा मगरहरूको बाहुल्यता पाइन्छ ।

सोझा, इमान्दार, मेहनेति र कर्तव्यनिष्ट जातको रूपमा चिनिने मगर जातिको शारीरिक बनावट अन्य जातिको भन्दा फरक हुन्छ । सबै जातिहरूको आ आफ्नौ जातबर्ण अनुसारको शारीरिक बनावट हुने गर्दछ । जसमा आर्य मुलको जातिहरूको आँखा ठुला, चुच्चो नाक, अग्लो शरीर, लामो लामो हातखुट्टा, लाम्चो अनुहार हुनु गर्दछ भने मंगोल जातिको सानो चिम्सा आँखा, थेप्चो नाक, होचो कद, छोटो हातखुट्टा, गोलो अनुहार हुने गर्दछ । यसरी नै हरेक जातिहरूको आफ्नै विशेषता हुनेगर्दछ ।

यसैगरी मगरहरू र मंगोल जातिहरूको आफ्नै विषेश शारीरिक बनावटको आधारमा यि जातिहरूलाई केही मात्रामा छुट्याउन सकिन्छ । उनीहरूको शारीरिक बनावट कस्तो हुन्छ त्यसलाई जान्न यि हरफबाट अझै स्पष्ट हुन्छ ।

"असल मगरहरूको थेप्चो हुन्छ नाक ।
जुघाँदाह्री हुँदैनन् ठुलो हुन्छ चाक ॥
सानुहुन्छ टाउको चेप्टो हुन्छ ढाड ।
बाटिएको पिंडौला हुन्छ ठुलो हुन्छ ढाड ॥"

(शर्मा, वि.सं.२०४९, पृ.२७) ।

# अध्याय- तीन
# चारघरे मगरको सामाजिक अवस्था

चारघरे क्षेत्र सिरहा जिल्ला गोलबजार नगरपालिका वडा नं. १ अन्तर्गत पर्दछ । चारघरे मगर टोल पुग्न सिरहाको गोलबजार देखि ७ कि.मी. उत्तर पूर्व भित्र लाग्नु पर्दछ । चारघरेका मगर समुदायका बुढापाकाहरूले मगरभाषा बोल्दछन् भने युवा पुस्ताहरूमा थोरैले मात्र मगर भाषा बोल्नुका साथसाथै मैथली, नेपाली भाषा पनि बोल्ने गर्दछन् । खासगरी मगर समरदायको पुरुषहरूले गादो, भाङ्ग्रा, घलेक, भोटो, कछाड, स्टाकोट, कालो टोपी, पटुका लगाउँदछन् भने महिलाहरूले लुङ्गी, चोलो, टेकी, घलेक, पहेलो पोटुका, सेतो पछ्यौरा, मजेत्रो, जन्तर, सिरबन्दी, शिरफूल, फूली, बुलाकी, कण्ठमाला, पैसाको माला उनिहरूको भेषभुषा हो । तर यहाँको चारघरेको मगरहरूले कमिज सुरूवाल, सर्ट पाईन्ट, धोति, गन्जी लगाउँदछन् भने महिलनहरूले सारी, चोलो, कुर्ता सुरूवाल, लेहेंगा लगाउँदछन् । चारघरेको मगरहरूले यस पोशाकलाई विशेष चाडवाड र उत्सबहरूमा लगाउने गर्दछ । यस चारघरे तराई क्षेत्रमा अवस्थित भएकोले यहाँको मगरहरूले आफ्नो चाडवाड, संस्कृति, भेषभूषा, भाषा, मौलिक परम्परा, नाँचगान, खानपान, पुजाविधि आदिलाई संगसंगै लग्नुका साथै मधेसी संस्कृतिलाई पनि सँगसँगै आत्मसाथ गर्दै अघि बढेको पाइन्छ ।

सिरहा जिल्लाको चारघरेमा पूर्णरूपमा मगरहरूको बसोबास रहेको छ । यी मगर जातिको आफ्ना परम्परा, रितिरीवाज र सामाजिक पक्षहरूको बारेमा यसमा समावेश गरीएका छन् । यस क्षेत्रमा आधुनिकताको प्रभाव पछिल्ला समयमा पर्न गएको पाइन्छ । यस परिच्छेदमा मगरहरूको सामाजिक अवस्थाअर्न्तगत पारिवारिक अवस्था, लौंगिक अवस्था, नारीको अवस्था, पारिवारीक वनोट, शिक्षा खानेपानी तथा सरसफाई, व्यापार, स्वास्थ्य आदिको अवस्थाका बारेमा व्याख्या गरिएको छ ।

### ३.१. पारिवारिक अवस्था

साधारणतया परिवार भन्नाले एकै परिवारमा वसोवास गर्ने लोग्ने स्वास्नी र तिनका छोरा छोरी भएको एउटा स्थायी सामाजिक संस्था हो । जुन प्रत्येक  मानव समाजमा भेट्न सकिन्छ । परिवार भित्र रहने सदस्यहरूको अन्योन्याश्रीत सम्वन्धले गर्दा परिवार एंव सिँगो समाजलाइ प्रभाव पारिरहेको हुन्छ । परिवार, सामाजिक संरचनाको एक महत्त्वपूर्ण एकाई भएकोले समाजमा विधमान परिवारहरूका आकार प्रकार वा स्वरूपको आधारमा सिँगो समाजको निर्माण हन्छ (आचार्य, वि.सं. २०५२, पृ.६६) । त्यस कारण मानव समाजका लागि परिवार अपरिहार्य समाजीक संस्था हो । परिवारको उत्पति निकै प्राचिन समय देखि नै भएको हो । जुन वेला विवाहबाट समाजमा परिवार र नातासम्वन्धको विकास भएको थियो । परिवार समाजिक जगमा उभिएको हुन्छ । त्यसैले परिवार भनेको सामाजिक आवस्यकता परीपुर्ति गर्ने उद्देश्यले समाजमा विकास प्रकृयालाई निरन्तर दिन र एक पिढिबाट अर्को पिढिमा समाजिक व्यावहार, संस्कार, प्रचलन, सामाजिक मुल्य मान्यता र सामाजिकीकरणको प्रकृयालाई हस्तान्तरण गर्ने

उद्देश्यले स्थापन भएको दुई या दुई भन्दा वढि समस्याहरूको अन्तर सम्वन्धित तथा अन्योन्याश्रीत संस्था हो ।

बच्चाको लालनपालन, पोषण, शिक्षा सबै परिवारबाट हुन्छ । परिवारलाइ एउटा प्राराम्भीक पाठशालाको रूपमा लिइन्छ । जहाँबाट व्यक्तिहरू समाजिकीकरण तर्फ उन्मुख हन्छन र समाज निर्माण गर्दछन् ।

यस चारघरेको मगरहरूको पारिवारिक अवस्थामा पनि अरू जातिहरूको जस्तै छोराछोरीको पालनपोषण बाबुआमाले नै मिलेर गर्ने गरेको पाइन्छ । यहाँको मगरहरूको पारिवारीक अवस्था निम्न अनुसारको रहेको पाइन्छ ।

### ३.२. परिवारको किसिम

सृष्टिको उषाकालदेखि नै तथा मानव सभ्यताको शुरूवातदेखि नै परिवारको विकाश भएको पाइन्छ । बच्चाहरूहरूले सम्पूर्ण सामाजिकीकरणका कुरा परिवारबाट सिक्ने भएकोले परिवारलाई नै पहिलो पाठशालाको रूपमा लिईन्छ । यसरी नै चारघरेको मगरहरूको पनि पारिवारिक किसिम २ प्रकारको रहेको पाइन्छ ।

**१) एकल परिवार**

एकल परिवार अन्तर्गत जुन घरमा बाबु आमा र उनका छोराछोरी मात्र एउटै छाना मुनि एउटै भान्सामा पकाएको खाना खाने परिवारलाई नै एकल परिवार भनिन्छ । जुन अहिलेको समयमा एकदमै प्रचलित भएको पाइन्छ । यहि परिवार नै अहिले चारघरेमा देख्न सकिन्छ ।

**२) संयुक्त परिवार**

संयुक्त परिवार अन्तर्गत एउटै घरको छानामुनि घरको हजुरबुवा, हजुरआमा, बाबु, आमा, काका, काकी, ठुलाबुबा, ठुलीआमा, र तिनिहरूको सन्तान, छोराछोरी देखि लिएर नातानातिनिहरू गरि तिनपुस्ता एउटै भान्सामा खाना खाने परिवारलाई नै संयुक्त परिवार भनिन्छ । जुन संयुक्त परिवार अहिले चारघरेमा एकदमै नगन्य रूपमा देख्न सकिन्छ । यस अध्ययनको नमुनाको रूपमा छनोट गरिएको ३० घरपरिवारको पारिवारिक अवस्था निम्नानुसार रहेको छ ।

**तालिका नं. १**

**चारघरे क्षेत्रको मगरहरूको परिवार सम्बन्धि विवरण**

| क्र.सं. | परिवारको किसीम | परिवारको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल परिवार | २१ | ७५ |
| २ | संयुक्त परिवार | ९ | २५ |
| | जम्मा | ३० | १०० |

स्रोत: स्थलगत अध्ययन २०७६

माथिको तालिका अनुसार यस चारघरेको मगरहरूको पारिवारिक वनोटलाइ हेर्दा एकल परिवारको संख्या संयूक्त परिवारको भन्दा वढि देखिन्छ । विशेषगरी यहाँका मगरहरूमा कम उमेरमा विवाह गर्ने, मगर परिवारमा परिवारको सवैभन्दा जेठो सदस्यले परिवारको नेतृत्व गर्ने परम्परा र खुल्ला पारिवारिक वातावरणमा वस्न चाहने कारणले गर्दा एकल परिवारको संख्या वढि देखिन्छ ।

### ३.३.चारघरेको मगहरूको लैङ्गिक अवस्था

महिला र पुरुषको भिन्न सामाजिक परिचयलाई नैलैङ्गिकता भनिन्छ । नेपालको अन्तरीय संविधान २०६३ ले सबै नागरिकलाई कानुनको दृष्टिकोणमा समान हुन सवैलाइ समान अधिकार प्रदान गरेको छ । समान कामका लागि महिला पुरुषको बिचमा पारिवारीक भेदभाव नगरी सामाजिक हिंसा, लैङ्गिक हिंसा, तथा विभेदलाई निषेध गरेको छ । संसदमा ३३% महिलाको सहभागीताको अनिवार्य व्यावस्था गरिएको छ । कानुनले महिला आरक्षण व्यवस्था गरे बमोजिम व्यवहारमा पुरुषको तुलनामा जुनसुकै क्षेत्रमा पनि महिला पछाडि पारेको अवस्थामा कुनै जात जाति समुदायमा महिलाको स्थान प्रमुख रहेको देखिन्छ, त्यस्तो जाति समुदायमा समाज अशिक्षीत आर्थिक असमानता भएपनि नारीको महत्त्व तथा स्थानले प्रमुखता पाएको हुन्छ ।

मगर समुदायमा अरू समुदायका महिलाले गर्नु पर्ने कुराहरूमा समेत छुट रहेको पाइन्छ । जस्तै परिवारका सदस्यहरू सासु-ससुरा र जेठाजुहरूको अगाडि पर्दा शिर निहुराउनु नपर्ने धोतीले टाउकोमा छोप्नुनपर्ने श्रीमानलाई खाना खान कुरि राख्नुपर्ने जस्ता कुराहरू महिलाको ईच्छामा भरपर्ने र त्यस्तो किसिमको वाध्यता छैन । लैङ्गिक समानताको सन्दर्भमा महिला (छोरी) प्रति हुने दृष्टीकोण के छ भनि स्थानीय बेढापाकाहरूमा सोधिएको प्रश्नमा अधिकारहरू सकारात्मक रहेको पाइयो । उसको इच्छाअनुसार जुनसुकै काम गर्न छुट रहेको भनि जवाफ दिएको पाइएको हुँदा मगर समज स्वतन्त्र रहेको बुझिन्छ ।

### ३.४.चारघरेको मगर नारीको स्थान

नारी सृष्टिको एउटा बरदान हो । मगर समाज साधारणतया पुरुष सत्तात्मक भएता पनि तिनमा निकै हदसम्म नारी स्वतन्त्रता पाइन्छ (शर्मा, वि.सं. २०५२, पृ.९४) । यस चारघरेका नारीहरूले घरको व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी महिलाको काँधमा रहेको छ । महिलाहरू उल्लेख्य आयस्रोत हुने पेशा वा व्यवसायमा संलग्न नभए पनि घरव्यवहारका लागि सम्पूर्ण आर्थिक कारोवारमा जिम्मेवार देखिन्छन् । यहाँका बुहारीहरूले आफुभन्दा ठुलाबडा सासु ससराको अगाडी शिर निहुराउनु पर्ने, धोतिले शिर ढाक्नु पर्ने, श्रीमानलाई खाना खाँदा कुरेर बस्नुपर्ने जस्ता बाध्यता छैन । यहाँका महिलाहरूले कुनै नयाँ कारोबार र लगानीका कुराहरूमा पनि महिलाहरूको सहमति अनिवार्य सहमति रहेको पाइन्छ । अहिलेको समयमा यस चारघरेको महिलाहरूलाई विशेष सुविधा दिएको पाइन्छ । यहाँको घरजगा, सम्पत्ति अधिकांश महिलाकै नाममा रहेको देख्न पाइन्छ । जस्ले गर्दा पनि यहाँको मगर समुदायको नारीको स्थान अरू समुदायको नारीहरूको भन्दा तुलनात्मक रूपमा राम्रो देख्न सकिन्छ ।

### ३.५.चारघरे मगरहरूको शिक्षाको अवस्था

समाज परिवर्तनको लागि प्रमुख तत्त्व शिक्षा हो । शिक्षाको माध्यमबाट सामाजिक चेतना, जागरण, ज्ञान, आत्मवल, विवेक र क्षमताको विकाशले समाजलाई प्रगति र विकाशको बाटोमा हिडाउन सकिन्छ (राना मगर, वि.सं. २०७५, पृ. ४३) । समाजमा रहेको परम्परागत अन्धविश्वास नराम्रो विभेदका विरुद्धमा संगठित हुन चेतना दिन्छ । शिक्षा मानिसको लागि एक अपरिहार्य र सहि मार्गनिर्देशन दिने एक अपरिहार्य तत्त्व हो जसको कारणले गर्दा हामी जो कोहिपनि असल र सभ्य नागरिक बन्न सक्दछौं । कुनै पनि राष्ट्र् समाजको विकासको मुल आधार नै शिक्षा हो । शिक्षाले राष्ट्र् र समाजलाई सवल र सक्षम विवेकशिल र दक्ष जनशक्ति तयार पार्दछ । राष्ट्र निर्माणमा समेत शिक्षित मानिसहरूको ठुलो भुमिका निर्बाह गर्ने गर्दछ । त्यसैले शिक्षालाई हामी उज्यालो भविष्य निर्माणको एक दियोको रूपमा लिन सक्दछौं ।

सिरहा जिल्ला अन्तर्गत चारघरेमा एउटा मात्र विधालय रहेको छ जुन श्री आधारभुत विधालय मुक्सार रहेका छ । यस विधालयको स्थापना चारघरेमा वि.सं. २०३१ सालमा भएको हो । यहाँ कक्षा ५ सम्म मात्र पठनपाठन गरिन्छ त्यसभन्दा माथिल्लो तहको अध्ययनको लागि यहाँका बालबालिकाहरू चारघरेदेखि पश्चिम दक्षिण ७ कि.मि. सिरहा गोलबजारमा रहेका विधालय नै पुग्नु पर्ने बाध्यता रहेको छ जस्ले गर्दा बिशेष गरि बालिकाहरूलाई केही कठिनाई पुगेको प्रत्यक्ष रूपले हामी देख्न सकिन्छ । मिति २०७६।९।२ मा उत्सव ठकुरीसंग लिइएको अन्तवार्ता अनुसारयस चारघरेको बालबालिका मात्र नभै यस क्षेत्र वरपर रहेका मुक्सार, गोला, लामा टोल, ढनडांडा, मुसर टोल, लामा टोल, बलकवा, बलडांडा आदि वरपरका बालबालिकामा समेत माध्यमिक तहको विधालय नभएको कारणले विधार्थी मात्र नभै अभिभावकहरू समेत प्रभावित भएको पाइन्छ । यहाँ प्राथमिक तहमा स्कुल जानेको संख्या राम्रो देखिए पनि नि.मा.वि. र मा.वि. तहमा स्कुल जानेको संख्या कम देखिन्छ । यस चारघरेमा खासगरीभर्नाको समयमा स्कुल पढ्नेको संख्या राम्रो देखिए पनि घरायसी कामको कारणले र कक्षा ५ भन्दा माथिको पढाई यस क्षेत्रमा नभएको कारणले गर्दा विद्यार्थिहरू विद्यालयमा अनुपस्थितिको दर बढि देखिन्छ । १२, १३ वर्षमै पैसा कमाउने प्रलोभनमा परि ज्यालादारी र विदेशिने कार्य गर्दा पनि निमावि र मा.वि. तहमा स्कुल जानेको दर कम देखिन्छ । यस चारघरेको मगरहरूको शैक्षिक अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ । (चित्र नं. ७ मा हेर्नुहोला) ।

**तालिका नं. २**

**चारघरे क्षेत्रको मगरहरूको शैक्षिक अवस्थाको विवरण**

| क्र.सं. | प्रकार | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | साक्षर | २० | ७५ |
| २ | निरक्षर | १० | २५ |
| | जम्मा | ३० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७६

### ३.६. चारघरेका मगहरूको स्वास्थ्य उपचारमा पहुँच

नेपाल गाउँ नै गाउँले भरिएको मुलुक हो । नेपालको स्वास्थ्य सुविधा प्रयाप्त नभएको अवस्थामा अधिकांस सेवा शहर केन्द्रित रहेको छ । गाउँहरूमा प्राय: सफा पिउने पानीको अभाव, शारीरिक सरसफाइको कमी, घरवरिपरीको वातावरण प्रदुषण, खाद्यान्न अभाव, जाँड रक्सि, चुरोट खैनि आदिको सेवन जस्ता कारणले गर्दा गाउलेहरूको स्वास्थ्य प्रतिकुल असर परेको छ ।

यस चारघरेमा स्वासथ्य चौकीको रूपमा अराह हेल्थ पोष्ट स्थापना गरिएको छ । यस स्वास्थ चौकीमा निम्न अनुसारको गाउँघर क्लिनिक र खोप क्लिनिक सेवा संचालनमा रहेका छ भने सामान्य रोगको उपचार पनि यस स्वास्थय चौकिले दिदैं आईरहेका छ । यहाँवाट प्रदान गरिने सामान्य स्वास्थ्य सेवा प्रभावित भएकोले सेवाग्राहीले समयमा सेवा प्रांप्त गर्न सकेको देखिन्छ भने स्वास्थ्य सेवा प्रतिको उनीहरूको विश्वासका कारणले गर्दा सेवा लिनेहरूको संख्या उल्लेखनियरहेको छ । यस चारघरेका मगरहरू स्वास्थ्य चौकीमा जानुका साथै भ्फारफुक र धामीभ्फाँक्रीमा पनि कम विश्वास गर्ने गरेको पाइन्छ ।त्यसका साथसाथै भाग्यमा विश्वास गर्ने विरामी पर्दा देवि देवतालाइ भाकल गर्ने, पुजा गर्ने गर्दछ । यि परम्परागत रुढिबादि विश्वासलाई पन्छाउदैं चारघरेका मगरहरू स्थास्थ्य चौकी अस्पताल जाने गर्दछन्, जस्ले गर्दा चारघरेको मगरहरूको स्वास्थ्यमा राम्रो पहुंच भएको देख्न सकिन्छ । चारघरेको मगर परिवारले अपनाउँदै आएका उपचार पद्धतिलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३**

**चारघरे क्षेत्रको मगरहरूको उपचार पद्दतिको विवरण**

| क.सं. | सेवा लिने निकाय | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अस्पताल/स्वास्थ्य संस्था | १८ | ६० |
| २ | धामि भ्फांक्रि | ६ | २६ |
| ३ | दुवै | ६ | २४ |
| जम्मा | | ३० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७६

### ३.७. खानेपानी तथा सरसफाई

पानी मानव लगायत समस्त प्राणीहरूको लागि अत्यावश्यक प्रमुख तत्त्व हो । स्वच्छ पिउने पानी स्वच्छ किटाणुरहित हुन सके ९० प्रतिशत रोगवाट वच्न सकिन्छ । मिति २०७६।०९।०३ मा रत्न बहादुर आलेसंग लिइएको अन्तवार्ता अनुसार यस चाररघरेमा पानीका स्रोतहरूको कमी छ । यहाँको ईनार सुकेको खण्डमा मुक्सारको पुरनो ईनारदेखी पानी ल्याउनु पर्ने बाध्यता चारघरेको बासिन्दाको छ । यसक्षेत्रमा खानेपानीको मुख्य स्रोतको रूपमा ईनार लाई लिन सकिन्छ । चारघरे क्षेत्रमा गागन खोला, मुक्सार खोला, ढनडाँडा खोला, गद्रे खोला, पैरे खोला पनि स्थानीय पानीका स्रोतका रूपमा रहेका छन् ।

यसरी सफा र स्वच्छ पिउने पानीको अभाव तथा फोहोर पानीको प्रयोगले यहाँ वेलावेलामा झाडापखाला, आउँ टाईफाईड लगायत छाला सम्वन्धी रोगहरू देखिने यहाँका वासीन्दाहरूको भनाई रहेको छ । त्यस्तै यहाँ पुग्ने क्रममा घरसँगै चौपायाहरू वाध्ने वस्तुहरूको दिशा पिसावमा वसेका झिंगाहरू खानेकुराका सजिलै वस्ने हुनाले रोगहरू फैलने गर्दछन । घर वरपरको सरसफाइ, व्यक्तिगत सरसफाई प्रयाप्त ध्यान दिएको देखिदैन । कम स्वस्थकर वातावरण र रहनसहनमा यहाँको समाज हुर्केको छ । यस चारघरेलाई पूर्णरूपमा खला दिशा मुक्त क्षेत्र घोषणा गरिएकोले सबैको घरमा शौचालय निर्माण गरिएको कारणले सबैले शौचालय प्रयोग गर्ने गर्दछ ।

### ३.८. सडक र विद्युतिकरण

यस चारघरेमा मोटरवाटो व्यवस्थित रूपमा संचालन हुन सकेको छैन । स्थानीय वासिन्दाहरूको सक्रियतामा र स्थानीय निकायको रकमवाट यस गा.वि.स. को केन्द्र बिन्दुसम्म मोटरबाटो निर्माण गरिएको छ । यहाँ वाटोलाई निरन्तर व्यवस्थापन गर्न यहाँका समुदायको एकमत देखिन्छ । चारघरेमा विद्युतिकरणको राम्रो सुविधा भएको पाइन्छ । राम्रो विद्युत वितरण भएकोले सबै बासिन्दाहरूले घरघरमा विधुतिय बस्तुहरू प्रयोग गर्न पाइरहेका छन् । सबैको घरघरमा मोटरको माध्ययमबाट पानी घरको आगनदेखि खेतबारीसम्म प्रयोग गर्न पाइरहेको छ ।

### ३.९. वातावरण र रहन सहन

वातावरण र रहन सहन गाउँको विकासमा प्रभाव पार्ने तत्त्वहरू हुन । जव सम्म गाउँमा स्वस्थ वातावरणको विकास हुदैन तव विकासका विभिन्न पक्षहरूमा निश्चितता आउँदैन । घरमा पालिने गाई, गोरु, राँगा, भैंसी, सुँगुर, कुखुरा, बाखा आदि वस्तुहरू खासै व्यवस्थित रूपले पालन गरेको पाइदैन । घरसँगै वा नजिकै गाईवस्तुको गोठ हुने हुँदा गोवर पिशावमा वसेका झिँगाहरू घरभित्रका खानेकुरामा सजिलैवस्ने हुनाले रोगहरू फैलाउने गर्दछन । अनियन्त्रीत तरिकाले गाई, भैंसी, सुँगुर, बाखा, कुकुर र कुखुरापालिने हुँदा खानेकुरा फोहोर गरिदिने हुनाले समेत स्वास्थ्यमा समेत प्रभाव पारेको देखिन्छ । घरको सरसफाई तथा शारीरिक सरसफाइमा प्रयाप्त ध्यान दिईदैन खाना पकाएका भाँडाहरू राम्रोसँग सरसफाई गरिदैन, दिशापिसाव गरे पछिको सरसफाई पनि कम मात्राले गरेको पाइन्छ । समग्रमा भन्नुपर्दा अधिकांश वासिन्दाहरू न्युन स्वस्थ वातावरण र रहनसहनमा हुर्केको पाइन्छ ।

### ३.१०. आर्थिक जीवन

अर्थ व्यवस्था जुनसुकै समाजको विकासको मेरूदण्ड हो । अर्थ व्यवस्थामा मुख्यतया तीन तत्त्वहरू उत्पादन, उपभोग, वितरण रहेको हुन्छ । नेपाल कृषि प्रधान विकासन्मुख देश भएकाले यसको अर्थव्यवस्था पूर्णतः कृषिमा आधारित छ । गाउँ नै गाउँले मिलेर बनेको यस देशको बहुसंख्यक जनता कृर्षिमा आधारित छ । मानव समाजको हरेक क्रियाकलापलाई प्रत्यक्ष प्रभाव पार्ने आर्थीक पक्षले समुदायको सामाजिक सांस्कृतिक रितिरीवाज चालचलन र जीवनशैलीमा महत्त्वपूर्ण भूमिका खेलेका

हुन्छ । कुनै समाजको कृषि उत्पादन उद्योग धन्दा व्यापार व्यवसायले त्यस ठाउँको विकासलाइ निर्धारण गरेको हुन्छ ।

यस चारघरेमा वसोवास गर्ने मगरसमुदायहरूको अर्थ व्यवस्था भित्र मुख्यतया कृषि, पशुपालनवाट हुने गरेको छ । यहाँका वहुसंख्यक जनता कृषि र पशुपालन क्षेत्रमा निर्भर रहेका छन । यहाँका गाउँलेहरूले आफ्नो खेतीबाट उब्जनी हुने तरकारीहरू आलु, परबल, भेन्टा, सिमि, भिन्डी, गोलभेडा, करेला, तिल, आलस, दाल, मकै, बदाम, तोरी, त्यस्तै गरी फलफूलमा आँप, लिच्ची आदि बेचविखन गरी आफ्नो दैनिकी सामानहरू लिएर घर चलाउने गरेको पाइन्छ । चारघरेका मानिरहस्ले दैनिक जीवनयापन गर्नको लागि विभिन्न हातहतियारहरू प्रयोग गर्ने गर्दछन् जस्मा खुकुरी, बन्चरो, हंसिया, खुर्पि, कुटोकोदालो, चुलेसी आदिको प्रयोग गर्दछन् । (चित्र नं. ८ हेर्नुहोला) यहाँका गाउँलेहरूले साना साना राँगा, बोका, सुँगुर पालेर दशैं, तिहार, सावने संक्रान्ति, माघे संक्रान्ति, फागु जस्ता चाडबाडमा काटेर पनि व्यापार गर्ने गरेको पाइन्छ । यसरी यस क्षेत्रका मानिसहरूको आर्थिक अवस्था कृषिमा निर्भर भएको देखिन्छ ।

यस चारघरेमा व्यापारका लागि ठुलो र व्यवस्थित व्यापारिक केन्द्र छैन । सामान्य खुद्रा पसल, मात्र पाइन्छ (चित्र नं. ९ हेर्नुहोला) । यस क्षेत्रमा उत्पादन हुने तोरी, बदाम, आलु, गोलभेडा, सागसब्जी, दाल, तिल, लसुन, प्याज, धान, सीमि, कुर्ति, आँप, लिच्चि, लगायतका महत्त्वपूर्ण वालीहरू सस्तोमा वेच्न वाध्य भएका छन् । उत्पादन भएको अन्नबाली, फलफुलहरू गाउँले कृषकहरूले ७ कि.मी. टाढाको हटिया बजार गोलबजारमा शनिबार र मंगलबार लगेर बेच्न बाध्य छन् । जसको कारणले गर्दा कृषकहरू मारमा परेका छ ।

# अध्याय-चार
# चारघरेका मगरहरूको सांस्कृतिक जीवन

सोझ्रा, इमान्दार, मेहनेति र कर्तव्यनिष्ट जातको रूपमा चिनिने मगर जातिको शारीरिक बनावट थेप्चा नाक, सानो चिम्सा आँखा, होचो कद, छोटो हातखुट्टा, गोलो अनुहार, राता गाला र शरिरमा रौं कम हुने मगर जातिको विशेषताअन्तर्गत पर्दछ । चारघरेमा मगरहरूको आगमनको विषयमा वि.सं. १९७०/१९७५ ताका यस गोलामा ठुलो बजार लाग्ने भएको कारणलाई मान्न सकिन्छ । जुन गोला चारघरेबाट ३.५ कि.मी. उत्तर तर्फ पर्दछ । गोलामा ठुलो बजार लाग्ने भएको कारणले मानिसहरू किनमेल र बजार भर्ने उद्देश्ले प्रवेश गरेको पाइन्छ । त्यसैगरि यस चारघरे र वरिपरको स्थानहरूमा मगरहरू आसपासका जिल्ला ओखलढुंगा, सोलु, रामेछाप, भोजपुर, खोटाङ, उदयपुर, मकवानपुर, सिन्धुली, नाम्चे, आदिबाट यहाँ बसाईसराईबाट ब्यापारको लागि आएको भनेर यहाँका मानिसहरूको भनाई रहेको छ । यस चारघरेमा पछि बिस्तारै अरु मगरहरू पनि प्रबेश गरेको पाइन्छ । जस्मा सुस्लिङ्गहरू ओखले चारङको उदयपुर जिल्ला, आलेहरू हतपतेको ओखलढुंगा जिल्ला, थापाहरू खप्तडि जस्ता स्थानहरूबाट यहाँ प्रबेश गरेको पाइन्छ । वि.सं. १९७०/१९७५ ताका गोलामा ठुलो बजार लाग्ने भएको कारणले त्यही बजार गर्ने क्रममा उदयपुरका एक  लुड्गेली मगरले यहां आएर यस ठाउँमा खाली जमीनमा खनजोत गरी बस्ने क्रममा उसको चार बहिनी छोरी मात्र रहेकोले तिनै चार बहिनि छोरीलाई विवहा गरी वरीपरी  घरज्वाँई राखी बस्ती बसालेको कारणले नै यस क्षेत्रलाई चारघरे भनिएको भन्ने यहाँका स्थानीयहरूको भनाई बाट थाहा हुन्छ ।

यहाँको मगरहरूको आफ्नै रितिरिवाज, परम्परा, संस्कारहरू रहेको छ । चारघरेको मगरहरूले विशेष गरि कुलपुजा, अषाडी पुजा, पितृ पुजा, दशैं, तिहार, माघेसंक्रान्ति, गोठपुजा जस्ता चाडपर्ब मनाउने गर्दछ । साथै साहायक चाडको रूपमा तिज, छठ, फागुपूर्णिमा जस्ता चाड तराई क्षेत्रमा अवस्थित भएकोले चरघरेको मगरहरूले आफ्नो चाडवाड, संस्कृति, भेषभूषा, भाषा, मौलिक परम्परा, नाँचगान, खानपान, पुजाविधि आदि मनाउनुका साथै मधेसी संस्कृतिलाई सँगसँगै आत्मसाथ गर्दै अघि बढेको पाइन्छ ।

कुनै पनि देश, समाज, ठाउँको बारेमा बुझ्नको लागि त्यस ठाउँको, त्यहाँको मानिसको रहनसहन, लवाईखवाई, उनीहरूको भाषा, भेषभुषा, खानपान, जीवनप्रक्रिया, संस्कृति, लोक संस्कृति आदिको  बारेमा बुझ्न जरूरी हुन्छ ।त्यसैले यहाँ ति विषय बस्तुको बारेमा व्याख्या गरिएको छ ।

### ४.१ घरको वनावट

मगरहरूले बासस्थानको लागि खास गरी खेतिपाति हुने स्थान, माछा मार्न मिल्ने खोलाको किनार वरपर मगरहरूको बसाई डाँडाकाँडा र पाखा पखेराहरूमा केन्द्रित रहेको पाइन्छ । मानिसहरूको बसाईको प्रकार उनीहरूले अपनाएका पेशा, भुगोल, जीवन शैलीसंथ अन्तरसम्बन्धित रहेको हुन्छ ।

परम्परागत रूपमा मगरहरूको घर ढुँगा माटोले बनेको भित्र बाहिर गोबर माटोले लिपेको र खरले छाएको हुने गर्दछ । भुइँतलामा अगेना, चुलो र घरको एक कुनामा देवताको स्थान बनाई पुजा गर्ने गरिन्छ ।यस अध्ययन क्षेत्रमा एक दुई तला भएका घरहरू छन् । यहांका घरका छाना जस्तापाता, फिंगटी, टाली, खप्टा, खरको प्रयोग गरी वनाइएको छ । यहाँको घरहरू धेरैजसो माटो र टाँटीले बनेको कच्ची घर जस्मा रातो माटो र कमेरोले लिपेको हुन्छ भने केही घरहरू काठबाट निर्मित छन् भने केही सिमेन्टको पक्की घरहरू पनि छन् । घरको तल्लो तलामा खाना पकाउन प्रयोग गरिन्छ भने खाना पकाउने ठाउँ वरपर सानो गारो लगाइएको हुन्छ । गारोको छेउमा खानपिन पछि सुत्ने पनि गरिन्छ भने माथिल्लो तलामा अन्न भण्डार गर्ने र सुत्ने पनि गरिन्छ । घरको छेउछाउमा गाई, भैंसी बांध्ने गोठ, कुखुरा, वाख्राका लागि खोर केही पर बारीमा सुँगरको लागि खोर बनाईएको हुन्छ भने घरमा वरण्डा वनाइएको छ । त्यस्ता वरण्डामा प्राय पाहुना आउँदा गफगाफ गर्ने, जाडोमा घाम ताप्न र गर्मीमा सितल ताप्न बस्ने र पढने गर्दछन् । यस अध्ययन क्षेत्रमा वनेका घरमा ऱ्याल, ढोका कम रहेका छन् । कुनै-कुनै पछिल्लो समयमा वनेका घरहरूमा अलि वढी कोठाहरू वनाएका छन प्राय यस्ता घर एक दमै कम छन् । (चित्र नं १० मा हेर्नुहोला) ।

**तालिका नं. ४**

**चारघरे क्षेत्रको मगरहरूको बनावट अनुसार घरहरूको विवरण**

| क.सं. | किसिम | संख्या |
|---|---|---|
| १ | बाँस र टाँटीबाट वनेको कच्ची | १६ |
| २ | काठवाट वनेको | ९ |
| ३ | पक्की | ५ |
| जम्मा | | ३० |

स्रोतः स्थलगत सर्वेक्षण २०७६

### ४.२ भेषभुषा

नेपाल भौगोलिक विविधताको मुलुक हो भौगोलिक विभाजनका दृष्टिले हेर्दा हिमाल, पहाड, तराइ क्षेत्रमा रहने प्रत्येक जातीय भेषभुषाको आफ्नै परम्परा, धर्म, संस्कृति रहदै आएको छ । जातीय भेषभुषा हरेक जातिको फरक फरक रहेको छ । खासगरि मगरहरूको आफ्नौ जतिय भेषभुषा छ जसमा पुरुषहरूको सेतो कछाड, भोटो, टोपि, आस्कोट, सेतो साफा (फेटा), गादो, भाँग्रो आदि पर्दछ भने महिलाहरूको लुङ्गी, मखमलको चोलो, गुन्युचोलो, पहेंलो पटुका, टेकी, मजेत्रो, घलेक, भाँग्रा, पछ्योरी आदि मगरहरूको पारम्परिक मौलिक भेषभुषा हो । गहनाहरूमा भने पुरुषहरूले कानमा रिङलगाउँदछन् भने महिलाहरूले ढुङ्ग्री, माडवारी, फुलि, बुलाकी, चेप्टे सुन, कण्ठ माला, कम्पनि माला (पैसाको माला), औंठी, पहेंलो पोते, लगाउन गर्दछ भने श्रृंगारको रूपमा टिका, चुरा, गाजल,लाली  लगाउने गर्दछ त्यसै गरि खुर्पेटो भिर्ने गर्दछन् । यो मगरहरूको मौलिक पहिचान हो । तर अहिले बाह्य प्रभावको कारणले

गर्दा मगरहरूको मौलिक भेषभुषा र गरगहनाको प्रयोगमा ह्रास आईरहको छ । चाडबाड, कुनै विशेष समारोहमा आफ्नो पोशाक र गरगहनाको प्रयोग गर्न थालेको पाइन्छ । त्यसैगरि यस चारघरेको युवायुवतिहरूले पनि आफ्नो मौलिक पहिरन विशेष चाडवाड, समारोहमा लगाउन थालेको देख्न सकिन्छ । तराई क्षेत्र र मधेशीहरूसँगको पारस्परिक सम्बन्धले गर्दा चारघरेको मगर जातिको भेषभुषामा पनि प्रत्यक्ष असर पारेको छ । त्यसैले पुरुषहरूले आफ्नो मौलिक भेषभुषा नलगाईकन कमिज सुरूवाल, सर्ट पाइन्ट, धोती, गन्जी लगाउँदछन् भने महिलनहरूले सारी, चोलो, कुर्ता सुरूवाल, लेहेंगा लगाउदछन् । तर अहिले आएर यहाँका मगर समुदायका युवा युवतिले आफ्नो मौलिक पोशाक र गरगहना पनि विशेष चाडवाड, विबहा, ब्रतबन्ध जस्ता शुभकार्यहरूमा लगाउन थालेको देख्न सकिन्छ । जस्मा पुरुषहरूले गादो, भाङग्रा, घलेक, भोटे, कछाड, स्टाकोट, कालो टोपी, पटुका लगाउँछन् भने महिलाहरूले लुँङगी, चोलो, टेकी, घलेक, पहेंलो पटुका, सेतो पछ्यौरा, खुर्पेटो आदि लगाउँछन् । यसरी नै गहनामा सिरवन्दी, शिरफूल, फूली, कण्ठमाला, पहेंलो पोते, पैसाको माला, ढुङग्री, बुलाकी, जन्तर आदि लगाउने गरेको पाइन्छ । (चित्र नं. ११ हेर्नुहोला)

### ४.३ खानपान

नेपालको भौगोलिक विविधताको मुलुक भएको कारणले पनि प्रत्येक जतिहरूको आ आफ्नौ मोलिक खानपानको फरक फरक विशेषता हुन्छ । त्यसैगरि मगरहरूको विशेष खानपान अन्तर्गत कोदो रोटी, ढिंडो, फापरको रोटी, ढिंडो, मकै, दालभात, सिन्की, गुन्द्रुक, सेलरोटी, आलसको विरौला, जाँड, रक्सी, सुंगुरको मासु, कुखुराको मासु, विशेष गरी मगरहरूको खाना हो तर यो चारघरेमा भने रोटी, दालभात, सुँगुरको मासु, राँगाको मासु, कुखुरा, माछा, घोंगी, अनारस, ठेकुवा जस्ता, जाँड, रक्सी जस्ता खानपानको प्रयोग भएको पाइन्छ । मगरहरूको स्वादिष्ट भोजनमा ढिडो, कोदोको रोटी, सिन्की, माछा, साग दालभात राँगाको मासु र जाँड/रक्सी हो । चारघरे मगरहरूको खानपानको स्थीतिलाइ हेर्दा साधारण तथा कृषिवाट उत्पादित खाद्य पदार्थ नै उपयोग गरेको पाइन्छ । रोटी, दाल, भात, तरकारी साग दैनिक जीवनको खानपान हो । प्राय जसो वृद्ध तथा वालवालिकहरू समेतले खाने एउटै किसिमको खाना प्रयोग गरेको प्रचलन रहेको छ । विशेष चाडपर्वको अवसरमा यहाका मगरहरू पाहुनाको सत्कारका लागि रक्सी, माछा, लोकल कुखुराको मासु, भात प्रयोग गर्दछन् । चारघरेका मगरहरू जांड रक्सी घरैमा तयार पार्दछन भने मासुका लागि माछा, राँगा, खसी, कुखुरा, सुंगर प्रयोग गर्दछन् । (चित्र नं. १२ हेर्नुहोला)

### ४.४. भाषा

भाषा मानिसको सर्वोपरि उपलब्धि हो भने संस्कृतिको पहिचान हो, । मानव आजको अवस्थामा आइपुग्नुमा भाषाको ठुलो योगदान रहेको छ । आज पनि धेरै मगरहरू मगरकुरा नै गर्छन् तापनि प्रशस्त मात्रामा नेपाली भाषालाई नै मातृभाषा मान्नेहरू संख्या दिनदिनै बढ्दैछ (विष्ट, वि.सं २०५५, पृ. ५२) । मगरहरूको राष्ट्रिय रूपमा आफ्नै भाषा छ । जसलाई मगर भाषा भनिन्छ । यस अध्ययन क्षेत्रमा

वसोवास गर्ने मगरहरूमा पुराना केही व्यक्तिहरूमा मगरहरुको छुट्टै भाषा छ भन्ने जानकारी भए पनि अधिकांस मगरहरूले वोलचालको रूपमा राष्ट्रिय भाषा नै बोल्दछन् । मगरहरू भाषिक रूपले ढुट (बाह्र), खाम/पाङ (अठार) र काइके गरी ३ समुहमा विभाजित छन् (बुढामगर, वि.सं. २०५३, पृ.१७) । त्यस्तैगरी मगरहरूलाई साधरणतया ७ वटा जातमा विभाजन गरेको पाइन्छ : थापा, आले, राना, बुढाथोकी, रोका, घर्ती र पुन (Gautam, 1994, p.24) । चारघरेका मगरहरूको मातृभाषा संरक्षण लागि यहाँका मगरहरू सँगठित हुन नसक्नु र अन्य भाषाको प्रभाव, विद्यालयको पठनपाठनमा नेपाली भाषाको प्रयोग गर्ने जस्ता कारणहरूले गर्दा यहाँका मगरहरूले मगर भाषा विर्सिएको वताउँछन । चारघरेका बुढापाकाहरूले मगर भाषा बाले पनि युवापुस्तामा केहीले मात्र मगर भाषा बोल्न जान्दछन् भने धेरैजसोले नेपाली भाषा, मैथली भाषा बोल्ने गरेको पाइन्छ । यस अध्ययन क्षेत्रमा धेरैजसो घरकै उत्तरदाताले आफ्नो भाषा मैथली र नेपाली रहेको बताए ।

### ४.५ धर्म

मगरहरूले विशेष रूपमा हिन्दू र बौद्ध धर्म मान्ने गरेको पाइन्छ । आधुनिक सभ्यतासँग पश्चिमी धर्महरूको पनि प्रचारप्रसार बढ्दै जाँदा केही मानिसहरू यी धर्म बाहेक अरु धर्म पनि मान्ने गरेको  देखिन्छ । यस क्षेत्रमा मगरहरूले विशेषगरी हिन्दू धर्म नै अङ्गाल्दै आएको पाइन्छ ।

### ४.६चाडपर्व

संसारका हरेक ठाउँमा वसोवास गर्ने मानव जातिहरूले आ-आफ्नो परम्परा संस्कृति अनुसार चाडपर्व मनाउदै आएका छन् । जसलाइ संस्कृतिको मुख्य अङ्ग मानिन्छ । नेपालमा पनि विभिन्न जाती समुदायहरूका आ-आफ्नै परम्परागत चाडपर्व छन् । मगर जातिको पनि आफ्ने गौरवमय संस्कृति परम्परा भाषा र इतिहास छ । यहाका मगरहरूले हिन्दु धर्म अनुसार मनाउने सवै चाडपर्व मनाउछन् । यसका साथै यिनिहरूमा आफ्नो मौलिक चाडपर्व समेत रहेका छन । मौलिक चाडपर्वहरूमा आफन्तहरूलाइ वोलाएर विशेष भेटघाट खानपान र दुःख सुख साटासाट गर्दछन । मगरहरूको चाडपर्वमा परिवारका सदस्यहरू भेटघाट गर्ने एउटा उपयुक्त मौका पनि हो । यस क्षेत्रमा मनइने धेरै जस्तो चाडपर्वमा जाँड रक्सी र माछा मासुलाइ बढी महत्त्व दिइन्छ । विशेष गरि यस समुदायमा वसोवास गर्ने मगरहरूले मान्ने चाडपर्वहरू निम्न प्रकारका रहेका छन् ।

#### ४.६.१ बैशाख पूर्णिमा (कुल पुजा)

यो पर्व हिन्दु परम्परा अनुसार आ-आफनो तरीकाले आफनो कुलदेबतालाई खुशी पार्नको लागि पुजाआजा गर्ने गर्दछ । यो पर्व बैशाख महिनामा मनाईन्छ । यस दिनमा घरका महिलाहरूले बिहानै उठेर घर लितपोत गरी पवित्र पार्दछन् भने घरका जेठो छोरा नाति पुरुषहरू पुजा गर्नको लागि भान्साको अगेनामा कुलदेविको स्थापना गरि पुजा गर्ने गर्दछन् । मगरहरूको कुलपुजामा महिलाहरूले कुलदेवताको पुजा गर्दैनन् । यस कुलपुजामा आफ्नो कुलदेवी खुशी भई घरका सबै घर परिवारमा सुख शान्ति छाओस्,

वर्षभरि नै राम्रो शुभ होस् भनेर विहान सबेरै उठेर भान्सा सफा गरी अगेनालाई लितपोत गरी कुलदेविको पुजा अर्चना गर्ने गर्दछ । यस चारघरेको कुलपुजामा सबै मगरहरूको आफ्आफ्नै गोत्र अनुसार कुलदेबीलाई कुखराको भाले, पोथी, वा कसैले भालेपोथि नै जोडी बनाएर बली दिने गर्दछ, भने कसैले सुँगुर, राँगा, बोका बलि दिने चलन रहेको छ र त्यो पुजा गरेको मासु घरमा भएको सदस्यले मात्र खाने चलन रहि आएको छ । यो कुलदेवताको पुजा सबैको आ आफ्नो तरिकाले गर्ने गर्दछ । कसैले अगेंनामा, कसैले घरभन्दा पर कुलदेवताको थान बनाएर पुजा गर्ने गर्दछ । यो कुलपुजा सकेपछि नाङलोमा घरमा पकाएको सबै परिकारहरू राखेर दोबाटोमा लगेर आफ्नो पितृलाई सम्फेर चढाउने गरिन्छ सबै पुजा अवधिभरी चोखो रहि पुजा गरे पश्चात घरको सबै सदस्यहरूले खुशी मनाएर मासु, रक्सी, मिष्ठान्न भोजन खाएर कुल पुजा समाप्त गर्दछन् ।

### ४.६.२. अषाडी पुजा

यो अषाडी पुजा चारघरे क्षेत्रमा अषाढ महिनामा गाउँका सबै जातिको मानिसहरूले  मिलेर गाउँ देखि १ कि.मि. उत्तर तर्फ रहेको धमिनि थानमा जम्मा भएर बडो धुमधामका साथ मनाउने गर्दछ । यस अषाडी पुजाको लागि राजदेविको पुजा गर्ने गरिन्छ जुन पुजाको लागि धमिनिथान निर्माण गरिएको छ ।

मिति २०७६।९।१ मा आकाश थापासंग लिइएको अन्तवार्ता अनुसार यस अषाडी पुजामा वर्षभरीको लागि अन्नको दुख नहोस्, राम्रो वर्षा होस् भनेर ईन्द्रको प्राथना गर्दै यो पुजा यस क्षेत्रमा अषडी पुजाको रूपमा मनाइन्छ । यो आषाडी पुजा अषाड महिनाभित्रमा राम्रो साईत निकालेर अषाडी पूजा गरिन्छ । यस अषाडि पुजाको लागि प्रत्येक घरधुरी एक माना चामल र  पैसा उठाएर कालो बोका देविलाई बलि दिईन्छ र सोहि बोकाको मासु  प्रशादको रूपमा गाउँलेहरूलाई खुवाईन्छ । अषाडि पुजामा धामी झाँक्रिको विशेष महत्त्व रहेको पाइन्छ । त्यसबेला धामी झाँक्रीले पुजा गर्ने, देवीलाई बलिदिने कार्य समेत गर्दछन् । अषाडी पुजामा धामीले बलिको रूपमा विशेषगरी कुखुरा, परेवा, बोका पाठी आदि भोग दिने गर्दछन् । यो अषाडी पुजा यस चारघरे र यस गा.वि.स.को एउटा महत्त्वपूर्ण चाडको रूपमा रहेको छ ।

### ४.६.३. साउने सक्रान्ती र पितृ पुजा

यो पर्व श्रावण १ गते मनाइन्छ, यस पर्वमा खेती लगाइ सकेको अर्थात हिलोवाट उम्केको उपलक्ष्यमा मनाउने गरेको पाइन्छ । सावन एक गतेलाई बडो रमाईलो मानि आफन्तहरू बोलाएर अरूदिन भन्दा अलि मीठो र राम्रो खाना बनाएर खाने गर्दछन् । किसानहरूले मात्र नभएर अन्य परिवारले पनि ईष्टमित्र, पाहुना, छोरी ज्वाइँ बोलाएर मिठा मिठा खानेकुरा माछा, लोकल भालेको मासु, सुँगरको मासु, तरूवा, दालभात, जाँड रक्सी खुवाएर रमाईलो गर्ने गर्दछन् । साथै पितृ पुजा पनि यहि श्रावण महिनाभित्र चारघरेको मगरहरूले आफ्नो दिवंगत भएका पुर्खाहरूलाई सम्फेर मिठो मिठो खाना परिकार बनाएर भात, माछा, मासु सेलरोटी, तरकारी, अचार रक्सि जस्ता परिकार नाङ्लोमा राखी दोबाटोमा

लगेर पितृलाई चढाउने गरिन्छ । यसरी यस पितृ पुजा गरी आफ्नो पितृलाई सम्मान गरेको मानिन्छ । यो पितृपुजा पनि चारघरेको मगरहरूको एउटा मुख्य संस्कार अन्तर्गत पर्दछ ।

### ४.६.४. तिज

यो तिज पर्व मगर समुदायको मुख्य चाड नभएता पनि यहाँका मगर महिलाहरू यस तराई क्षेत्रमा बसोबास गर्ने र यहाँको समुदायसंग घुलमिल र सामिप्यताको कारणले चारघरेका मगर महिलाहरू ब्रतवसी धुमधाम सँग मनाउंछन् । तिजको वेलामा मगर महिलाहरू ब्रत बसेर दिनभरी निराहार रहि रातो पहिरनमा नाचगान गर्दै बिशेष गरि आफ्नो श्रीमानको दिर्घायु र आफ्नो सन्तानको प्रगतीको कामना गर्दै नजिकै रहेको कुशेश्वर माहादेबथानमा गई पुजा अर्चना गर्दछन् । यहाँका मगर महिलाहरू विभिन्न पोशाकमा सजिएर नाचगान गरि रमाइलो गर्दछन् ।

### ४.६.५. दशैं

हिन्दु धर्मावलम्वीहरूले मनाउने. महान चाडको रूपमा दशैंलाइ लिने गरिन्छ । यो नेपाल अधिराज्यभरका हिन्दु धर्मावलम्वीहरूले धुमधामका साथ मनाउने गर्दछन् । यस क्षेत्रमा वसोवास गर्ने मगरहरूले दशैमा मकै, जौं, धानको जमरा राख्दछन भने रातो टिका लगाउँदछन् । दशैंमा आफ्नो क्षमता अनुसार नवमीमा बोका, कुखुरा काटी दुर्गा पुजा गरीन्छ । दशैंमा टिका थाप्नका लागि इष्टमित्र नजिकको नातेदारहरू कहाँ जाने गरिन्छ । ससुराली, माईति, मामाघर आदि जस्ता एकदम नजिकको नाताको लागि साथमा खोयाबिर्के रक्सि, भाले कोशेली लग्ने चलन छ भने अरू आफन्तको लागि चिनि, चियापत्ति, फलफूल, मिठाई लाने चलन रहेको छ । अष्टमीदेखि नै सबैको घरघरमा खसि, बोका, सुँगुर, राँगा, भाले काट्ने गर्दछ र मासु, मुरी, चिउरा, अचार रक्सि आदि खाएर रमाईलो गर्ने गर्दछ । दशमीको दिनमा आफुभन्दा ठुलाबडाको हातको टिका लगाएर आशिर्बाद थाप्ने गरिन्छ । दशैंमा पहिला पहिला लौ लौ भाका पनि गाउने गरिन्थो भन्ने जानकारी हर्क बहादुर मगर बाट जानकारी भए अनुसार अहिले यो लोप भैसकेको पाइयो । दशैंभरी नै हिन्दु संस्कार अनुसार मगरहरूले पनि घटस्थापना देखि पुर्णिमा सम्म मनाउने गरेको पाइन्छ ।

### ४.६.६. तिहार

तिहार नेपालीहरूको दोस्रो ठुलो चाड हो । मगरहरूले तिहारलाइ औंशीको रूपमा चिन्दछन । तिहार ५ दिन सम्म मनाउने गर्दछन् । काग तिहार, कुकुर तिहार, गाई पुजा वा लक्ष्मी पुजा गरी अन्तिम दिन गोर्बधन पुजा वा भाईटिका गरि सम्पन्न गरिन्छ । भाई टिकाको दिन दिदी वहिनी कहाँ गइ दाजुभाईले टिका थाप्ने चलन छ । टिका लगाई दिएपछि चेलिवेटीलाई क्षमता अनुसार दक्षिण दिने र दाजुभाईलाई दिदी बहिनीले टोपी लगाई दिएर टपरीमा सेलरोटी, तरकारी, अचार, माछा, मासु, भाई मसला राखेर दिने चलन छ । तिहारमा यस चारघरेका मगरहरूले विशेष गरीसेलरोटि, अनारसा, सुंगुरको मासु, घरमै पारेको मौवाको रक्सी, जाँड खाने चलन छ । त्यसपछि टिका लगाउने काम सकेपछि सबैजना युवायुवतिहरू मिलेरघरघरमा गइ देउसी भैलो खेल्ने गर्दछ । यस देउसी भैलोमा अहिलेका नयाँ

पिंडिका युवायुवतिहरूले लोक नृत्य देखाउने गर्दछ, कसैले आधुनिक गित, विभिन्न हिन्दी गीतमा नृत्य गर्दछ भने कसैले परम्परागत लोक भाकामा लोक गीत, भजन गाएर मनोरञ्जन दिने गर्दछन् यस देउसी भैलोमा मादल, डम्फु, खैजडी, बाँसुरी, हारमोनियम बजाएर गीत गाउने र नाच्ने गर्दछ भने बुढापाकाहरूले सोरठी नांच नाच्ने गर्दछन् । तिहारमा युवायुवति मिलेर देउसी लक्ष्मि पुजादेखि एकादशी सम्म खेल्ने गर्दछ देउसी भैलो खेल्नका लागि यो समुह टाढा टाढाको गाउँसम्म पुगेर देउसी खेल्ने गर्दछ र सो बाट उठेको रकम गाउँको भलाइको लागि केही रकम कोषमा राखेर केही रकम बनभोज गएर रमाईलो गर्ने गर्दछ । (चित्र नं. १३ हेर्नुहोला )

### ४.६.७. छठ

छठ पर्ब कार्तिक शुक्ल चतुदर्शीको दिनबाट शुरू हुने गर्दछ ।यस छठ पर्बमा विशेष रूपमा सुर्यको पुजा आरधाना गर्ने गर्दछ । छठ पर्वमा ब्रतालु भक्तजनले ब्रत बसि अस्ताउँदो सूर्य र उदाँयदो सूर्यलाई पुजा गरी सम्पन्न गर्ने गर्दछन् । यस चारघरे तराई क्षेत्रका अवसथित रहेकोले यहाँका मगरहरूले पनि छठ पर्ब हर्षोउल्लासका साथ मनाउने गरेको पाइन्छ । यहाँका मगर समुदायका मानिसहरूले छठ पर्बमा छठी देबीको पुजा गर्ने गदछन् । यस छठ पुजाको अवधि ४८ घण्टा हुने गर्दछ ।चारघरेको ब्रतालुले आफ्नो घर नजिकैको सेति पोखरीमा गएर उदाउँदो सूर्य र अस्ताउँदो सुर्यलाई अर्ग दिएर पुजा समाप्त गर्दछन् । यस छठ पुजामा विशेष गरी ठेकुवा, उखु, केरा, नरिवल, फलफुल, जौ, मिठाई चढाउने गर्दछ भने यस्ता सामाग्री राख्नको लागि ढाकी मुख्य रूपमा प्रयोग गर्ने गर्दछ भने माटाको हात्ति पनि एक नभै नहुने विशेष बस्तुको रूपमा चढाउने गरेको पाइन्छ । यस छठ पर्बलाई यहाँको मगर समसदायले विषेश महत्त्व दिएर मनाउने गरेको पाइन्छ । (चित्र नं. १४ हेर्नुहोला)

### ४.६.८. माघेंसंक्रान्ति

यस माघे संक्रान्ति पर्वलाई यहाँका मगरहरूले विशेष चाडकोरूपमा मनाउने गर्दछन् । माघे संक्रान्ति मगर समुदायको विशेष चाड हो । यो चाड माघ महिनाको पहिलो दिन अर्थात माघ १ गते मनाउने गर्दछ । यो दिनमा गाउँमा बिशेष गरी सुँगुर काट्ने गर्दछ । यस दिनमा यहाँका मगर समुदायले आफ्नो इष्टमित्रलाइ वोलाएर सुँगुरको मासु, माछा, मासु, रक्सी, सेलरोटी, तिलको र मुरीको लड्डु, कुर्तिको झोल (गहतको दाल), तरूल, सुठुनी, दालभात, सब्जी आदि खुवाउने गर्दछन । खानपिन सकिएपछि मादल वजाएर नांचगान गरी रमाइलो गर्दछन । यस माघे संक्रन्तिको दिनमा मगर समुदायका मानिसहरू नजिकैको कुशेश्वर मन्दिरमा गएर पुजा गर्ने गर्दछन् । यस पर्बमा विशेष गरेर छेरी ज्वाँई, चेलिबेटि, भान्जा भान्जी, दिदी बहिनीलाई निम्तो दिने गर्ने चलन मगरहरूमा पाइन्छ । अहिले आएर कतिपय युवा युवतिले आफ्नो मगर पोशाक पनि यो दिनमा लगाउने गरेको पाइन्छ । (चित्र नं. १५ हेर्नुहोला)

### ४.६.९. फागुपूर्णिमा

यो पर्व खासगरी नेपाली र भारतियहरूले प्रत्येक वर्षको फागुण शुक्ल पूर्णिमाको दिनमा मनाईने हिन्दुहरूको प्रमुख चाड हो । यो चाडलाई पनि चारघरेको मगर समुदायले तराई क्षेत्रमा बसोबास गर्ने भएकोले हर्षोउल्लासका साथ मनाउने गरेको पाइन्छ । यो दिनमा यहाँका मानिसहरूले दु:ख पिडा बिर्सेर साथिभाईहरूसँग मिलेर रङ्ग लगाएर शुभकामना आदानप्रदान गर्ने गर्दछन् । यस दिनमा घरघरमा सुँगुरको मासु, अचार, छोला, पुरी तरकारी, मुरी, चिउरा रक्सि खाएर साँझ परेपछि आगो वालेर रमाईलो गर्ने गर्दछन् । यो दिनमा युवाहरूले खुला रूपमा गाँजा, भाँग पनि खाने गर्दछ । साँझमा सबैजना मिलेर एक ठाउँमा जम्मा भएर आगो बालेर बिभिन्न खानेकुरा मुरी, चिउरा, मासु रक्सी प्रशादका रूपमा खाएर भजन गाउँदै, नाँचगान गरेर होली समापन गर्ने गर्दछ ।

### ४.६.१०. गोठ पुजा

चारघरेको मगरहरूले मनाउने एउटा मुख्य चाडको रूपमा गोठ पुजा पनि पर्दछ । यो गोठ पुजा चैत्र महिना भित्र गरिने गरिन्छ । यो गोठ पुजा आफ्नो गाई वस्तुको सुरक्षा र पशुपंक्षिको राम्रो होस भनि गोठमा नै पुजा गरिन्छ । यो पुजामा गोठमा कुखुरा, बोका, परेवाको बलि दिने पनि गरिन्छ । यस पुजा पश्चात प्रशादको रूपमा बलि दिएको कुखुरा, बोका, परेवाको मासु आफ्नो छोरी, ज्वाँई, भान्जा, भान्जि आफन्तहरूलाई निम्ता दिइ खुवाउने चलन यस चारघरेको मगरहरूको रहेको छ ।

## ४.७ मगर जातीमा प्रचलित विभिन्न संस्कार

मानव जीवनमा सामाजिक तथा संस्कृतिक संस्कारहरूको मुख्य स्थान रहेको छ । कुनै पनि जातिमा आफ्नै खाले संस्कार, रितिरीवाज र परम्परा रहेका हन्छन् । त्यस्ता संस्कार त्याग्न सकिदैन । वरू संस्कारहरूका केही प्रकृयामा परिमार्जन हुन सक्दछ । सवैले आ-आफ्नो प्रकारको संस्कार र परम्परलाइ अङ्गाल्दै आएका छन । त्यस्तै प्रकारले चारघरेका मगरहरूले पनि आफ्नै प्रकारको रितिरीवाज र संस्कार मनाउने गरिको पाइन्छ । मानिस जन्मेदेखि मृत्युसम्म गरिने विभिन्न परम्परा, रितिरिवाज नै संस्कार भित्र रहेको छ ।

### ४.७.१ जन्म संस्कार

यस मगर समुदायमा कुनै पनि विवाहिता महिला गर्भवती भएपछि सुत्केरी नहुँदा सम्म र सुत्केरी पछि कहि दिन गह्रौं काम नगर्ने उक्त अवधिभर महिला पुरुषले दुवैले मारकाट नगर्ने पुजा आजा नगर्ने प्रचलन छ । यहा गर्भ अवस्थामा स्वास्थ परिक्षण गर्ने प्रचलन कमै छ । गर्भ भएको वेला बाहिर कतै हिड्दा अरूको आँखा लाग्ने र गर्भ खेर जान सक्ने विश्वास गरिन्छ । सुत्करी घरैमा गराउने सुत्केरी हुँदा गाउको बुढा महिलाहरूको सहयोग लिन्छन् । बच्चा जन्मे पछि समय दिनवार टिपेर राखिन्छ । नाभी हसियाले काट्ने गरिन्छ र नाभी काटेको हतियार शुरक्षित साथ राखिन्छ । सुत्केरीलाइ न्वारान नभए सम्म अलग राखिन्छ । यस समयमा सुत्केरीलाइ पोषीला खानेकुराहरू लोकल कुखुरा झोल, ज्वानोको झोल

खुवाइन्छ । वच्चा जन्मेको ६ दिनमा छैठी गरिन्छ । छैठिले भाग्य लेखिदिने विश्वास हुनाले त्यसदिन रातभर तेलको बत्ति वालिन्छ । वच्चाको न्वारन बच्चा जन्मेको ७ वा ११ कुनै पनि दिनमा समय मिलाएर गरिन्छ । न्वारन गर्दा बृद्ध महिलाद्वारा वच्चा बाहिर निकाल्ने सुर्य तर्फ फर्काउने गरिन्छ भने न्वारनका दिन कन्याद्वारा गाइको गहुँत छर्केर घर शुद्ध पारिन्छ । न्वारन नगर्दा सम्म अशुद्ध मानिन्छ भने त्यस अवधिमा पुजाआजा गरीदैन ।

### ४.७.२ न्वारन

वच्चा जन्मे पछि ७ वा ११ दिनमा समय मिलाएर न्वारन गरिन्छ । न्वारनका दिन घर सफा सुग्घर गरिन्छ । त्यसैदिन वच्चा र आमालाई नुहाइ दिने गरिन्छ । कन्याद्वारा गहत छर्केर चोखो गरिन्छ । मगर समुदायको पुरेत वाप्पाले वच्चाको नाम राखिदिन्छन । यस दिनमा बच्चाको बाबु अनिबार्य हुन्छ । न्वारन पूजा सकेपछि बच्चाको हात र खुट्टामा डोरो बाँध्ने गरिन्छ ,त्यस डोरोले बच्चाको रक्षा गर्दछ भन्ने विश्वास छ । त्यस दिनमा आफन्तहरूलाई निमन्त्रणा गरिन्छ र आफन्तहरूलाई पनि बाहुनले गहुँत छर्केर सुतक चोख्याउने गरिन्छ र निमन्त्रण गरिएको पाहुनालाइ सुँगरको खसिको मासु, कुखुराको मासु भात, रक्सी बनाएर भोज खान दिइन्छ ।

### ४.७.३ अन्नप्रासन

न्वारन भए पछि गरीने संस्कार अन्नप्रासन हो । यसलाइ पास्नी पनि भनिन्छ । यस संस्कारमा छोरा भए ६ महिना छोरी भए ५ महिनामा पुरेतद्वारा राम्रो साइतको दिन हेराइ नयाँ लुगा गहना लगाएर घरमा पाकेको सबै परिकार बच्चालाई खान दिई साथै वच्चालाइ रक्सी चखाइन्छ । यस दिनमा विशेष गरेर बच्चालाई खिर खुवाउने गरिन्छ । यसको लागि नयाँ थाल, कचौराको प्रयोग गरी यस दिनको लागि बच्चालाई नयाँ कपडा लगाएर सर्व प्रथम बच्चाको आमा बुबाले भात खुवाइदिन्छन । त्यस पछि क्रमशः बाजे, बोजु, मामा, माईजु, काका काकी, क्षामा, फुफु, फुफाजु हुँदै इष्टमित्रबाट भात खुवाइ आफ्नो क्षमता अनुसार आशिषका साथै उपहार दिन्छन । इष्टमित्रहरूलाइ दाल, भात, मासु, तरकारी रक्सी खुवाइन्छ । यसरी पास्नी सम्पन्न गरिन्छ ।

### ४.७.४. छेवर

यो कार्य गर्नको लागि मगरहरूको बाहुनलाई शुभ दिन हेर्न लगाईन्छ र लगन जुरेको दिनमा यो शुभ कार्य छेवर सम्पन्न गरिन्छ । यो कार्य विशेष गरि बच्चा ३, ५, ७, ११, १३, १५ जस्ता बिजोडी वर्ष पारेर सम्पन्न गर्ने गरिन्छ । छेवर गर्दा मामा र दिदी बहिनिको विशेष भूमिका हुने गर्दछ ।

छेवरकोबेलामा मामाले भान्जाको कपालमा छुरा लगाएर कपाल काटिदिन्छ भने सो ताछेको कपाल दिदी बहिनिले चरेशको थालमा थापेर कुनै चोखो स्थानमा लगेर कपाल फालिदिने गर्दछ । छेवर गर्ने साईतमा नै जग्गे बनाई बिभिन्न पुजा होम लगाउने चलन पनि पाइन्छ । छेवरमा मावलि तर्फबाट भान्जालाई सगुन दिने नयाँ कपडा लगाईदिने गरिन्छ । यो शुभ कार्य सम्पन्न गर्दा गाउँले, साथिभाई,

ईष्टमित्र, आफन्तहरूलाई निम्तो दिई भोज खुवाईन्छ र आउने आफन्त, परपाहुनाहरूले पनि सो बच्चालाई टिका लगाईदिएर आशिर्बाद दान दिने गर्दछ । यस बेला भोजमा आफ्नो गच्छे अनुसार सुँगरको, कुखुरा, राँगा, खसिको मासु, भात, तरकारी, अचार, रक्सि खुवाउने गरिन्छ र रातभरी नाँचगान, गरि सो कार्य सम्पन्न गरिन्छ ।

### ४.७.५ गुन्युचोलो

मगरहरूमा छोराको छेवर गरे जस्तै छोरीको गुन्युचोलो पनि एक महत्त्वपूर्ण कार्यको रूपमा लिईन्छ र सम्पन्न गरिन्छ । छोरीको गुन्युचोलो गर्न पनि पहिला पुरेतलाई साईत हेराउन लगाई जुरेको दिनमा सो कार्य सम्पन्न गरिन्छ । यो गुन्युचोलो दिनको लागि पनि ३, ५, ७, ९, ११ जस्ता विजोडी वर्षमा दिईन्छ । जुन छोरीहरू रजस्वला हुनुभन्दा अगाडीको समयमा दिइन्छ । यस बेला पनि घरमा जग्गे बनाई विभिन्न पुजा पाठ, होम गरी छोरीलाई बाबा आमाले टिका लगाईदिएर नयाँ लुगा धोती, चोलो, घुम्टो, पटुका, चुरा, माला आदि लगाईदिएर सृंगारेर बेहुली जस्तै बनाईन्छ । अहिले आएर कसैकसैले गुन्युचोलोको सट्टामा आफ्नौ मौलिक पोशाक मखमलको चोलो, लुङगी, घलेक, टिकी, पहेंलो पटुका, पछ्यौरा आदि पनि दिने चलन चारघरेमा देख्न सकिन्छ । यो बेलामा पनि गाउँमा सबै आफन्त, साथिभाई, इष्टमित्रलाई निम्तो दिएर विभिन्न परिकारहरू मासु, भात, रोटी, तरकारी, अचार, रक्सि जस्ता खानेकुरा खाएर रातभरी नाँचगान गर्दै यो कार्य सम्पन्न गरिन्छ । (चित्र नं १६ हेर्नुहोला)

### ४.७.६.विवाह

विवाह सन्तान उत्पादन गर्ने वैद्यानिक संस्था हो । विभिन्न जाति समुदायमा विवाह पद्धति आफ्नै किसिमका परम्परामा आधारित हुन्छन । हाम्रो नेपाली समाजमा मुलुकी ऐनले विवाह गर्दा आफ्नो हाडनाता भित्र अर्थात सातपुस्ता भित्र विवाह गर्न वन्देज लगाएको पाइन्छ सो हाड नाता वाहेक आफ्नो इच्छा अनुसार खुशि राजीले विवाह गर्ने आफ्नै प्रचलन रहेको छ । मगर समुदायमा पनि विवाह प्रथा आफ्नै किसिमको रहेको छ । मगरहरूले प्राय आफ्नो दिदि/बहिनीको छोरालाइ छोरी दिने र मामाकी छोरीलाइ विवाह गर्ने गरेको पाइन्छ । यसलाई मामाचेलि फुपुचेलि भनिन्छ । मगरहरूले मामाकी छोरीमा हक लाग्छ भन्ने गर्दछन् । वर्तमान अवस्थामा यस अध्ययन क्षेत्रका मगरहरूले प्रायः दुइ प्रकारले विवाह गर्ने प्रचलन छ ।

१) मागी विवाह

२) प्रेम विवाह

**१) मागी विवाह**

यहाँको मगर समुदायमा मागी विवाहमा महिला अभिभावकहरूको सहमतिमा गर्ने गरिन्छ । केटापट्टिको अभिभावकहरूले केटिपट्टीको अभिभावकसँग प्रस्ताव राख्दछन । यसरी केटा केटी माग्न जाँदा केटा पक्षले कोशेली रक्सी, रोटी, फलफुल, भाले लिएर जाने चलन छ । केटी दिने पक्का भएमा उक्त

कोशेली रक्सी केटिले नै खोलेर सबैलाई खुवाएर स्वीकार गरिन्छ । यदि केटि नदिने भए फर्काइदिने गर्दछन् । विवाह पक्का भएपछि राम्रो दिनको साइत हेराएर विवाहको दिन तय गरिन्छ । सो दिन विवाह सम्पन्न गरिन्छ । साधारणतया तिन दिन भित्र दुलहि फर्काउने चलन छ । दुलही फर्काउदा रोटि, रक्सी, सुँगरको साप्रो, फलफुल साथमा लाने गरिन्छ । प्रायः सानो समुहमा माइती फर्काउने चलन रहेको छ ।

**२) प्रेम विवाहं**

प्रेम विवाहले मगर समुदायमा वढि महत्त्व पाएको छ । प्रायः विभिन्न मेलापर्वहरूमा केटा केटीहरूको भेटघाट हुने गर्दा मायाप्रिति बस्दछ । केटाकेटी बिचमा प्रेम सम्बन्ध भएपछि अभिभावकहरूको मन्जुरीमा घरमा भित्राइन्छ । यदि स्वीकृति नदिएमा केटाकटीहरू घर देखि टाढा आफन्त कहाँ गएर वस्ने र आफन्तको सहयोगमा भित्राइने चलन छ । प्रेम विवाह गर्ने प्राय कम उमेरका हुन्छन । १६/१७ वर्षका केटाकेटीले प्रेम विवाह गरेको पाइन्छ । वर्तमान समयमा अन्तरजातीय विवाह समेत प्रचलनमा आएको छ । विवाह सम्वन्धमा उत्तरदाताहरूले २० वर्ष भन्दा माथिको उमेर उपयूक्त वताए पनि व्यवहारमा त्यसलाइ अपनाइएको भेटिएन दाइजो प्रथा सम्वन्धमा मिश्रीत प्रतिकृया छ ।

मगर समाजमा विवाह प्रथामा माइती अनिवार्य वुझाउनुपर्ने प्रचलन छ । मागी विवाहमा विवाह पश्चात ३-५ दिनमा फर्कदा माइती बुझाइन्छ भने प्रेम विवाह/भागी विवाहमा प्राय जसो केटा केटीले वच्चा जन्माए पछि वुझाएको पाइयो । माइति वुझाउदा विहेमा जस्तै जन्ती लिएर दुलाहा दुलहिको रूपमा तथा छिमेकमा वसोवास गर्ने व्यक्तिहरू समेत जन्तीको रूपमा जाने गरेको पाइन्छ । यसलाई टिका फुकाउने पनि भन्ने गरिन्छ । यतिन्जेल सम्म छोरीलाई माईति पक्षले स्विकार गरेको हुँदैन युसरी टिका फुकाएपछि मात्रै छोरी ज्वाँईले केटिको घरमा वा माइतिमा आउन पाउने चलन मगर समुदायमा रहि आएको पाइन्छ । यसरी माईति पक्षले टिका फुकाउँदा छोरीलाई कन्या सरी कन्यादान दिने चलन रहेको पाइन्छ ।

**४.७.७. अन्तेष्टि संस्कार**

मृत्यु मानव जीवनको अनिवार्य प्रकृया हो । यो संस्कारलाइ विभिन्न जाति अनुसार भिन्न भिन्न तरिकाले सम्पन्न गरिन्छ । यहाँको मगर समुदायमा व्यक्तिको प्राण जानेवेलामा छोराहरू र नजिकका नातेदारहरूवाट पानी खुवाउने गनिन्छ । मृत्यु भएपछि मृतकका मुखमा दहि र सुनको टुक्रा राखिदिने गर्दछन । मृत्यु भएको व्यक्तिको प्रण गएपछि कात्रोले बाँधि पिताम्बरले लास  छोपेर वासको खट बनाएर खटमाथी राखिन्छ र लासभन्दा अगाडि एकजनाले झण्डा बोकेर वाटो देखाउने गर्दछ र लासलाइ जलाउने घाटतिर लगिन्छ । मुर्दालाइ पहिले छोराले वोक्दछन यसलाइ काध दिने भनिन्छ । यदि दाजु भाइ नभएमा नातेदारहरूले यो काम गर्ने गर्दछन् । मलामी जाने क्रममा अन्य मलामीहरूले मिलेर पालै पालो वोक्ने गर्दछन । यस समुदायमा श्रीमान भन्दा श्रीमती अगाडि मृत्यु भएमा अवीर माला लगाइ दुलही जस्तै गरी सिघारेर लगिन्छ ।

लास लग्दा अगाडि झण्डा त्यस पछि सेतो कपडा वोकेका मानिस लहरै लाग्दछन् । त्यस पछि नाता कुटुम्वहरू कुटो कोदालो लिएर हिड्छन । एकजना वृद्धले जौ, तिल, बाटो भरि फ्याक्दै हिड्छन । लास घाटमा लगेपछि लासलाई काठको चितामा मरेको मान्छेलाइ चामल राखि उत्तानो पारेर जेठो छोराले दागबत्ति दिने गर्दछ भने छोरा नभएमा अन्य दाजुभाईले दागबत्ति दिएर लास जलाईन्छ । लास जलाइपछि छोराहरूले नुहाएर केश मुण्डन गरी सेतो कपडा लगाएर किरिया बस्दछन् र मलामीहरूसुनपानीले छर्केर घर फर्कन्छन् । प्राय १२ वा १३ दिनमा जुठो चोख्याउने गरिन्छ । यसरी जुठो बारेको अवस्थामा किरियापुत्रिलाई कुनै पनि प्रणीहरूले छुनु हुँदैन । किरिया बसेको बेलामा किरियापुत्रिहरूले चोखो ठाउँमा गएर नुहाएर लुगा फेरेर मात्र चोखो पकाएको खाना दिनको एक छाक मात्र खाने गर्दछ जस्को लागि मगरहरूमा क्रियापुत्रीलाई खाना पकाएर खुवाउनको लागि ज्वांईले खाना पकाएर खान दिने चलन रहेको छ जस्ले गर्दा मगरहरूमा ज्वांई र भान्जाको ठुलो भूमिका हुने गर्दछ । जुठो चोख्याउदा आफ्ना चेलिवेटि नातापाता, दाजुभाइ जम्मा हुन्छन । दाजुभाइले मानो (चामल) उठाउनु पर्छ । जुठो चोख्याउने दिनमा क्रियापुत्रीलाइ दिदी बहिनिले दाजुभाईलाई टाउकोमा टोपी लगाइदिइ लुगा फेराईदिन्छ भने भाउजु बुहारीहरूलाई नन्द आमाजुले लुगा पछ्यौरा आडाईदिई नयाँ लुगा पहराईदिने चलन मगरहरूमा पाइन्छ । शुद्धीका दिन आफ्ना दाजु भाइ चेलिवेटि इष्टमित्र जम्मा भइ खानपिन गर्दछन । दिउँसो मलामिहरू र आउने नातागोता परपाहुनालाई पुरी, तरकारी, अचार, मुरी चिउरा, जिलेवि दहि खान दिईन्छ र किरियापुत्रिहरूलाई पनि त्यसैबेला नुन खान दिईन्छ र बेलुका फेरी आफ्नो दाजुभाई, दिदिबहिनि, १३ दिने नाताकुटुम्बहरूलाई मासु, भात, रक्सि नै खवाएर मासु फुकाउने चलन यहाँको मगरहरूमा पाइन्छ । एक वर्षसम्म बरखिको समयमा आमाको भए दूध र बाबुको भए दहि खादैनन् । वर्षदिन पुरा भएपछि बरखि पुजाको साथसाथै नारायणपुजा, होम लगाई बरखी सकाईन्छ र त्यसबेला पुरी, तरकारी, अचार, मुरी चिउरा, जिलेवि, दहि जस्ता खानेकुरा बनाएर नातागोता, परपाहुनालाई खुवाएर बरखि चोख्याईन्छ र सेतो कपडा त्यागेर अरू रङ्गको लुगा फेर्ने चलन छ । अध्ययनको क्रममा यहाँका मगर समुदायमा ज्वाँई र भान्जाको महत्त्व बढि रहेको पाइन्छ ।

### ४.७.९. धामी झाँक्री

मगर समुदायमा धामि झाँक्रीको पनि विशेष भूमिका रहेको हुन्छ । मति २०७६।९।२ गते नन कुमारी आलेसंग लिईएको अन्तवार्ता अनुसार अहिले पनि कोही विरामी पर्दा पनि झारफुक गर्न लैजाने संस्कार यथावतै रहेको पाइन्छ । पुराना मानिसहरूलाई आफ्नो धर्म संस्कृति प्रति बढी चासो भएकै कारणले उनीहरूलाई धार्मिक विश्वास बढि रहेको देखिन्छ । चारघरेका मगरहरूले बाक्सी, बायु, पिचास, मसान आदिका नाममा धामी झाँक्रीहरूसँग झारफुक गर्न लैजाने गरेको पाइन्छ ।

## ४.८ लोक संस्कृति

यस परिच्छेदमा अध्ययन क्षेत्रका मगरहरूको साँस्कृति अवस्था अर्न्तगत लोक नृत्य, लोकगीत, लोक बाजा, भेषभुषा र खानपान, भाषा, जस्ता जीवनप्रक्रियाको बारेमा व्याख्या गरिएको छ ।

### ४.८.१.लोकगीतनृत्य

लोकगीत लोकनृत्यको विषयमा नेपाली समुदाय अत्यन्त धनि छ । त्यसैले राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा नेपाली लोकगीत नृत्य एकदमै रूचाईएको र प्रख्यात छ । साथै लोकगीत, लोकनृत्य, लोकसँगीतले नेपालमा मात्र नभएर विदेशमा समेत राम्रो स्थान पाएको हामी देख्न सक्छौं । लोकगीतले आफ्नो दु:ख पिडा विर्सन, थकाई मेट्न, रमाईलो गर्नको लागि गाउने एउटा महत्त्वपूर्ण पाटोको रूपमा लिने एउटा साधन हो । खासगरी मेलापात, घाँस दाउरा, गोठालो जाँदा, युवायुवति, केटाकेटीहरूले गाउने गरेको हामी अझैपनि गाँउघरमा सुन्न सक्दछौं । लोकसंस्कृति लोकजीवनको अलिखित इतिहास भएकोले यसलाई नयाँ पुस्तामा लोकपरम्पराहरूलाई हस्तान्तरण गर्दै लैजानु पर्दछ । जस्ले गर्दा यस चारघरेको मगरहरूको लोकसंस्कृतिलाई जगेर्ना गर्न सकिन्छ । त्यसैगरी लोकनृत्य पनि यस मगर समुदायको एउटा महत्त्वपूर्ण अङ्ग हो जसलाई निम्न अनुसार बर्गीकरण गरि व्याख्या गरिएको छ ।

### ४.८.२ मारूनी नाँच

मारूनी नाँच मगर, गुरुङ समुदायमा प्रचलित नाँच मध्येको एउटा नाँच हो । साधरणतया गण्डकी प्रदेशमा यो नाँच नाच्ने गर्दछ । मारूनी नाँच्नको लागि साधरणतया दुईचारजना मारूनी, पुर्सुंगे, दुई देखि चारजना मादलेको आवश्यक्ता पर्दछ । खासमा मारूनी नाँचमा महिलाहरूलाई सहभागिता गराईदैन । यसरी यो नाँच विशेष अवसरहरूमा नाच्ने गरिन्छ । यस मारूनी नाँचलाई ठुलो नाँच पनि भनिन्छ (श्रीष मगर, वि.सं. २०६७, पृ १२१) । मारूनी नाँच कुनै खास रीतु, कर्म, पर्व, पौराणीक एवं ऐतिहासिक गाथासँग जोडिएर गाएर नाचिने हुँदा निश्चित तिथि मितिमा आरम्भ गरेर समापन गरिने चलन रहेको छ । यस नाँच बारे मिति २०७६/९/२ गते दौलत बहादुर बुढाथोकीसँग लिईएको अन्तवार्ता अनुसार चारघरेमा पनि यो मारूनी नाँच वि.सं २०४०।२०४२ सालसम्म खुब धुमधामका साथ हरेक दशै तिहारमा नाच्ने गरिन्थ्यो । त्यसबेला सम्म चारघरेमा मा मात्र नभएर त्यस वरिपरिको गाउँहरू बलडाँडा, मुक्सार, गोला, पारिटोल, टोड्के लगायतका गाउँहरूमा तिहारको लक्ष्मि पुजा देखि एकादशी सम्म देउशी भैलोसँगै यो मारूनी नाँच पनि नाच्ने गरिन्थ्यो । जुन नृत्यमा पुरुषहरूले मात्र नाच्ने गर्दथे, मारूनी पनि केटाहरू नै केटि बनेर नाच्थे, त्यसैगरी पुरसुंगे, मादले गरी ठुलो समुहमा मारूनी नाच्ने गर्दथे । यस मारूनी नाँचमा विशेष गरी यो बेला कुनै पौराणीक कथा वा भगवानको कथालाई गीतमा रचेर नाँच्ने गरिन्छ । यस मारूनी नाँचमा विशेष गरि मादल, खैंजडी, डम्फु, बाँसुरी बजाइर नाँच्ने गर्दथे जुन मारूनी २०४०/४२ सालसम्म यहाँ हरेक वर्ष तिहारमा हर्षोउल्लासका साथ नाँच्ने गर्दथ्यो जुन अहिले यो मारूनी नाँच चारघरेबाट लोप भैसकेको छ । (चित्र नं. १७ मा हेर्नुहोला) ।

### ४.८.३ सोरठी नाँच

यो नाँच विशेष गरी मगर र गुरुङ र मगर जातिहरूको अत्यन्त लोकप्रिय नाँच हो । यो नाँच पश्चिम क्षेत्रतिर अझै पनि खुब धुमधामका साथ तिहारको अवसरमा १६ दिनसम्म नाँच्ने गरिन्छ । यो

सोरठी नाँच चारघरेका मगर समुदायमा २०४०/४२ सालसम्म बिशेष गरी तिहारको लक्ष्मी पुजा देखि एकादशीसम्म देउसी भौलोमा नाच्ने गर्दथे भन्ने मिति २०७६/९/२ गते भगीरथ सुस्लिङको अन्तवार्ता अनुसार थाहा पाउन सकिन्छ । जुन समयमा यस क्षेत्रका मानिसहरू देउसी भैलो खेल्न भनेर निकै टाढा टाढासम्म पुग्दथे र सोरठी नाँच्ने गर्दथे । यो सोरठी नाँचमा केबल पुरुषहरूले मात्र नाँच्ने गर्दथे । सोरठी नाँच्ने पुरुषहरूले सारी र चोलो लगाएर महिलाका बनेर नाच्ने गर्दथे र यो नाचमा बाजाहरू मादल, डम्फु, खैंजडी, बाँसुरी जस्ता बाजा बजाएर गीतमा नाँच्ने गर्दथे ।

### ४.८.४ लौ लौ भाका

यो लौ लौ भाका यस चारघरेमा खासगरी मेला, घाँस दाउरा जाँदा, चाडपर्बमा गाउने गरेको पाइन्छ । यस लौ लौ भाका लाई झ्याउरे भाका पनि भन्ने गरीन्छ । मिति २०७६।९।२ मा हर्क बहादुर मगर सँग लिईएको अन्तवार्ता अनुसार यो भाका अहिलेको पुस्तामा नभएको र पहिला पहिलाको मानिसहरूको मनोरन्जन र सुख, दुःखको भाका को रूपमा यो भाका गाउने गरेको पाइन्छ । यो लौ लौ भाका बाट नै कति युवायुवतीहरू जुहारी खेल्दा खेल्दै मायामा परेर घरबार समेत जोडेको कुरा सुन्नमा आयो । हर्क बहादुर मगर आफै पनि लौ लौ भाका गाउने एक उदाहरण हो यस गाउँको लागि । उहाँ अहिले पनि दशैंमा टिका लगाउने दिनमा रातभरी लौ लौ भाका गाउनु हुन्छ । यस गीतमा माया पिरती, सुखदुःख, कुनै कथा देखि लिएर आफ्नो वर्षभरीको कुरा समेत खोल्ने गरेको पाइयो । म आफैले पनि यो भाका दशैंमा हर्क बहादुर मगर र वहाँको साथि सोम बहादुर आलेसँग रातै भरी जुहारी खेलेको प्रत्यक्ष अवलोकन गर्ने अवसर प्राप्त गरे । जस्ले गर्दा पनि यो भाका अब जर्गेना गर्नु पर्ने आवश्यक्ता छ जुन भाका यस गाउँको महत्त्वपूर्ण संस्कृति हो ।

## ४.९ लोकबाजा

नेपालमा बिभिन्न पर्व, जात्रा, मेला आदिमा गीतहरू तथा धार्मिक भजनहरूको साथमा परम्परागत रूपमा बजाउदै आएको बाजालाई लोक बाजा भन्ने गरिन्छ । लोक बाजाहरू कुनै पनि समाजको संस्कृतिलाई संरक्षण गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यस्ता बाजाहरू बिभिन्न स्थान, जाति, पर्व तथा धर्मका आधारमा फरक फरक किसिमका हुन्छन् । मगर समुदायमा प्रयोग हुने बाजाहरूमा मादल, डम्फु, खैंजडी, बाँसुरी आदि हुन् जसको बारेमा यहाँ वर्णन गरिएको छ । जुन यस प्रकार रहेको छ :-

### ४.९.१. मादल

मादललाई नेपाली बाजामा एक विशेष अङ्गको रूपमा लिइन्छ । यो मादललाई काठको मुडामा दायाँ बायाँ प्वाल बनाई छालाले मोडि बिचको भागमा छालाकै डोरीले तन्काएर बनाएको हुन्छ । दायाँबायाँको छालाको बिचको भागमा खरी लगाएर मादल बनेको हुन्छ । यसरी बनेको मादलबाट मिठो मिठो ताल बज्ने गर्दछ मादल नेपाली मौलिक भाका मारूनी, सोरठी, झ्याउरे, सालैजो, कौरा, हुर्रा, टप्पा, हरेक प्रकारको भाकामा पनि बजाउने गरिन्छ । जुन हाम्रो लोक गीतसँगीतको लागि नभै नहुने

एउटा मुख्य बाजा हो । मादल यस चारघरे र यस वरपर नाचिने गरिएको मारूनी र सोरठी नाँचमा बजाईने गरिएको पाइन्छ । (चित्र नं. १८ हेर्नुहोला)

### ४.९.२. डम्फु

डम्फुलाई विशेष गरी तामाङ सेलोमा बजाईने गर्दछ । यो डम्फु गोलो नाङलो आकारको हुन्छ । जसलाई एकापट्टी मात्र बाँसको किलाहरूको साहयताले छालालाई मोडेर बनाइएको हुन्छ । यो बाजा पनि एउटा नेपाली गीतसँगीतमा बज्ने एउटा मुख्य बाजा हो । (चित्र नं. १९ हेर्नुहोला)

### ४.९.३. खैंजडी

खैजडी गोलो आकारमा बनेको हुन्छ । काठलाई गोलो गरी बिचको भागमा छालाले मोडी वरीपरी काठमा प्वालपारी छालालाई सानो सानो काठको टुकाले अड्काएर बनाएको हुन्छ । खैजडी बिशेष गरी सालैज्यु, कौरा, भजन, चुड्काहरूमा बजाईने गरीन्छ । यो बाजाले सालैज्यु, कौरा गीतमा निकै मिठो ताल दिने गर्दछ । (चित्र नं. २० हेर्नुहोला)

### ४.९.४. बाँसुरी

यो बाँसुरी काठ वा बाँसद्वारा बनाईएको हुन्छ । लामो मसिनो बाँसमा बिचबिचमा ७ वटा सानो सानो प्वाल पारी बाँसुरी बनाइएको हुन्छ । यसको आवाज ज्यादै सुरिलो मन लोभ्याउने हुन्छ । बाँसुरीले पनि नेपाली गीत सँगीतमा मिठो सुर दिने गर्दछ । (चित्र नं. २१ मा हेर्नुहोला)

मिति २०७६/९/३ गते दौलत बहादुर मगरसँग लिइएको अन्तवार्ता अनुसार पहिला यस क्षेत्रमा निकै नाचिने गरिएको मारूनी, सोरठी नाँचमा मादल, डम्फु, खैजडी, बाँसरी बजाएर नाच्ने गरिएको जानकारी प्राप्त भयो जसले गर्दा पनि यो नाँच र बाजाहरूको महत्त्व रहेको पाइयो साथै अहिले पनि यस लोक बाजाहरू मादल, डम्फु, खैजडी, बाँसुरीको अहिले यस चारघरेमा विभिन्न चाडपर्बहरूमा, भजनकिर्तन, मेला, जात्राहरूमा अफै पनि यि बजाहरू बजाउने गरिएको यस क्षेत्रमा अवलोकन गर्दा पाइयो ।

# अध्याय-पाँच

# चारघरेका मगरहरूमा आएको सामाजिक र सांस्कृतिक परिवर्तन

## ५.१. सामाजिक परिवर्तन

सामाजिक अवस्थामा आउने सकारात्मक परिवर्तन नै सामाजिक परिवर्तन हो । जस्तै परम्परागत रूपमा संयुक्त परिवारको ढाँचाबाट सानो परिवारको रूपमा स्थापित भएको पाइन्छ । सामाजिक परिवेश, क्रियाकलाप, मुल्यमानयता, सरोकार एवं सम्बन्धहरू परिवर्तन आई एउटा अवस्थाबाट अर्को अवस्थामा पुग्ने प्रक्रिया वा प्रवृतिलाई सामाजिक प्रवृतिको रूपमा हेर्न सकिन्छ ।

रोजगार, आवाश, आयआर्जन, लगानि र नयाँ ठाउँमा जाने वा वस्ने चाहनाले मानिसहरूको बसाइसराईको ढाँचामा आउने परिवर्तन नै सामाजिक परिवर्तन हो ।

यसरी चाररघरेको मगरहरूमा आएको सामाजिक परिवर्तको अवस्थालाई हेर्दा छुवाछुतको अवस्था विधमान अवस्थाबाट केही सुधारोन्मुख अवस्थामा पाइयो । जस्तैः पानीको छुवाछुतमा अन्त्य भएको । उपचार पद्धतिमा पनि धामिझाँकी प्रथाप्रतिको आकर्षण घट्दै गएर लोप हुंदै गई स्वास्थ्य चौकी, अस्पतलहरूमा जाने संख्या बढ्दै गएको पाइयो, चाडपर्बहरूमा पनि घरको सदस्यहरू एकल परिवारमा परिणत भएको कारणले कुनै पनि कार्यहरू गर्दा जस्तै विवहा, वर्तवन, पुजा आदि जस्ता कार्यहरूमा भोजभतेर गर्नको लागि बाहिरको मानिसहरूको सहयोग लिने गुरेको पाइन्छ ।

माथि उल्लेखित अवस्थालाई हेर्दा यस चारघरेको मगरहरूमा आएको सामाजिक परिवर्तनलाई समग्र रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ ।

### १. स्वास्थ्य उपचारमा आएको परिवर्तन

मेरो अध्ययन र अवलोकनबाट थाहा भए अनुसार यस चारघरेको मगरहरूमा स्वास्थ्य उपचारको पद्धतिमा परिवर्तन आएको छ । यहाँका मानिसहरू पहिले कोहि परिवारको सदस्य बिरामी परेमा भुतप्रेत लाग्यो, बायु लाग्यो, बोक्सी लाग्यो भनेर धामीझाँकी लगाउने गर्दथे, गर्भावस्थाका महिलालाई पनि स्वास्थ्य चौकी नलगे घरमा नै असुरक्षित तरीकाले घरमा नै सुत्केरी गराउने गर्दथे तर अहिले यहाँका मानिसहरूले बिरामी हुंदा स्वास्थ्य चौकि, अस्पताल सम्म लग्ने गरेको पाइन्छ ।

### २. चाडपर्वहरूमा भोजभतेर गर्ने प्रवृतिमा आएको परिवर्तन

मिति २०७६।९।२ मा ललिता आले मगरसंग लिइएको अन्तवार्ता अनुसार पहिलाको समयमा यस चारघरेका मगरहरूको घरमा कुनै सामाजिक कार्य, विवाह, छेवर, न्वारन, गन्युचोलो, मृत्यु संस्कार जस्ता कार्य सम्पन्न गर्नको लागि आफ्आफ्नो घरमा नै भोज तयार गरेर घरको सदस्य र आफन्तहरूले पकाएर पाहुनाहरूलाई खुवाउने गर्दथे भने अहिले आएर आफुले नगरी मान्छे लगाएर खुवाउने गरेको पाइन्छ जस्ले गर्दा पनि यस समाजमा आएको परिवर्तन मध्ये भोजभतेरमा आएको परिवर्तनलाई पनि एक सामाजिक परिवर्तन हो ।

**३. पारिवारीक अवस्थामा आएको परिवर्तन**

चारघरेको मगरहरूको सम्बन्धमा परिवर्तन हुँदै आएको यहाँको अवलोकनबाट देख्न सकिन्छ । जस्तैः एकैठाउँमा बस्ने एकै जाति, भाषा, संस्कृतिका मानिसहरूको सम्बन्ध बढ्न थालेको पाइन्छ । एकै ठाउँमा बस्नेहरूको पनि नाता सम्बन्ध हराउँदै, नयाँ ठाउँमा नयाँ नाता एवम् सम्बन्ध गास्ने थालेको पाइन्छ । संयुक्त र परिवारबाट ठुलो परिवारबाट अलग्गिएर एकल परिवार र सानो परिवार हुने भएपछि काका काकी, ठुलोबुवा ठुलीआमा, भान्जा भान्जी, हजुरबुवा हजुरआमा, भाई भतिज आदिजस्ता नाता सम्बन्धमा परिवर्तन आएको देख्न सकिन्छ ।

**४. कृषि तथा ब्यापार व्यवसायमा आएको परिवर्तन**

मेरो अध्ययन र अवलोकन थाहा भए अनुसार पहिले यस चारघरेको मगर समुदायका सत्प्रतिशत मानिसहरूको जिविकोपार्जन गर्ने स्रोत नै कृषि थियो जसमा पनि हलो जुवा कोदालोको प्रयोग नै गरेर खेति गर्दथे तर अहिलेको समयमा यहाँका समुदायका मानिसहरूले गोरुले खेत जोत्नको सट्टा ट्याक्टर प्रयोग गरी खेति गरेको पाइन्छ किनभने अहिले सम्म आईपग्दा पहिले प्रयोग हुने हलो, जुवा, कोदालो जस्ता औजारहरूको प्रयोगले धेरै समय लाग्ने, धेरै श्रमिकको आवश्यक्ता पर्ने, र ट्याक्टरको प्रयोगले छिटो, सजिलो र कम खर्च लाग्ने भएको कारणले पनि परिवर्तन भएको देख्न सकिन्छ । यस चारघरेलाई अहिलेको अवस्थासम्म आईपुग्दा उधोग र सेवामा आधारित समाजको अवधारणाले प्रतिस्थापन गर्दै गएको देख्न सकिन्छ । पशुपालन, पुरानो शैलीको खेति प्रणालीबाट आधुनिक प्रविधिको प्रयोगबाट खेतिगर्नतर्फ उन्मुख भएको देख्न सकिन्छ । यसरी जीवन निर्वाहको एउटा मुख्य आधार बनाएर समाज विस्तारमा विस्तारै कृषिको व्यवसायिकरण गरी नगदे बालीको विकासका माध्यमबाट आयआर्जन तर्फ प्रोत्साहित भएको देखिन्छ ।

**५. शिक्षा क्षेत्रमा आएको परिवर्तन**

यस चारघरेमा शिक्षाको माध्यमबाट सामाजिक चेतनाको अभिवृद्धि भएको देखिन्छ । यस चारघरेका प्रत्येक मानिसहरू शिक्षाको कारणले गर्दा नै आफ्नो बारेमा र अरू पनि समाजमा घट्ने नकरात्मक घटनाहरूको बारेमा समाजमा खुलेर बोल्न सक्ने भएका छन् । समाजका प्रत्येक मानिस आफ्नो बारेमा सोच्न सक्ने, बुझ्न सक्ने, बहस गर्न सक्ने भएका छन् । बृद्धबृद्धा, बालबालिका, अपाङ्गता भएका ब्यतिहरू, शोषित र पिछडिएका मानिसहरूको अधिकार र सामाजिक सुरक्षाको विषयमा यस चारघरेका मगरहरू समाजमा खलेर बोल्न सक्ने बहस गर्न सक्ने भएका छन् ।

## ५.२ साँस्कृतिक परिवर्तन

सामाजिक पक्षहरूमा पहिलेको अवस्थामा आएको परिर्वन नै साँस्कृतिक परिवर्तन हो । चाडपपर्व, धार्मिक क्रियाकलाप, रितिरिवाज, भेषभुषा, प्रचलन मूल्यमान्यता र विश्वासहरूको संगम हो संस्कृति । साँस्कृतिक विकृतिको अन्त्य, साँस्कृतिक बहुलबाद जस्ता पक्षमा आउने परिवर्तन नै साँस्कृतिक परिवर्तन हो ।

यस चारघरेको मगरहरूको समाजको साँस्कृतिक परिवर्तनको कुरा गर्दा यस समाजको घरको बनावट, पारिवारिक संरचना, भेषभुषा, खानपान लगायत सम्पुर्ण संस्कारमा आएको परिवर्तलाई हेर्न र बुझ्न सकिन्छ । जुन निम्नानरसार प्रस्तुत गर्न सकिन्छ ।

**१. घरको बनावटमा आएको परिवर्तन**

यस चारघरेको मगरहरूको समाजमा पहिले खरको छाना, झिडटिको छाना, खप्टाको छाना भएको एकतले टाँटीको घर, काठका घर, माटोबाट बनेको घरहरू देख्न सकिन्थ्यो भने अहिले त्यस्ता घर निर्माण गर्नै पद्धतिमा परिवर्तन आई अहिले सिमेन्ट, ईंटाबाट एकतले देखि दुई तल्ले ढलान भएको पक्का घर र जस्ताको छाना लगाई घरहरू निर्माण भएको देख्न सकिन्छ । विभिन्न प्राकृतिक रङ्गहरू जस्तै कमेरो, रातोमाटोले घरहरू रङ्गाउने चलन पनि हटेर अहिले आधुनिक बजारका रङ्गबाट घर रङ्गाउने गरेको यहाँको अवलोकनबाट देख्न सकिन्छ । यो परिवर्तन हुनुको मुख्य कारण अहिले जंगलमा काठको कमि, परानो सामाग्री बनाउने दक्ष जनशत्तिको कमि र अहिले मानिसहरूमा आधुनिकता प्रतिको मोहलाई पनि लिन सकिन्छ ।

**२. नाँचगानमा आएको परिवर्तन**

यस चारघरेमा भएको महत्त्वपुर्ण साँस्कृतिक पक्षमा रहेको नाँचगानमा लोपभई अहिलेको आधुनिक नाँचगानमा रमाउने परिपाटी बसेको पाइन्छ । मिति २०७६।९।३ मा हर्क बहादुर मगरसंग लिईएको अन्तवार्ता अनुसार सोरठी, मारुनी, कौरा, हुर्रा नाँच र लौ लौ भाकाका नाँच र लोकगीत क्रमशः परिवर्तन भई अहिलेको विभिन्न किसिमका दोहोरी, आधुनिक गीतसंगीत तथा पश्चिमेली गीतसङ्गीत, नृत्य जस्ता संस्कृतिमा आकर्षित भएको कारणले पुरानो मौलिक नाँचगान हराउँदै गएर आधुनिक नाँचगानमा परिवर्तन भएको बुझ्न सकिन्छ । जुन नाँचगानमा आएको मुख्य परिवर्तनको रूपमा यस्तो मौलिक गीतसङ्गीतलाई जगेर्ना गर्न नसक्नु र यस्ता नाँचगान, गीतसङ्गीतलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नु नसक्नुको कारणले पनि परिवर्तन भएको देख्न सकिन्छ ।

**३. भेषभुषामा आएको परिवर्तन**

मेरो अवलोकन र अध्ययनबाट थाहाभए अनुसार यस चारघरेको मगरहरूको समाजमा आफ्नो मौलिक परम्परागत भेषभेषालाई त्यागेर अहिलेको आधुनिक भेषभुषामा आकर्षित भएको देख्न सकिन्छ । पहिलेका बुढापाकाहरूले लंगी, चोलो, पटुका, गहनामा फुली, ढुङग्री, बुलाकी, कम्पनि माला, जन्तर, बाला आदि प्रयोग गर्ने गरेकोमा अहिले परिस्कृत भई कुर्ता सुरुवाल, फरिया, चोलो, गहनामा पोते, मंगलसुत्र, चुरा आदि प्रयोग गर्दछन् त्यस्तैगरी पुरुषहरूले भोटो, कछाड, स्टाकोट, फेटा, टोपि, गादो, पटुकालाई विस्थापित गर्दै पाईन्ट, सर्ट, कमिज सुरुवाल, धाति लगाउन थालेको देख्न सकिन्छ । यो भेषभुषमा परिवर्तन हुनुको विशेष कारण तराई क्षेत्र धेरै गर्मी र युवायुवतिमा आएको नयांपनलाई लिन सकिन्छ जस्ले गर्दा यहाँका मगरहरूले आफुलाई सजिलो, राम्रो र सितल हुने पोशाक लगाउँदछन् । (चित्र नं. २२ हेर्नुहोला )

### ४. खानपानमा आएको परिवर्तन

मिति २०७६।९।२ मा श्रीमति शुशिला आलेसँग लिइएको अन्तर्वार्ता अनुसार यस चारघरेका मगरहरूले पहिले घरमा ढिकि जातोमा पिसेको कोदोको पिठोको ढिडो, कोदोको रोटि, मकैको परिकारहरू, घरेलु कोदोको जाँड रक्सि, फापरको रोटी, गहुँको रोटी आदि जस्ता परिकारहरू खाने प्रचलनबाट परिवर्तन भई अहिले बजारमा पाईने चामलको भात, रोटी, बिदेशी रक्सि खाने बानीमा बिकाश भएको छ । जसले गर्दा खानपानमा परिवर्तन आएको बुझ्न सकिन्छ ।

### ५. संस्कारमा आएको परिवर्तन

चारघरे समाजको जन्म, मृत्यु, विवहा आदि जस्ता संस्कारमा आएको परिवर्तनलाई बुझ्न सकिन्छ । मेरो अनुसन्धान र खोजबाट प्राप्त जानकारी अनुसार यस चारघरेको जन्म संस्कारको परम्परागत रूपमा जस्तो पहिले ११ दिनमा न्वारन गर्दथे भने अहिले ७ दिन ११ दिन गर्ने गरेको पाइन्छ । मृत्यु संस्कार पहिले १३ दिनमा गर्दथे भने अहिले ७ दिन, १० दिनमा पनि गर्ने गरेको पाइन्छ । त्यस्तैगरी बिवाह संस्कारमा पनि परम्परागत रूपले पहिले केटी माग्न जाँदा घरका मुली र ठुलाबडाहरूले सुँगरको फिला, सेलरोटी, पोंगमा घरमा पारेको लोकल रक्सी लगेर केटी माग्ने चलन रहेकोमा अहिले भने फलफुल, रेडिमेट रक्सी लिएर जाने प्रचलन परेको देख्न सकिन्छ ।

यसरी चारघरेको समाजमा सामाजिक र साँस्कृतिक अवस्थामा समय अन्तराल सँगसँगै यि पक्षहरूमा विशेष परिवर्तन आएको देख्न सकिन्छ । जस्लेगर्दा यहाँको लोकसंस्कृति, लोकजीवनमा परिवर्तन भएको देखिन्छ ।

# अध्याय-छ
# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

नेपालका विभिन्न जाती जनजातिहरू मध्ये मुख्य तया पहाडि क्षेत्रमा परापुर्वकाल देखि वसोवास गर्दे आएका मगरहरू मंगोलीयन मुलका जनजाती हुन । अधिकांश मगरहरूको बसोबास लुम्बिनी, राप्ती, धौलागिरी, गण्डकी लगायतका अञ्चलका विभिन्न जिल्लाहरूमा रहेको पाइन्छ । भोट, वर्मेली परिवार अन्तरगतको भाषा बोल्ने मगर, अठार मगराती भाषा र बाह्र मगराती भाषामा विभाजन गरिएका छन् ।

नेपाल दुई भिन्न भिन्न भौगोलिक परिबेश र सांस्कृतिक परम्परा भएका विशाल छिमेकी मुलुकहरू भारत र चीनसँगको निकटताले गर्दा प्राग एतिहासिक कालदेखि नै समय समयमा यहाँ विभिन दिशाबाट अनेक जाति उपजातिहरू भित्रिन पुगे । जसको परिणम स्वरूप जातीय विविधताले प्रश्रय पाएको भेटिन्छ । पहाडी भेगमा ब्राम्हण, क्षेत्री, मगर, गुरुङ, नेवार, तामाङ, सुनुवार, जिरेल, चेपाङ,र तराई भेगमा ब्राम्हण, राजपुत, चौधरी, थारू, काचेय, सतार, लिम्बु, दनुवार, माम्झी, दरै, धांगड, मुसलवान, यादब आदि जातिहरू बसोबास पाइन्छ । मगरहरूको सामाजिक सास्कृतिक र आर्थिक अवस्थाको बारेमा अध्ययन गरिएको छ । यस अध्ययनमा मगरहरूको बारेमा अध्ययन र अनुसन्धानबाट प्राप्त विषय वस्तुलाई समेटिएको छ । नेपालको सर्बत्र भागमा फैलिएको मगर जातिहरूको बारेमा विभिन्न विद्वान्हरूले मगरको विषयको पुस्तक, लेख, रचना, शोध आदि तयार गरेपनि सिरहाको चारघरेमा रहेको मगर समुदायको बारेमा कसैबाट पनि उनीहरूको सामाजिक तथा साँस्कृतिक पक्षको बारेमा अध्ययन अनुसन्धान नभएकोले यस ठाउँको मगर जातिको बारेमा अध्ययन गरिएको हो ।

यस अध्ययन क्षेत्रको मुख्य उद्देश्यका रूपमा मगरहरूको वर्तमान सामाजिक तथा संस्कृतिक अवस्थालाइ प्रकाश पार्नु रहेको छ । अध्ययनको उद्देश्यले हेर्दा मगरहरूको सामाजिक तथा सांस्कृतिक अवस्था अर्न्तगत मगरहरूको पारिवारिक संरचना, स्वास्थ्य तथा शैक्षिक अवस्थाबारे वर्णन गर्नु, मगरहरूका रहनसहन भेषभुषा र चाडपर्वका सम्वन्धमा प्रकाश पार्नु पार्नु रहेको छ । त्यसै गरी यस क्षेत्र पर्यटकिय दृष्टिकोणले पनि महत्त्वपूर्ण रहेकोले यस क्षत्रको अध्ययन जरूरी छ । अध्ययनको महत्त्वको सम्बन्धमा यस अध्ययन क्षेत्रका मगरहरूका बारेमा यस क्षेत्रको सामाजिक सांस्कृतिक, अवस्थाको कहीँ कतैवाट अध्ययन नगरिएकोले यस अध्ययन क्षेत्र छनोट गरिएको हो । नेपालको भौगोलीक वनावट अनुसार विभिन्न जातिहरूको आ-आफ्नै भाषा, संस्कृति र धर्म रहेका छन् । यी विविधता यूक्त जाति समुदायहरूको एकता नै नेपालको राष्ट्रिय एकता कायम भएको छ । नेपालको इतिहासमा आफ्नो छुट्टै पहिचान राख्न सफल मगरहरूको व्यावाहारीक सैदान्तिक महत्त्व छ । अझै पनि मगरहरू ले आफ्नो सस्कृतिलाइ निरन्तरता दिई आएका छन । जुन राष्ट्रकै एउटा गहना हो । साथै यस ठाउँमा लोप हुन लागेका पर्यटकिय स्थलहरू गोला, आकाश गंगा, गढि डाँडा, मानिक दह आदि जस्ता स्थानहरूको जर्गेना र संरक्षणको आवश्यक्ता रहेको छ ।

मगरहरूको परिवारको किसिमलाई हेर्दा एकल परिवार ७५% रहेको पाइयो । मगर परिवारमा घरमुलिको भूमिका निर्णायक हुने गर्दछ । यिनीहरू हिन्दु, वौद्ध धर्मलाइ अङ्गालेको पाइन्छ । पुरुषहरू भन्दा महिलाहरूले बढि काम गरेता पनि सामाजिक रूपमा आफ्नो इज्जत र हक सुरक्षीत हुन सकेको छैन । तर अन्य जातिको तुलनामा मगर महिलाहरूलाइ भने बढि स्वतन्त्रता छ । वढ्दो आधुनिकीकरण को प्रभाव परेपनि यहाँका मगरहरूको आफ्नो मौलिक भेष भुषा कला संस्कृतिलाइ जोगाइराख्नु पर्छ भन्ने मान्यता राख्दछन् । शैक्षिक स्थितिलाई हेर्दा यस समुदायमा त्यति उल्लेखनिय प्रगति भएको देखिदैन । तल्लो कक्षामा स्कुल जानेको संख्या धेरै भए पनि माथील्लो तह सम्म नपुग्दै पढाइ छोड्ने प्रवृत्ति रहेको छ । यसको कारण सानै उमेरमा विवाह गर्ने, गरिबी, बेरोजगार मुख्य कारणहरू रहेका छन् । यहाँका मगरहरू धामि झाँक्री र झारफुकमा भन्दा स्वास्थ्य संस्थाहरूमा बढि विश्वास गर्दछन ।

अध्ययन क्षेत्रमा मगरहरूको सांस्कृतिक अवस्थाको अध्ययन गर्ने क्रममा मगरहरूको भेषभुषा र खानपान, घरको वनावट, चाडपर्व र संस्कारहरूको बारेमा वर्णन गरिएको छ । जातीय दृष्टिकोणले मगर जातिलाइ विभिन्न थरमा विभाजन गरिएको छ । मगरहरू हिन्दु धर्मका चाडपर्व मनाउछन भने आफ्ना मौलिक चाडपर्वहरूलाइ पनि वढि महत्त्व दिन्छन । यिनीहरूको घरको वनावट आफ्नै मौलिक परम्परामा आधारीत छ । भेषभुषामा केही मौलिकता छ भने नयां पिढिमा पाश्चात्य संस्कृतिको प्रभाव परेको छ । खानपानमा रोटी, दाल भात, माछा, मासु साग खाने गर्दछन । मगरहरूका आफ्ना मौलिक जीवन प्रकृया रहेका छन । जन्म संस्कारमा आमा गर्भवती भएपछि वच्चाको नामाकरण सम्म विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरिएको छ । कर्म संस्कार अन्तरर्गत विवाह र मृत्यु जस्ता संस्कारहरूको उल्लेख गरिएको छ । जुन आफै मौलिक परम्परा अनुसार मानिआएको पाइन्छ ।

## ६.२. निष्कर्ष

सिरहा जिल्लामा मगरहरूको आगमनको विषयमा गरिएको अन्तवार्ता, छलफलमा विभिन्न बुद्धिजिवि, स्थानीय बासिन्दा, बुढापाकाहरूको भनाई अनुसार चारघरेमा मगरहरूको आगमन र बसोबास आजभन्दा करिब १०० बर्ष अगाडी देखि रहेको पाइन्छ । यस चरघरेको इतिहास, आगमन, अहिलेको युवापस्ताले थाहा नपाएको अवस्थामा मेरो यस शोध ग्रन्थले उनिहरूलाई आफ्नो ठाउँको बारेमा बुझ्नको लागीमद्धत पुरयाउँदछ । यस सिरहा जिल्ला अन्तर्गतको गोला भन्ने स्थानमा वि.सं. १९७०/१९७५ देखि नै यस स्थानमा ठुलो बजार लाग्ने गर्दथ्यो जसको कारणले गर्दा यहाँ विभिन्न स्थानहरूबाट मानिसहरू ब्यापार गर्न र बजार भर्ने उदेश्यले यहाँ बस्न थालेको पाइन्छ । यस गोलाको बजार भर्नको लागि मानिसहरू सोलु, नाम्चे, ओखलढुंगा, रामेछाप, भोजपुर, खोटाङ, सिन्धुलि, उदयपुर, मकवानपुर जस्ता वरपरका जिल्ला स्थानहरूबाट बजार गर्ने कममा यहाँ बसाईसराई गरी बसेको पाइन्छ । यसयहाँ ओखलढुंगा, नाम्चे, सोलु, उदयपुर, सिन्धुलीदेखिको मानिसहरू २,३ दिन लाएर हिंडेरै आफ्नो उब्जनि भएका अन्न, आलु जडिबुटि, घ्यू, तरकारी, तरकारी, राडी, आदि यहाँ लिएर आउने र त्यो सामान बेचेर यहाँबाट नुन, तेल, दाल, चामल, कपडा,आदि यहाँबाट लैजाने गर्दथे । त्यस्तै गरी चारघरेमा पनि वि.सं. १९७०/१९७५ मा नै यहि गोलाको बजार भर्ने कममा उदयपुरको एक लुङ्गेली

मगरले यहाँको खाली जमीनमा खनजोत गरी चारवटी छोरीहरूको विवाहा गरिदिएर वरीपरी घरज्वाँइ राखी वस्ती बसालेको कारणले यस ठाउँलाई चारघरे भनि नामाकरण गरेको पाइन्छ । यस चरघरेको इतिहास, आगमनको बारेमा अहिलेको युवापस्ताले थाहा नपाएको अवस्थामा मेरो यस शोध ग्रन्थले उनीहरूलाई आफ्नो ठाउँको बारेमा बुझ्नको लागि सहयोग पुर्याउँदछ ।

चारघरेका मगरहरूको सामाजिक जिबनको अध्ययनको क्रममा यस चारघरेका मगरहरूको पारिवारिक अवस्थामा संयुक्त परिवार भन्दा एकल परिवार वढि रहेको देखिन्छ । महिलाहरू एकल परिवारको श्रृजना गर्न मनपराउँछन् । यस अध्ययन क्षेत्रका मगरहरूमा साक्षरता दर राम्रै रहेको छ । जसको कारण उनीहरूको चेतनाको स्तर बढेको देख्न सकिन्छ ।परिवार पितृसत्तात्मक रहेको यस जातीमा अरू जातिको तुलनामा महिलाहरूलाई बढि स्वतन्त्रता दिइएको छ । समुदायमा हुने विभिन्न किसिमका सहभागितामा महिला, पुरुष दुवैको सहभागिता रहेको पाइन्छ । यस चारघरेमा नारीको स्थानलाई हेर्दा राम्रो सन्तोषजनक देख्न सकिन्छ । त्यसैगरी यहाँका मगरहरूले धामी झाँक्रीमा भन्दा स्वास्थ्य चौकीमा गएर आफ्नो उपचार गर्ने गरेको देखिन्छ ।चारघरेका मानिसहरू पिउने पानी र गाईवस्तुको लागि, सरफाईको लागि पानीका स्रोतको रूपमा ईनार, यहाँ वरपरको खोलाहरू गागन खोला, गद्रे खोला, पैरे खोलाको पानी प्रयोग गर्ने गर्दछन् ।

यस चारघरेका मगरहरूको घर ढुँगा माटोले बनेको भित्र बाहिर गोबर, रातो र कमेरो माटोले लिपेको र खरले छाएको छ । भुइँतलामा अगेना, चुलो र घरको एक कुनामा देवताको स्थान बनाई पुजा गर्ने गरिन्छ । यहाँका घरहरूको छाना जस्तापाता, झिँगटी, टाली, खप्टा, खरको प्रयोग गरी बनाइएको छ । यहाँको प्रायजसो घरमा जस्तापाता र खरले छाएको छ । यहाँको घरहरू धेरैजसो माटो र टाँटीले बनेको कच्ची घर जस्मा रातो माटो र कमेरोले लिपेको हुन्छ भने केही घरहरू काठबाट निर्मित छन् भने केही सिमेन्टको पक्की घरहरू पनि छन् ।

सोझा, इमान्दार, मेहनेती र कर्तव्यनिष्ट जातको रूपमा चिनिने मगर जातिको शारीरिक बनावट अन्य जातिको भन्दा फरक हुन्छ । छोटा कद भएका, थेप्चा नाक भएका र राता गाला र शरिरमा रौं कम हुने यस जातिका महिला पुरुषको विशेषता हो । चारघरेका मगर जातिले मगरभाषा बोल्नुका साथसाथै मैथली, नेपाली भाषा पनि बोल्ने गर्दछन् । खासगरि मगरहरूको आफ्नौ जातीय भेषभुषा छ जसमा पुरुषहरूको सेतो कछाड, भोटो, टोपि, आस्कोट, सेतो साफा (फेटा), गादो, भाँग्रो आदि पर्दछ भने महिलाहरूको लुङ्गी, मखमलको चोलो, गुन्युचोलो, पहेंलो पटुका, टेकी, मजेत्रो, घलेक, भाँग्रा, पछ्यौरी आदि मगरहरूको पारम्परिक मौलिक भेषभुषा हो । गहनाहरूमा भने पुरुषहरूले कानमा रिङलगाउँदछन् भने महिलाहरूले ढुडंग्री, माडवारी, फुलि, बुलाकी, चेप्टे सुन, कण्ठ माला, कम्पनी माला (पैसाको माला), औंठी, पहेंलो पोते, लगाउन गर्दछ भने श्रृंगारको रूपमा टिका, चुरा, गाजल, लाली लगाउने गर्दछ त्यसै गरि खुर्पेटो भिर्ने गर्दछन् । यो मगरहरूको मौलिक पहिचान हो । यहाँका मगरहरूतराईमा बसोबास गर्ने भएकोले पुरुषहरूले गन्जी, धोती, सर्ट, कमिज सुरूवाल टाउकोमा गम्छा लगाउँछन् भने महिलाहरूले सारी चोला, कुर्ता सुरुवाल, लेहेंगा लगाउने गर्दछन ।

मगरहरूको विशेष खानपान अन्तर्गत कोदो रोटी, ढिंडो, फापरको रोटी, ढिँडो, मकै, दालभात, सिन्की, गुन्द्रुक, सेलरोटी, जाँड, रक्सी, सुंगुरको मासु, कुखुराको मासु, विशेष गरी मगरहरूको खाना हो तर यस चारघरेमा भने रोटी, दालभात, सुँगुरको मासु, राँगाको मासु, कुखुरा, माछा, घोंगी, अनारस, ठेकुवा, आलसको विरौला जस्ता, जाँड, रक्सी जस्ता खानपानको प्रयोग भएको पाइन्छ । मगरहरूको स्वादिष्ट भोजनमा ढिडो, कोदोको रोटी, सिन्की, माछा, साग दालभात राँगाको मासु र जाँड/रक्सी हो । चारघरे मगरहरूको खानपानको स्थितिलाइ हेर्दा साधारण तथा कृषिबाट उत्पादित खाद्य पदार्थ नै उपयोग गरेको पाइन्छ ।

चारघरेका मगर जातिको पनि आफ्ने गौरवमय संस्कृति परम्परा भाषा र इतिहास छ । यहांका मगरहरूले हिन्दु धर्म अनुसार मनाउने सबै चाडपर्व मनाउँछन् । यसका साथै यिनिहरूमा आफ्नो मौलिक चाडपर्व समेत रहेका छन्, जस अन्तर्गत कुलपुजा, अषाडी पुजा, पितृ पुजा, दशैं, तिहार, माघे संक्रान्ति, गोठ पुजा आदि पर्दछन् भने यहाँका मगरहरूले यहांको चाडवाड तीज, छठ, फागुपूर्णिमा पनि धुमधामका साथ मनाउने गरेको पाइन्छ । त्यस्तै गरी आफ्ना विभिन्न संस्कारहरू जन्म संस्कार, मृत्यु संस्कार, छेवर, गुन्युचोलो आदि संस्कार पनि मानेको पाइन्छ ।

युवा पुस्ताहरूले भने अहिले आएर मौलिक पहिचानको लागि विभिन्न चाडवाड, उत्सव, मेला, विहे व्रतवन जस्ता शुभ कार्यहरूमा आफ्नै मगर पहिरन लगाउन थालेको पाइन्छ जस्ले गर्दा पनि चारघरेको मगरहरूमा आफ्नो मौलिक परम्परा संस्कार, संस्कृति, भेषभुषा, भाषा जोगाउन तर्फ उन्मुख भएको देख्न सकिन्छ ।

आफ्नो मौलिक चाडपर्व वाहेक तराइका मानिसहरूले मान्ने चाडपर्वहरू छठ, फागुपूर्णिमा जस्ता चाडपर्व पनि त्यति नै श्रद्धाका साथ मनाउने गर्दछन । मगरहरूको जनसंख्या वरावर अन्य जातिका जनसंख्या भए पनि एक आपसमा भाइचाराका साथ समुदायमा मिलेर बसेका छन् । मगरहरू आधुनिकीकरण तर्फ हिड्ने प्रयास गरे पनि आफ्नो संस्कृतिलाई भने बचाइ राख्न व्यवहारिक रूपमा दृढ देखिन्छन । समग्रमा भन्नु पर्दा यहाँका मगरहरू परम्परागत जीवनशैलीमा बाचेका छन ।

यसरी चारघरेको सामाजिक र सांस्कृतिक परिवर्तनको अध्ययनको क्रममा जातीय छुवाछुतको अवस्थामा सुधार हुँदै आएको पाइयो, धामी झाँक्री प्रथाप्रतिको आकर्षण पनि घट्दै गएको पाइन्छ र यहाँको मानिसहरूमा स्वास्थ्य चौकी र अस्पतालमा गएर स्वास्थ्य जाँच गराउनेको संख्यामा बृद्धि भएको पाइयो । पारीवारीक अवस्थामा पनि संयुक्त परिवारबाट एकल परिवारमा बृद्धि भएको, कृषि तथा व्यापारमा पनि परिवर्तन भएको देख्न सकिन्छ । पहिला पहिला मानिसहरू खेतिपाति गर्नको लागि खेत गोरुले जोत्ने, हलो, जुवा, कोदालो प्रयोग गर्दथे भने अहिले आएर मानिसहरूले खेतमा ट्याक्टरको प्रयोग गरेर खेत जोत्न थालेको देखिन्छ ।

चारघरेका मगरहरू समुदायमा आएको परिवर्तनमा घरको बनावटमा पहिला यहाँका घरहरू ढुँगामाटो, काठ, टांटीले बनेको, सानो सानो झ्याल ढोका, खर, टाली, खप्टाले छाएको हुन्थ्यो भने अहिले

बन्ने प्राय घरहरू इँटा र सिमेन्टले निर्माण भएको, छत पनि जस्तापाता र ढलान भएको देख्न सकिन्छ । त्यस्तैगरी लोक संस्कृति नाँचगान सोरठी, मारुनी, लौ लौ भाका जस्ता लोक भाका नाँचहरू लोप भएर अहिलेको आधुनिकगीतसंगीतले, पश्चिमेली संगीत र नृत्यमा अहिलेको पुस्ताको झुकाब र लगाब देख्न सकिन्छ । भेषभुषामा पनि आफ्नो मौलीक भेषभेषा त्यागेर अहिलेको आधुनिक भेषभेषामा आकर्षित भएको देख्न सकिन्छ । खानपानमा पनि चारघरेको मगरहरूले कोदोको ढिडो, कोदोको रोटी, घरेलु परिकारहरूको सट्टामा बजारमा पाइने परिकारहरू प्रयोग गेरेको देख्न सकिन्छ । यसरी नै संस्कारहरू न्वारन, मृत्यु संस्कार जस्ता कार्यहरू पनि १३ दिनलाई छोट्याएर ७ दिन १० दिनमा गर्ने गरेको देखिन्छ ।

समग्रमा यी विभिन्न सामाजिक र सांस्कृतिक अवस्था समय अन्त्रालसँगै चारघरेका मगर समुदायमा परिवर्तन भएको देख्न सकिन्छ ।

**परिशिष्ट- क**

**अन्तवार्ता लिइएका व्यक्तिहरूको नामावली**

| क.सं. | नाम थर | उमेर | परिचय | अर्न्तवार्ता मिति वि.सं. |
|---|---|---|---|---|
| १. | श्री आकाश थापा | ४८ | समाज सेवी चारघरे | २०७६।०९।०१ |
| २. | श्री उत्सब ठकुरी | ३५ | श्री आधारभूत विधालय, चारघरे | २०७६।०९।०२ |
| ३. | श्री दौलत बहादुर मगर | ७२ | स्थानीय बासिन्दा चारघरे | २०७६।०९।०३ |
| ४. | श्रीमती नन कुमारी आले | ४७ | स्थानीय बासिन्दा धमिनि | २०७६।०८।२ |
| ५. | श्री भगिरथ सुस्लिङ | ४६ | स्थानीय बासिन्दा चारघरे गायक | २०७६।०८।०१ |
| ६. | श्री मदनलाल बल लामा | ५१ | बुद्धिजिवी<br>गोला -१ | २०७६।०८।३१ |
| ७. | श्री महेन्द्र शाही ठकुरी | ६७ | बुद्धिजिवि मुक्सार -१ | २०७६।०९।३० |
| ८ | श्री रत्न बहादुर आले | ८० | भक्त कमल शिद्धेश्वर महादेव, पुजारी | २०७६।०९।३० |
| ९ | श्री रोहित मल्ल ठकुरी | ५८ | पूर्व प्रधानपञ्च मुक्सार-१ | २०७६।०९।३० |
| १० | श्री सानो हजुर ठकुरी | ४८ | स्थायी बासिन्दा चारघरे | २०७६।०९।०१ |
| ११ | श्रीमती ललिता आले | ४५ | स्थानीय बासिन्दा मुक्सार-१ | २०७६।०९।०३ |
| १२. | श्रीमती शुशिला आले | ४९ | स्थानीय बासिन्दा चारघरे | २०७६।०९।०२ |
| १३. | श्री हर्क बहादुर मगर | ७८ | स्थानीय बासिन्दा लो लौ भाका, गायक | २०७६।०९।०३ |

**परिशिष्ट- ख**

## अन्तवार्ताको क्रममा सोधिएका प्रश्नहरू

१) व्यक्तिगत विवरण

क) नाम : ख) उमेर : ग) पेशा :

घ) शिक्षा : ङ) भाषा : च) धर्म :

छ) लिङ्ग :

२) मगर समुदायलाई लक्षित गरि कार्यक्रमहरु संचालन गरिएकाछन्?

३) तपाईहरूलो वर्षभरी मनाउने चाडपर्वहरू के के हुन ?

४) शैक्षिक स्तर माथि उठाउने बारे कस्तो योजना रहेको छ ?

५) स्वस्थ जीवनयापनका लागि अपनाउनु भएका कुराहरू के के हो?

६) तपाईको समुदायमा जन्म, विवाह र मृत्यु संस्कार कस्तो रहेको छ ?

७) तपाईंले कस्तो किसीमको विवाह गर्नु भएको थियो ?

८) तपाईंको परिवार कस्तो परिवार हो ?

९) समुदायमा हुने सभा तथा बैठकमा तपाईंको घरवाट कसले सहभागिता जनाउदछ ?

१०) स्वास्थ्य उपचार कहाँवाट लिने गर्नुहुन्छ ?

११) तपाईंले प्रयोग गर्ने पानीको स्रोत के हो ?

१२) तपाईं आफ्नो वच्चालाई कहाँ पढन पठाउनु हुन्छ ?

१३) तपाईंको परिवारको साक्षरता स्तर कस्तो छ ?

१४) तपाईं कुन भाषा बोल्नु हुन्छ ?

१५) तपाईंको घरको वनावट कस्तो छ ?

१६) तपाईंले मनाउने मुख्य चाड कुन हो ?

१७) तपाईंले कुन संस्कारलाई वढि महत्त्व दिनु हुन्छ ?

१८) तपाईंकहाँ आउने पाहुनालाई के ले स्वागत गर्नु हुन्छ ?

१९) तपाईं मनाउने चाड पर्वमा कुन वस्तुको वढि प्रयोग गर्नु हुन्छ ?

२०) मृत्यु संस्कारमा कति दिन बार्नु हुन्छ ?

२१) तपाईंले उत्पादन गर्ने मुख्य खाद्य वालि कुन हो ?

## परिशिष्ट- ग

## सिरहा जिल्लाको नक्सा




(चित्र नं. १)

## सन्दर्भग्रन्थ सूची


**नेपाली :**

१. आचार्य, महेश कुमार (वि.सं.२०५२) *रोल्पा जिल्लाको खाम मगरहरूको सामाजिक संरचना,* त्रि.वि. नेपाली इतिहास संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग प्रस्तुत अप्रकाशित एम.ए. शोधग्रन्थ ।

२. केन्द्रीय तथ्याङ्क विभाग (वि.सं. २०६८),*राष्ट्रिय जनगणना,* काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग ।

३. थापा, खिलध्वज (वि.सं. २०३६), मगराती एक एतिहासिक रूपरेखा, सेरोफेरो : वर्ष १ अङ्क ३ पृ. १५ देखि १८ सम्म ।

४. पुलामी मगर, पूर्णमाया (वि.स. २०७५), मगर संस्कृतिहरू, *आधा सर्‌ध,* : वर्ष ७ अङ्क ७ पृ. १२ देखि १९ सम्म ।

५. बराल मगर, केशरजंग (वि.सं. २०६८), *पाल्पा तनहुँ र स्याङजाको मगरहरूको संस्कृति,* काठमाण्डौ : अस्मिता बुक्स एण्ड डिष्ट्रिब्युसन ।

६. बुढा, भोजबिक्रम (वि.सं. २०७२), *मगर जातिको राजनितिक इतिहास* , काठमाण्डौ : मगर प्राज्ञिक समुह ।

७. बुढामगर, हर्ष बहादुर (वि.सं. २०५३), *हाम्रो समाज एक अध्ययन,* काठमाण्डौँ : हाम्रो साझा प्रकाशन ।

८. राना मगर, सरिता (वि.सं.२०७५), शिक्षा र सामाजिक परिवर्तनहरू,*आधा सर्‌ध,* : वर्ष ७ अङ्क ७ पृ.४३ देखि ४४ सम्म ।

९. राना मगर, सावित्रि (वि.सं. २०६६), मगर संस्कृति, *हाम्रो संस्कृति,*: वर्ष १ अङ्क १ पृ. १ देखी २ सम्म।

१०.लोहनी, पुष्कर (वि.सं. २०४१), मगर,*कोङपी*: वर्ष ५ अङ्क १ पृ. २८ देखी २९ सम्म ।

११. विष्ट, डोर बहादुर (वि.सं. २०५५), काठमाडौं : साझा प्रकाशन ।

१२. सिरहा, (२०१४), *सिरहा जिल्ला,* पुन प्राप्ती बाट www.deosiraha.gov.np

१३. सिरहा जिल्ला, (मि.न), *सिरहा जिल्ला परिचय,* Retrive onhttps://ne.m.wekipedia.org

१४. शर्मा, जनकलाल (वि.सं. २०४९), *हाम्रो समाज एक अध्ययन,* काठमाण्डौ : साझा प्रकाशन ।

१५. शर्मा, नरेन्द्र (वि.सं. २०५२), *नेपाली जनजीवन,* काठमाण्डौ : साझा प्रकाशन ।

१६. श्रीष मगर, मिन (वि.सं. २०६७), *मगर जातिको चिनारी,* ललितपुर:आदिबासी जनजाती उत्थान ।


१७. श्रीष मगर, रूद्र बहादुर (वि.सं. २०७२), मगर जातिको भाषिक तथा सांस्कृतिक पहिचान , *कानुङईम*: वर्ष १८ अङ्क १० पृ.२८ देखी २९ सम्म ।

**English:**

1. Bista, Dor Bahadur (19746 A.D.), *People of Nepal,*Kathmandu : Ratna pustak Bhandar

2. Gautam, R.Thapa (1994 A.D.), *Trabal Ethnpgraphy of Nepal. volume 2.* Delhi : Book Faith India

## सान्दर्भिक तस्वीरहरू



चित्र नं. २ आकाश गंगा



चित्र नं. ३ गढि डाँडा




**चित्र नं. ४. गोला**



**चित्र नं. ५ पुरानो इनार**



चित्र नं. ६ अध्ययन क्षेत्रमा रहेको गोलबजार



चित्र नं. ७ अध्ययन क्षेत्रमा रहेको श्री आधारभुत विद्यालय



चित्र नं. ८ चारघरेका मगरहरुले प्रयोग गर्ने हातहतियारहरु



चित्र नं. ९ चरघरेमा अवस्थित स्थानीय खद्रा पसल



चित्र नं. १० चारघरेमा अवस्थित घरको बनावट



चित्र नं. ११ मगरको भेषभूषा



चित्र नं. १२ मगरहरूको खाना



चित्र नं. १३ देउसी भैलो खेल्दै



चित्र नं. १४ चारघरेका मगरहरुले छठको सामग्री तयार पार्दै



चित्र नं. १५ माघे संक्रान्तिको अवसरमा ढिकीमा चामल कुट्दै



चित्र नं. १६ गुन्याचोलो संस्कारको बखत परपम्परागत भेषभुषामा सजिएकी बालिका



चित्र नं. १७ मगरहरूको मारुनी नाच



चित्र नं. १८ मादल



चित्र नं. १९ डम्फू



चित्र नं. २० खैजडी



चित्र नं. २१ बाँसुरी



चित्र नं.२२ मगर जातिको पोशाकमा आएको परिवर्तनमा